
# गुणस्तरीय शिक्षा भजनीको सदिक्षा
# दश बर्षे नगर शिक्षा योजना
# आ.व.२०८१/२०८२-२०९०/२०९१




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
## भजनी कैलाली
## सुदुरपश्चिम प्रदेश नेपाल

प्रकाशकः   भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी कैलाली

सर्वाधिकार:  प्रकाशकमा

प्रकाशन मिति : २०८२

सम्पर्कका लागि : भजनी नगरकार्यपालिका कार्यालय भजनी कैलाली

सुदुरपश्चिम प्रदेश

फोन न. ०९१-५८०२०१

ईमेल info@bhajanimun.gov.np

website :

प्राबिधिक सहयोग

सामुदायीक बिकास केन्द्र डोटी (CDC) तथा EU,Unicef Nepal ,Suomi  Finland



# मेरो भनाइ

नेपालको संविधानले दिएको अधिकार र कार्यक्षेत्रको मातहत रही यस माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापन तथा विकासका लागि विगतका संघिय सरकारबाट भएका प्रयास र कार्यलाई निरन्तरता दिदै स्थानीय आवश्यकता र मौलिकतामा आधारित भई थप सुधार व्यवस्थापन गर्ने यस नगरपालिकाको शिक्षा शाखाको पहल र नगर कार्यपालिकाको सहयोगमा यो १० वर्षे शिक्षा क्षेत्रको "गुणस्तरीय शिक्षा भजनीको सदिक्षा नारा" सहित योजना निर्माण गरी कार्यान्वयनमा लैजान लागेको सुखद अवसरमा म साह्रै हर्सित भएको छु । संविधानको अनुसुची–८ ले माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार र दायित्व स्थानीय तह लाई दिएको वर्तमान सन्दर्भमा यो योजना निर्माण गर्दै गर्दा आगामी १० वर्षमा माध्यमिक तह सम्मको शिक्षा कसरी व्यवस्थापन हुने र विकास गरिनेछ भन्ने विषय नै यस योजनाको केन्द्रिय तत्व हो र जुन उद्देश्यका साथ हामी यो योजना निर्माणमा लागेका छौं सो उद्देश्य पूर्तिका लागि सवै सरोकारवालाको आउँदा दिनमा थप सहयोग र योगदान रहनु पर्ने हुन सक्छ ।

प्रस्तुत योजना निर्माणको क्रममा सकारात्मक सुझाव दिनु हुने यस भजनी नगर कार्यपालिका सदस्य ज्यु हरु लगायत प्रमुख प्रशासकिय अधिकृत तथा शिक्षा शाखा प्रमुख तथा अन्य सहयोगी कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । स्थानीय सरकार प्रमुखको हैसियतले मेरो कार्यकालमा प्रस्तुत योजना ल्याउन पाँउदा खुशी लागेको छ । उक्त योजना निर्माणका क्रममा सल्लाह तथा सुझाव दिनुहुने सवै विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् सम्पूर्ण शिक्षा प्रेमी समुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै उक्त योजना निर्माणको पूर्व सन्ध्या तथा निर्माणको चरणमा प्राविधिक सहयोग गरिनेछ, योजनाले आफैमा अग्रगामी दिशा निर्देश गर्ने छ । प्राविधिक दस्तावेज भएका कारण निर्माण भएको योजनाको मुर्त प्रतिफलका लागि इमान्दारिताका साथ समायानुसार शंसोधन सहित कार्यान्वायनमा लैजानु पर्दछ जसका लागि भजनी नगरपालिका कटिवद्ध र इमान्दार भएर लाग्नेछ । यस योजनाको सफल कार्यान्वयनका लागि नगरपालिकाको एक्लो प्रयास अपुग पनि हुन सक्छ सो का लागि सवै विद्यालय परिवार, शिक्षक, अभिभावक, विद्यार्थी लगाएत सवै सरोकारवालको हौसलापूर्ण सहयोगको भजनी नगरपालिका अपेक्षा राख्दछ ।

नगर प्रमुख
केवल चौधरी



## शुभकामना

नेपालको संविधानले दिएको अधिकार र कार्यक्षेत्रको मातहत रही  माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन तथा विकासका लागि विगतका संघिय सरकारबाट भएका प्रयास र कार्यलाई निरन्तरता दिदै स्थानीय आवश्यकता र मौलिकतामा आधारित भई थप सुधार व्यवस्थापन गर्ने यस भजनी नगरपालिका शिक्षा शाखाको पहलमा  १० वर्षे शिक्षा क्षेत्र योजना को लक्ष्य "**गुणस्तरीय शिक्षा भजनीको सदिक्षा** " सहित योजना निर्माण गरी कार्यान्वयनमा लैजान लागेको सुखद अवसरमा भजनी नगरपालिका   शिक्षा शाखा   उत्साहित भएको छ । साथै उक्त योजना निर्माणको काममा निरन्तर खटिएर यस भजनी नगरपालीकाको  रचनात्मक शैक्षिक योजना निर्माण गर्न खटिने कार्यदलका सदस्य प्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु साथै सम्पूर्ण सहयोगी सरकारी तथा गैर सरकारी संघ संस्थाको सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । योजना निर्माण कार्यमा संलग्न  कार्यदलका सहभागीहरु लगायत शिक्षा शाखा शिक्षा अधिकृत सातौ  पंख बहादुर शाह तथा प्राबिधिक सहायक देवराज अवस्थी   लाई  तथ्यांङ्क संकंलन , लेखन र ड्राफ्ट निर्माण  लगायत यन्य काम गरे बापत हार्दिक धन्यवाद दिन चाहान्छु र यस दश बर्षे योजनाले भजनी नगरपालिकाको शैक्षिक क्षेत्रमा  विद्यार्थीको शैक्षीक सिकाइ उपलब्धि बृद्धि  गरि शैक्षिक गुणस्तर कायम गर्न महत्वपूर्ण भूमिका निर्बाह गर्ने छ भन्ने बिश्वास लिएको छु ।

राजु तिरुवा

नगरउप-प्रमुख

**विषय प्रवेशः** ........ १
**परिच्छेद १ परिचय** ........ ४
१.१ वर्तमान अवस्था ........ ४
१.२ मुख्य समस्या ........ १५
१.३ अवसरहरु ........ १६
१.४ चुनौतीको विश्लेषण ........ १६
**परिच्छेद २ दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ १७
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ १७
२.२ दूरदृष्टिः ........ १८
२.३ लक्ष्यः ........ १८
२.४ उद्देश्य. ........ १८
२.५ रणनीतिहरुः ........ १८
२.६ कार्यनीतिः ........ २०
२.७ अपेक्षित उपलब्धिः ........ २१
२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्न मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ........ २२
**परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र** ........ २६
३.१ प्रारम्भिक बालविकास र शिक्षाः ........ २६
३.२ आधारभूत शिक्षाः ........ ३५
३.३ माध्यमिक शिक्षा ........ ४३
३.४ प्राबधिक शिक्षा तथा व्यवसायिक तालिम ........ ५२
३ ५ अनैपचारीक शिक्षा र आजिवन सिकाइ ........ ५६
**परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ........ ६३
४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्यांकन ........ ६३
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ६८
४.३ शैक्षिक समता र समावेशिकरणः ........ ७६
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ७८
४.५ विद्यालय सुरक्षा विपत न्युनीकरण तथा उत्थानशीलता ........ ८०
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ८२
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ८६

**परिच्छेद ५ अन्य उपक्षेत्र** ........................................................................ ९०
५.१ छात्रवृति ........................................................................ ९०
५.१.१ अवसर र चुनौती ........................................................................ ९०
५.१.२ उद्देश्य ........................................................................ ९०
५.१.३ रणनिति ........................................................................ ९०
५.१.४ उपलब्धि तथा नतिजा ........................................................................ ९१
**परिच्छेद ६ सुशासन तथा व्यवस्थापन** ........................................................................ ९२
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........................................................................ ९२
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........................................................................ ९५
**परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन** ........................................................................ ९८
७.१ वर्तमान अवस्था ........................................................................ ९८
७.२ उद्देश्य ........................................................................ ९८
७.३ रणनिति ........................................................................ ९८
७.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................ ९९
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................................ ९९
७.६ श्रोतको अनुमान विश्लेषण र प्रस्तावित बजेट ........................................................................ १००
**परिच्छेद ८ अनुगमन तथा मुल्याङ्कन** ........................................................................ १०४
८.१ वर्तमान अवस्था ........................................................................ १०४
८.२ अवसर तथा चुनौती ........................................................................ १०५
८.३ उद्देश्य ........................................................................ १०५
८.४ रणनिति ........................................................................ १०६
८.५ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................ १०६
८.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........................................................................ १०६

## १. विषय प्रवेश :

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा समान पहुच तथा सहभागिता सुनिश्चित गर्नका लागि स्थानीय तहको शिक्षा योजनाको महत्वपुर्ण भुमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षा विकाशका लागि विद्यालय शिक्षा क्षेत्र कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्ष क्षेत्र योजना निर्माण भई कार्यान्वयनमा रहेको छ। स्थानीय सरकार संन्चालन ऐन २०७४ कार्यन्वयन भए पश्चात आधार भुत तह तथा माध्यमिक शिक्षा कार्यक्रम स्थानीय तह मार्फत सन्चालन भइरहेकोले, अनिवार्य आधारभुत तथा निशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले संघिय र प्रदेश सरकारका योजनालाई आधार मानि आफना आवश्यकता लाई प्राथमिकतामा राखी स्थानीय शिक्षा क्षेत्र योजना निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले शिक्षा योजना निर्माण गर्ने कार्य प्रारम्भ गरे संगै भजनी नगरपालिकाले पनि शिक्षा क्षेत्र योजना २०७७-०७८ निर्माण गरि कार्यन्वयनमा ल्याएको थियो तत्पश्चात नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा विभागको परिमार्जित मार्गदर्शन अनुसार शिक्षा क्षेत्र योजना २०८१-२०९१ निर्माण गर्ने जमर्को गरिएको छ।

## २. शिक्षा क्षेत्र योजना निर्माणको आबश्यकता:

नेपालको सविधान, राष्टिय शिक्षा निति,अनिर्वाय तथा निशुल्क शिक्षा ऐन तथा नियमावली दिगो विकास लक्ष्य शोह्रऔ पन्चवर्षिय योजनाको अवधारण तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धि ऐन कानुनले प्रथमिकतामा राखेका निति कार्यक्रम तथा लक्ष्य हरुलाई संधिय संरचना अनुरुप कार्यन्वयन गर्न विद्यालय शिक्षा क्षेत्रको विकाश लाई दिशा निर्देश गर्न विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्ने आवश्यक देखिएकोले विज्ञान तथा प्रविधिको विकासलाई आत्म साथ गर्ने सिर्जनशिल आत्मनिर्भर सक्रिय तथा नेपालको आर्थिक तथा सामाजीक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्न, शिक्षाको योगदान लाइ समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्र योजना मार्फत समग्र भजनी नगर पालिकाको शिक्षा प्रणालीमा सुधार गर्नु पर्ने देखिएको छ।

नेपालको सविधानको अनुसुची ८ मा उल्लेख स्थानीय तहको एकल अधिकार अन्तरगत आधार भुत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार संन्चालन एन २०७४ (११ज)ले आधारभुत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाका अधिकार तोकिएकाछन यस ऐनको दफ २४ (१) मा स्थानीय तहको आबधिक तथा क्षेत्रगत योजना निर्माण गरि कार्यन्वयन गर्नु पर्ने नितिगत ब्याबस्था रहेको छ। यो प्रावधान अनुरुप भजनी नगरपालिकाले पनि शिक्षा क्षेत्र योजना निर्माण गर्न लागेको हो। भजनी नगरपालिका शिक्षाको गुणस्तर लाई अन्तराष्टिय स्तरमा प्रतिस्पर्धि बनाउन, घटदो क्रममा रहेको सामुदयीक विद्यालयको शैक्षिक गुणस्तर लाइ निजी विद्यालय संग प्रतिस्प्रधि बनाउन र समग्र शिक्षा क्षेत्र को बृहत्तर विकासका निमित्त शिक्षा क्षेत्र योजना निर्माण आवश्यक देखिएको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक कारणले सुविधा विहिन सिमान्तीकृत तथा अपाङ्गता भएका वालवालिकाको समानतामुलक पहुच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्युनतम सिकाई उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालयको गुणस्तर अभिवृद्धि गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विधालय शिक्षा क्षेत्र योजना स्वीकृत गरि कार्यान्वयनमा ल्याएको छ यसैको आधारमा भजनी नगरपालकाले पनि उप शिक्षा क्षेत्रको हाल सम्मको शिक्षाको भौतिक,अबस्था सिकाईको गुणस्तर,जनशक्ति,संरचनागत अवस्था क्षमता अभिबृद्धि,अपनाईएका अभ्यासहरु,आगामि १० बर्षमा शिक्षको गुणस्तर भौतिक तथा क्षमता विकाशको अवस्था लाई अन्तराष्ट्रियस्तरको मापदण्ड सम्म पुरयाने लक्ष्यका साथ शिक्षा क्षेत्र योजना निर्माण गर्ने आवश्यकता महशुस गरि निर्माण गरिएको हो।

### ३. स्थानीय तहको शिक्षा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न ,
- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित वनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न ,
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता, आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न ,
- साझा विषयहरुमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ,

### ४. योजना निर्माणका आधार

भजनी नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुलाई मूल आधार मानिएको छ।

- नेपालको संविधान।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७।
- विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन र नियमावली।
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) ।
- शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, सोह्रौँ योजना लगायत आवधिक योजना।
- दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप।
- स्थानीय विकास योजना।
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा वजेट।
- Recovery and Accelerated Learning (ReAL) Plan२०२३-२०२८।
- विद्यालय शिक्षामा समता रणनीति।
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८।
- विद्यालयगत भए गरेका आयव्यय विवरण ।
- अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि I

स्थानीय शिक्षा योजना निर्माण गर्दा नगरपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका विभिन्न योजनाहरूलाई, विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजनालाई मध्यनजर गरी यस्ता विभिन्न योजनाहरूबीचको अन्तरसम्बन्धमा जोड दिईएको छ। यसका साथै शिक्षा योजना निर्माण गर्दा गाउँपालिकाले बालमैत्री, लैङ्गीकमैत्री र अपाङ्गमैत्री, प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार निर्माण गरी अनुकुल सिकाइ वातावरणको सुनिश्चितता गरीएको छ।

### ५. शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको आमुल परिवर्तनका लागि व्यवस्थित तथा योजनावद्ध कार्यक्रमको आवश्यकता पर्दछ। कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरुपलाई कार्यान्वयन तहसम्म पुग्राउन प्रतिफल दिने प्रक्रियाहरुको मिश्रित स्वरुप योजना हो। बिगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकोले सबै तथ्यगत, वस्तुगत विश्लेषणका आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आफैमा कठिन र चुनौतीपूर्ण छ। नगरपालिकाको शिक्षा योजना अद्यावधिक गर्दा सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा कार्यदल गठन गरी, लिखित जिम्मेवारी बाडेर योजना लेखन अद्यावधिक गर्ने कार्य गरीनुका साथै नगरपालिकाका सरोकारबालाहरुको सहभागितामूलक प्रक्रिया अबलम्बन गरीएको हो। योजनासँग सम्बन्धित

सरोकारबालाहरु, विषय क्षेत्रको विज्ञ तथा गाउँपालिका अध्यक्ष उपाध्यक्ष,  प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा प्रमुख, विद्यालय वा अन्य व्यक्तिहरुबाट सहभागी गराईएको थियो । भजनी नगरपालिका शिक्षा योजनाको अद्यावधिक गर्दा नगरपालिकाले तपसिल वमोजिमको प्रक्रिया नै अवलम्बन गरीएको थियो ।

- नगर कार्यपालिकाको वैठक ।
- योजना निर्माण समितिको गठन ।
- गाउँ/टोल तथा वडाहरू र अन्य सरोकारवालाहरु (विद्यालय प्र.अ./शिक्षक,वि.व्य.स., सरकारी/गैर सरकारी संघ-संस्था आदि) सँगको भेला र छलफल र पृष्ठपोषण ।
- मस्यौदा तयारी ।
- मस्यौदा उपर सुझाव संकलन ।
- योजनाको अन्तिम रुप ।
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा ।
- योजनाको स्वीकृती र कार्यान्वयन ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकारहरु अन्तर्गत स्थानीय तहका सरकारहरु शिक्षा सम्बन्धी नीति तथा योजना कार्यान्वयनमा अभ्यासरत छन् । दिगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षा, सोह्रौं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति, २०७६ र संघीय शिक्षासम्बन्धी कानूनहरुसँग तादात्म्यता हुने गरी भजनी नगरपालिकाले शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गरिरहेको छ । प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक विद्यालय तहको शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारको जिम्मेवारी रहेको सन्दर्भमा नगरवासीहरुको सर्वसुलभ गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नका लागि नगर शिक्षा योजना आवश्यक परेको हो । शिक्षा प्रणालीमा रहेका चुनौतीलाई अवसरको रुपमा उपयोग गर्दै संघीयताको मर्म अनुरुप आफ्नो पालिकाको शिक्षाको विकास आफैं गरौं भन्ने उद्देश्य सहित स्थानीय तहमा शिक्षाको गुणस्तर वृद्धि गर्ने ध्येयले यो योजना अद्यावधिक गरिएको हो ।

शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी, रोजगारमूलक, वैज्ञानिक, जीवनोपयोगी अनुसन्धानमूलक बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति उत्पादनमा स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी रहेको छ । संविधानले प्रदत्त गरेका शिक्षासम्वन्धी हकहरुलाई सुनिश्चित गर्न आवश्यक पर्ने नीतिगत सुधारको पक्षहरुलाई नगरपालिकाले जोड दिनुपर्ने आवश्यकता रहेको छ ।

ज्ञान,विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात गर्ने र नवप्रवर्तनात्मक सिप,कला, अनुशरण गर्दै पालिकाको देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन शिक्षामा नयाँ योजना आवश्यक देखिएको छ । यस नगरपालिका अन्तरगतका क्षेत्रमा विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप,महामारी तथा आपत विपतबाट समग्र शिक्षा क्षेत्रमा उत्पन्न हुने जोखिमलाई न्यूनिकरण गर्न सक्षम,उत्थानशील शिक्षा पद्दतिको विकासलाई समेत प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।उल्लेखित सन्दर्भले यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता बोध गरी यो दश वर्षीय शिक्षा क्षेत्र योजना (10 Year Education Sector Plan-ESP) आगामी १० वर्षको शिक्षा विकासको दृष्टिकोणसहित अद्यावधिक गरिएको छ ।

**विगतको शिक्षा योजनाको समिक्षा**

नेपालको संविधान अनुसार देशले संघीय शासन प्रणालीको अभ्यास गर्दै गर्दा शिक्षा क्षेत्रमा **विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP)** लागू भइरहेको अवस्था थियो । यसैबीच स्थानीय तहको निर्वाचन सम्पन्न भई नयाँ संरचना अन्तर्गत स्थानीय तहमा जनप्रतिनिधिसहितको व्यवस्थापन प्रारम्भ भयो। अन्य क्षेत्रहरू जस्तै शिक्षा पनि नयाँ व्यवस्थापन प्रणालीमा जानुपर्ने एक महत्वपूर्ण क्षेत्र थियो।

विगतको केन्द्रीकृत मानसिकता र नयाँ संरचनाको सुरुआती चरणमा योजना निर्माणको क्षेत्रमा खासै अनुभव नभएको तथा कानुनी रूपमा कुन-कुन क्षेत्र समेटेर योजना निर्माण गर्नुपर्छ भन्ने विषयमा स्पष्ट दिशानिर्देश नहुँदा योजना निर्माणको पाटो अन्यौलमा रह्यो।

कैलालीका विभिन्न स्थानीय तहहरूमा कार्यरत STEM–II परियोजनाले पहिलोपटक भजनी नगरपालिकाको शिक्षा योजना निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको थियो र सोही अनुसार २०७६ सालमा पहिलो शिक्षा योजना निर्माण गरिएको हो । उक्त योजना निर्माणको क्रममा सरोकारवालाहरूको अपेक्षित सहभागिता सुनिश्चित गर्न नसकिएको तथा संघीय सरकारको विद्यालय क्षेत्र विकास कार्यक्रमका अधिकांश क्रियाकलापहरू संघीयता पूर्वको संरचना अनुसार निर्मित भएकाले हाम्रो योजना कसरी अगाडि बढाउने भन्ने विषयमा स्पष्टता थिएन।

हाल संघीय सरकारले १० वर्षे शिक्षा क्षेत्र विकास योजना निर्माण गर्दैछ र सोही प्रक्रिया अनुरूप स्थानीय तहहरूले पनि २०७८ सालको श्रावण महिनादेखि आ-आफ्नो १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने भनी स्पष्ट गरिएको छ।

यसै सन्दर्भमा, योजना निर्माणमा आवश्यक क्षमता विकासका लागि कैलाली जिल्लामा **राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP II)** को प्राविधिक सहयोगमा तालीम तथा सशक्तिकरण कार्यक्रमहरू सञ्चालन भएका थिए । त्यसैको निरन्तरता स्वरूप, सरोकारवालाहरूको सहयोग र समन्वयमा यो १० वर्षे शिक्षा क्षेत्र विकास योजना निर्माण गरेर कार्यान्वयनमा लैजान सहज भएको हो ।

विगतको योजनामा समावेश गरिएका नीतिहरू तथा रणनीतिहरूलाई वार्षिक नीति तथा कार्यक्रममार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढिरहेको थियो र केही उल्लेखनीय उपलब्धिहरू हासिल गर्न थालिएको अवस्था थियो। नगरपालिका पूर्ण साक्षर घोषणाको तयारीमा थियो। विद्यालयको शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न भइसकेको थियो।

यस्तै अवस्थामा विश्वव्यापी महामारी कोरोना **(COVID–19)** को असरले हाम्रो शिक्षा क्षेत्र समेत गम्भीर रूपमा प्रभावित भयो । तत्कालीन कार्यान्वयनमा रहेका थुप्रै क्रियाकलापहरूको रूपरेखा परिवर्तन गर्नु पर्‍यो । हामीले तय गरेको बाटो परिवर्तन भयो। शिक्षक तथा विद्यार्थीलाई महामारीबाट सुरक्षित राख्दै सिकाइलाई निरन्तरता दिनुपर्ने चुनौतीको सामना गर्दै हामी अगाडि बढ्यौं । विभिन्न शीर्षकमा विनियोजित रकम रकमान्तर गरेर कार्य सञ्चालन गर्नु पर्ने अवस्था आयो । संघीय तथा प्रादेशिक सरकारबाट अपेक्षित धेरै कार्यक्रमहरूको बजेट कटौती भयो । यस्ता विषम परिस्थितिका कारण २०७६ सालमा निर्माण गरिएको शिक्षा योजना पूर्ण रूपमा कार्यान्वयनमा जान सकेन ।

यद्यपि, केही असल अभ्यासहरू तथा क्रियाकलापहरूलाई यस १० वर्षे योजनामार्फत समेटेर अगाडि बढ्ने तयारी गरिएको छ । शिक्षासग सम्बन्धित सरोकारवालाहरूको सक्रिय सकारात्मक भुमिका रह्यो भने, यस योजनाबाट भजनी नगरपालिकाको समग्र शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ ।

शिक्षक र विद्यार्थीबीचको अन्तरक्रिया समय वृद्धि गर्दै शैक्षिक उपलब्धि स्तर वृद्धि गर्ने अपेक्षासहित कार्यान्वयनमा गएको विगतको शिक्षा योजना, पहिलो वर्षमै वार्षिक परीक्षा सञ्चालन गर्न नसक्ने गरी महामारीका कारण विचलित **(derail)** हुन पुग्यो। पाँच वर्षे क्रियाकलाप तथा बजेटसहित निर्माण गरिएको उक्त योजनामा भौतिक पूर्वाधार **(hardware)** तर्फका धेरै क्रियाकलापहरू कार्यान्वयन भए तापनि शिक्षण–शिक्षण प्रक्रिया **(software)** तर्फका धेरै क्रियाकलापहरू कार्यान्वयन हुन बाँकी रह्यो।

त्यसैले, ती बाँकी रहेका योजनाबद्ध क्रियाकलापहरूलाई यस १० वर्षे शिक्षा योजनामा समावेश गरेर कार्यान्वयन गरिनेछ। यस नगरपालिकाको शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ,भौगोलिक,जनसाङ्खिक र शासकीय स्वरुपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरुको सामान्य समीक्षा गरिएको छ ।

## क. भौगोलिक अवस्थितिको विश्लेषण

सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लाको दक्षिण पूर्वी भू भागमा अवस्थीत यस भजनी नगरपालिकाको दक्षिणी क्षेत्र मित्रराष्ट्र भारतसंग सीमाना जोडिएको छ। क्षेत्रफलका हिसावले १७६.२५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस भजनी नगरपालिकाको अधिकांश क्षेत्र खेतियोग्य जमिनको रुपमा उपभोग हुँदै आएको छ। धान र गहु वाली यस क्षेत्रको मुख्य उत्पादन हुने खाद्यान्न वालीहरु हुन्। उर्वर भूमी भएका कारण खाद्यान्न उत्पादनमा यो क्षेत्र आत्मनिर्भर छ। यस नगरपालिकामा चौधरी, कठरिया, राजी र अन्य पहाडि समुदायको वसोवास रहेको पाइन्छ। यस क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि नै हो। गरिवी र सुकुम्वासी समस्या यस क्षेत्रको शिक्षाको पहुँच र शैक्षिक उपलव्धीलाई असर गर्ने मुख्य कारकको रुपमा रहेको छ।

समावेश भएका साविकका नगरपालिका र गा.वि.स.हरु :- भजनी त्रिशक्ति नगरपालिका र थापापुर गा.वि.स. ,
नगरपालिकाको केन्द्र :- साबिक भजनी त्रिशक्ति नगरपालिकाको कार्यालय ,
सिमाना :
पूर्व :- टिकापुर नगरपालिका र जोशीपुर गा.पा.
पश्चिम :- कैलारी गा.पा.
उत्तर :- घोडाघोडी नगरपालिका र जोशीपुर गा.पा.
दक्षिण :- छिमेकी राष्ट्र भारतको उत्तरप्रदेश राज्य तिकुनिया र वेलरायां ,
नगरपालिका घोषणा मिति : २०७३।११ ।२७ ,
नगरपालिका कार्यान्वयन मिति :- २०७३।१२ ।०१ ,
वडा संख्या :- ९ नगरपालिकाको कुल क्षेत्रफल : १७६.२५ वर्ग कि.म.,
जनसंख्या :- ५१८४५ (महिला २६१२९ र पुरुष २५७१६) ,
सम्पर्क नम्वर ०९१-५८०१०१
वडा बिभाजन :
हालको वडा नं.- १ समावेश भएको साबिक न.पा. - भजनी त्रिशक्त साबिकका वडा नं.- ७ , ८
हालको वडा नं.- २ समावेश भएको साबिक न.पा.गा.बि.स.- भजनी त्रिशक्ति साबिकका वडा नं.-६ र साबिक थापापुर साबिकका वडा नं.-४
हालको वडा नं.- ३ समावेश भएको साबिक न.पा. - भजनी त्रिशक्ति साबिकका वडा नं.-४,५
हालको वडा नं.- ४ समावेश भएको साबिक न.पा. - भजनी त्रिशक्ति साबिकका वडा नं.-१०,११
हालको वडा नं.- ५ समावेश भएको साबिक न.पा. - भजनी त्रिशक्ति साबिकका वडा नं.-२,३
हालको वडा नं.- ६ समावेश भएको साबिक गा.वि.स. - थापापुर साबिकका वडा नं.-१-३, ७
हालको वडा नं.- ७ समावेश भएको साबिक न.पा. - भजनी त्रिशक्ति साबिकका वडा नं.-१
हालको वडा नं.- ८ समावेश भएको साबिक गा.वि.स. - थापापुर साबिकका वडा नं.-५,६,८,९
हालको वडा नं.- ९ समावेश भएको साबिक न.पा. - भजनी त्रिशक्ति साबिकका वडा नं.-९,१२

## ख. जनसाङख्यिक संरचनाको विश्लेषण

भजनी नगरपालिका घरघुरी सर्वेक्षण तथा वस्तुगत विवरण (Digital village profile)अनुसार जम्मा जनसङख्या ५३४९४ रहेको देखिन्छ। वडा गत हिसाबमा जनसङख्याको वितरणलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ।

| वार्ड | पुरुष | महिला | कूल जनसङ्खया | |
|---|---|---|---|---|
| | | | कुल | प्रतिशत |
| १ | २८६२ | ३३२० | ६१८२ | ११.५५६ |
| २ | २२३८ | २३०८ | ४५४६ | ८.४९८ |
| ३ | २९२१ | ३२२९ | ६१५० | ११.४९६६ |
| ४ | २९४० | ३४४८ | ६३८८ | ११.९४ |
| ५ | २८०१ | ३१६१ | ५९६२ | ११.१४५ |
| ६ | ३०३१ | ३०१६ | ६०४७ | ११.३ |
| ७ | २७७६ | २७६६ | ५५४२ | १०.३६ |
| ८ | २९८९ | ३१७७ | ६१६६ | ११.५३ |
| ९ | ३०५३ | ३४५८ | ६५११ | १२.१७ |

भजनी नगरपालीकाको २०७८ अनुसार कूल जनसङख्या ५३४९४ रहेको देखिन्छ। उमेरगत हिसाबबाट सबभन्दा बढि १०-२४ वर्ष उमेर समूह औषत भन्दा बढि जनसङख्याको समूह देखिन्छ। त्यसै गरी सबभन्दा कम ८५ देखि ८९ को उमेर समूह रहेको छ।जून कुल जनसङख्याको ०.१ % अर्थात ५३ जना रहेका छन् । यसबाट आर्थिक रुपमा सक्रिय जनसङख्या ७८.६ % रहेको हुँदा स्थानीय रोजगारीको अवसर भएमा जनशक्तिको कमि नहुने देखिन्छ। विद्यालय उमेर समुहको जनसङख्या ४ वर्ष देखि १६ वर्षको जनसङख्या १४९२५ रहेको छ। कूल जनसङख्याको जनसङ्खया विद्यालय उमेरको छ २७.९ प्रतिसत रहेको छ।
यस सम्बन्धी समग्र विवरण तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छः

| उमेरसमूह | महिला | | | पुरुष | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिशत | | | प्रतिशत | | सङख्या | प्रतिशत |
| | सङख्या | लिङ्ग | उमेरगत | सङख्या | लिङ्गगत | उमेरगत | | |
| ०-४ वर्ष | १९६७ | ४६.२ | ३.६७७ | २२९० | ५३.८ | ४.२७७ | ४२५७ | ७.९५ |
| ५-९ वर्ष | २१८५ | ४८.५७ | ४.०९ | २३१४ | ५१.४३ | ४.३२ | ४४९९ | ८.४१ |
| १०-१४ वर्ष | २५८४ | ४९.८४ | ४.८३ | २६०० | ५०.१६ | ४.८६ | ५१८४ | ९.६९ |
| १५-१९ वर्ष | २८३५ | ५४.२४ | ५.२३ | २३९१ | ४५.७६ | ४.५३९ | ५२२६ | ९.७६९ |
| २०-२४ वर्ष | ३०७४ | ५६.१८ | ५.७५ | २३९७ | ४३.८२ | ४.४७ | ५४७१ | १०.२२ |
| २५-२९ वर्ष | २८१४ | ५५.१४ | ५.२६ | २२८९ | ४४.८६ | ४.२८ | ५१०३ | ९.५४ |
| ३०-३४ वर्ष | २२२७ | ४३.१३ | ४.१६ | १९३६ | ५६.८७ | ३.६२ | ४१६३ | ७.७८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५-३९ वर्ष | २०९६ | ५२.४६ | ३.९२ | १८९९ | ४७.५४ | ३.५४८ | ३९९५ | ७.४६८ |
| ४०-४४ वर्ष | १७२१ | ५१.१७ | ३.२३ | १६४२ | ४८.८३ | ३.०६ | ३३६३ | ६.२९ |
| ४५-४९ वर्ष | १३९० | ५०.०१ | २.६ | १२८९ | ४९.९९ | २.४ | २६७९ | ५ |
| ५०-५४ वर्ष | १४७५ | ५१.५३ | २.७५ | १३८७ | ४८.४७ | २.६ | २८६२ | ५.३५ |
| ५५-५९ वर्ष | ९६४ | ५०.४४ | १.८ | ९४७ | ४९.५६ | १.७७ | १९११ | ३.५७ |
| ६०-६४ वर्ष | ७४७ | ५२.४५ | १.३९ | ६७७ | ४७.५५ | १.२७ | १४२४ | २.६६ |
| ६५-६९ वर्ष | ७८१ | ५४.४२ | १.४६ | ६५४ | ४५.५८ | १.२२ | १४३५ | २.६८ |
| ७०-७४ वर्ष | ५७७ | ५४.९५ | १.०८ | ४७३ | ४५.०५ | ०.८८ | १०५० | १.९६ |
| ७५-७९ वर्ष | २८६ | ५०.२६ | ०.५३ | २८३ | ४९.७४ | ०.५३ | ५६९ | १.०६३ |
| ८०-८४ वर्ष | ७९ | ४७.०२ | ०.१५ | ८९ | ५२.९८ | ०.१६४ | १६८ | ०.३१४ |

## ग. सामाजिक सांस्कृतिक अवस्थाको विश्लेषण

जनागना २०७८ अनुसार भजनी नगरपालीकामा हिन्दु, धर्मावलम्बी बढी रहेता पनि कहि मात्रामा बौद्ध र इसाइ र मुस्लीम गरि चार प्रकारका धर्महरु मान्ने मानिसहरुको बसोबास रहेको देखिन्छ । जस मध्ये ९५.४% हिन्दू धर्म मान्ने मानिसहरु रहेका छन् भने बाकी ४.६% जनसङख्याले बौद्ध, ईस्लाम र इसाई धर्म मान्ने गरेको तथ्याङ्क भेटिन्छ । त्यसै गरी यस नगरपालिकामा थारु ब्राहमण क्षेत्री विश्वकर्मा परियार राजि कुमाल लगायत जम्मा ९ प्रकारका जातिहरुको बसोबास रहेको देखिन्छ। जातिगत हिसाबबाट हेर्दा सबैभन्दा बढि थारु ६७.३%, र सबैभन्दा कम जनजाति मगर १.३९% जना ७४७ मात्र रहेको देखिन्छ ।

## घ. आर्थिक अवस्थाको विश्लेषण

भजनी नगरपालिकाका मानिसको मुख्य आम्दानीको श्रोत भनेको कृषि, पशुपालन नै हो । यहाका ६६ प्रतिशत मानिसहरु अहिले पनि कृषि पेशामा आबद्धता रहेको छ तर अधिकांशले कृषिलाइ ब्यबसायिक भन्दा पनि निर्वाहमुखीको रुपमा गर्दै आएको देखिन्छ । धान र गहु वाली यस क्षेत्रको मुख्य उत्पादन हुने खाद्यान्न वालीहरु हुन् । उर्वर भूमी भएका कारण खाद्यान्न उत्पादनमा यो क्षेत्र आत्मनिर्भर छ । खेती बाहेक आंशिक रुपमा पशुपालन, व्यापार व्यवसाय,कुखुरापालन, माछापालन, वैदेशिक रोजगारीबाट समेत गरी जीवन निर्वाह गरिरहेका छन् समग्रमा यस नगरपालिकामा बसोवास गर्ने मानिसहरुको वार्षिक १००० अमेरिकी डलर भन्दा कम आसत आम्दानी रहेको छ । यहाका अधिकांश मानिसहरु जिविकोपार्जनका निमित्त भारत, मलेशिया, सउदी अरब, दुवइ, कतार, जापान, अमेरिका जाने गर्दछन् ।

## ङ. नगरपालिकाको शैक्षिक अवस्थाः

भजनी नगरपालिकाको शैक्षिक सन्दर्भलाई हेर्दा एक वर्षे प्रारम्भिक बालविकास सहित कक्षा १ देखि ८ सम्म आधारभूत तह तथा कक्षा ९ देखि १२ सम्म माध्यमिक तह रहेको छ । यस भजनी नगरपालिकामा सामुदायिक सस्थागत र गुठि गरि जम्मा ५४ बिद्यालय सञ्चालन भइरहेको छ यि मध्ये ६४ वटा वालविकास केन्द्र ( ४९ सामुदायिक र १५ वटा संस्थागत ), १४ वटा माध्यमिक ( ११ वटा सामुदायिक र ३ संस्थागत ) ४० वटा आधारभूत विद्यालय ( २८ सामुदायिक र १२ संस्थागत ) हरु सञ्चालनमा रहेका छन् । सो सामुदायिक विद्यालय मध्ये १ सामुदायिक विद्यालयमा मावि तह ९–१२ प्राविधिक धार सिभिल इन्जिनियरिङ सञ्चालनमा छ भने १ वटा

सामुदायिक क्याम्पस (महुन्याल वहुमुखि क्याम्पस), १ वटा सिटिइभिटी अन्तरगत कृषि जेटिए कार्यक्रम सञ्चालन रहेको छ रहेको  छ।

यस पालिकाको केही विद्यालयहरु बाहेक अधिकांश विद्यालयहरुमा अध्ययन अध्यापनको लागि प्रयाप्त कक्षाकोठा, भवन, खेल मैदान र यसको घेरावार, सौचालय, विद्युत आपूति, पुस्तकालय तथा वाचनालय, कम्प्यूटर तथा विज्ञान प्रयोगशाला, चमेनागृह,फर्निचर आदिमा प्रयाप्त लगानी गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरुलाई घरबाट विद्यालय सम्म जानकालागि सामान्य तया आधारभूत तहमा बढीमा १५ मिनेट देखि ३० मिनेट र माध्यमिक तहको हकमा बढीमा १ घण्टा सम्म लाग्ने गर्दछ । यस नगरपालिकाको शैक्षिक विकास तथा उत्थानमा नगरपालिकाले दिर्घकालिन शैक्षिक योजना तथा दूर दृष्टि राखि काम गर्नुपर्ने देखिन्छ।

नगरपालीकाको विद्यार्थी शैक्षिक तथ्याङ्कलाई तलको तालिकाबाट प्रष्ट देखाउन सकिन्छः

| Code | | ECD/PPC | | | G1-5 | | | G6-8 | | | G9-10 | | | G11-12 | | | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Code | Name | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 710220003 | Amar Basic School Karmadew | 22 | 29 | 51 | 71 | 71 | 142 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 93 | 100 | 193 |
| 710290010 | Ats Academy | 92 | 121 | 213 | 41 | 44 | 85 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 133 | 165 | 298 |
| 710040011 | Bal Bidya Mandir Pra V. Thengarpur | 12 | 9 | 21 | 23 | 23 | 46 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 35 | 32 | 67 |
| 710410012 | Bal Udhyan Basic School Basaha | 10 | 7 | 17 | 9 | 13 | 22 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 19 | 20 | 39 |
| 710040007 | Bhanu Memorial Ebs. Bhajani | 29 | 37 | 66 | 37 | 82 | 119 | 24 | 54 | 78 | 12 | 18 | 30 | 0 | 0 | 0 | 102 | 191 | 293 |
| 710040009 | Bhimsen Baba Ebs | 9 | 22 | 31 | 63 | 97 | 160 | 9 | 24 | 33 | 0 | 0 | 0 | 0 | 0 | 0 | 81 | 143 | 224 |
| 710040001 | Durga Ma Vi kushumghat | 14 | 11 | 25 | 33 | 42 | 75 | 48 | 41 | 89 | 32 | 14 | 46 | 0 | 0 | 0 | 127 | 108 | 235 |
| 710190010 | Educational Light Ebs Khailad | 37 | 46 | 83 | 23 | 30 | 53 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 60 | 76 | 136 |
| 710410020 | Evan Baba Basic School | 9 | 16 | 25 | 26 | 25 | 51 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 35 | 41 | 76 |
| 710410018 | Evergreen Ebs | 23 | 33 | 56 | 38 | 59 | 97 | 1 | 9 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 62 | 101 | 163 |
| 710410009 | G N E Bo School Thapapur | 6 | 8 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 6 | 8 | 14 |
| 710220006 | Ganesh Man basic school | 15 | 25 | 40 | 120 | 114 | 234 | 149 | 106 | 255 | 0 | 0 | 0 | 0 | 0 | 0 | 284 | 245 | 529 |
| 710190015 | Ghodatal Academy | 39 | 54 | 93 | 61 | 45 | 106 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 100 | 99 | 199 |
| 710220014 | Gulsnerja Madrassa Adharbhut Vidyalaya Charra | 0 | 0 | 0 | 10 | 10 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10 | 10 | 20 |
| 710190008 | Gupteshwor Pra V. Ukharpur | 9 | 10 | 19 | 21 | 12 | 33 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 30 | 22 | 52 |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 710190002 | Gyanodaya Pra V. Pahalwan | 8 | 3 | 11 | 33 | 21 | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 41 | 24 | 65 |
| 710220007 | Halauna Baba Pra V. Tanda Prithvipur | 18 | 26 | 44 | 81 | 70 | 151 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 99 | 96 | 195 |
| 710040003 | Jalpa Devi Basic School | 0 | 0 | 0 | 11 | 10 | 21 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 11 | 10 | 21 |
| 710410008 | Jana Jagriti Adhar V. Thapapur | 11 | 13 | 24 | 26 | 28 | 54 | 17 | 15 | 32 | 0 | 0 | 0 | 0 | 0 | 0 | 54 | 56 | 110 |
| 710190006 | Kalika Basic School | 15 | 15 | 30 | 90 | 74 | 164 | 80 | 37 | 117 | 0 | 0 | 0 | 0 | 0 | 0 | 185 | 126 | 311 |
| 710410003 | Kalika Basic School | 2 | 4 | 6 | 19 | 19 | 38 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 21 | 23 | 44 |
| 710040018 | Kalpa Briksha English Boarding School | 72 | 100 | 172 | 77 | 116 | 193 | 57 | 67 | 124 | 19 | 18 | 37 | 0 | 0 | 0 | 225 | 301 | 526 |
| 710190003 | Kanara Adhar V | 10 | 14 | 24 | 45 | 44 | 89 | 64 | 67 | 131 | 0 | 0 | 0 | 0 | 0 | 0 | 119 | 125 | 244 |
| 710220004 | Karmeshwor Secondary School | 22 | 29 | 51 | 72 | 66 | 138 | 129 | 123 | 252 | 129 | 133 | 262 | 111 | 123 | 234 | 463 | 474 | 937 |
| 710040012 | Kedar Nath Basic School | 4 | 10 | 14 | 14 | 20 | 34 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | 30 | 48 |
| 710040005 | Kedarshwor Basic School Chakuliya | 36 | 43 | 79 | 119 | 119 | 238 | 70 | 65 | 135 | 0 | 0 | 0 | 0 | 0 | 0 | 225 | 227 | 452 |
| 710410002 | Krishna Dhwaj Chand Secondary School Khaira - Godchaura | 12 | 8 | 20 | 38 | 37 | 75 | 56 | 45 | 101 | 40 | 38 | 78 | 0 | 0 | 0 | 146 | 128 | 274 |
| 710410014 | Madinun Nuru Maharihmul Ulum Madrassa Khaira | 6 | 4 | 10 | 19 | 8 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 25 | 12 | 37 |
| 710040013 | Madrasha Goushya Ulum Kadha | 12 | 16 | 28 | 18 | 14 | 32 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 30 | 30 | 60 |
| 710410019 | Mahadewali Acadamy Mahadewali | 30 | 51 | 81 | 30 | 35 | 65 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 60 | 86 | 146 |
| 710220001 | Mahendra Ma V. Pagiyapasar | 4 | 6 | 10 | 30 | 27 | 57 | 54 | 30 | 84 | 17 | 6 | 23 | 0 | 0 | 0 | 105 | 69 | 174 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 710040002 | Mahunyal Ma Vi | 23 | 22 | 45 | 172 | 196 | 368 | 286 | 201 | 487 | 147 | 134 | 281 | 204 | 113 | 317 | 832 | 666 | 1498 |
| 710220005 | Man Mohan Basic Himmatpur | 15 | 13 | 28 | 51 | 37 | 88 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 66 | 50 | 116 |
| 710040016 | Motherland English Medium School Bhajani | 8 | 19 | 27 | 59 | 77 | 136 | 8 | 16 | 24 | 0 | 0 | 0 | 0 | 0 | 0 | 75 | 112 | 187 |
| 710410013 | Multiple Bidhya Mandir Bhajani | 35 | 38 | 73 | 100 | 168 | 268 | 23 | 48 | 71 | 0 | 0 | 0 | 0 | 0 | 0 | 158 | 254 | 412 |
| 710220009 | Nawa Durga Basic School Pagiyapasar | 3 | 12 | 15 | 26 | 11 | 37 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 29 | 23 | 52 |
| 710190001 | Nawa Jyoti Basic School Bijuliya | 10 | 4 | 14 | 42 | 39 | 81 | 43 | 31 | 74 | 0 | 0 | 0 | 0 | 0 | 0 | 95 | 74 | 169 |
| 710040008 | Pragati Pra V. Gaunahiya | 11 | 11 | 22 | 3 | 4 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 14 | 15 | 29 |
| 710220010 | Pushpanjali Acadamy Charra | 50 | 74 | 124 | 38 | 76 | 114 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 88 | 150 | 238 |
| 710190012 | Radhakrishna English Boarding School | 33 | 32 | 65 | 30 | 34 | 64 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 63 | 66 | 129 |
| 710190004 | Rashtriya Secondary School Khailad, Kailali | 5 | 9 | 14 | 42 | 37 | 79 | 51 | 50 | 101 | 39 | 37 | 76 | 43 | 37 | 80 | 180 | 170 | 350 |
| 710190005 | Rastriya Ma V Pachmudiya | 11 | 10 | 21 | 50 | 33 | 83 | 92 | 87 | 179 | 40 | 22 | 62 | 0 | 0 | 0 | 193 | 152 | 345 |
| 710410004 | Rastriya Ma Vi Paltupur | 17 | 21 | 38 | 74 | 63 | 137 | 72 | 64 | 136 | 49 | 33 | 82 | 0 | 0 | 0 | 212 | 181 | 393 |
| 710040004 | Rastriya secondary school dhusi | 14 | 10 | 24 | 37 | 44 | 81 | 29 | 47 | 76 | 13 | 8 | 21 | 0 | 0 | 0 | 93 | 109 | 202 |
| 710410005 | Rastriya secondary school Mahadewaly | 15 | 10 | 25 | 22 | 21 | 43 | 19 | 29 | 48 | 18 | 9 | 27 | 0 | 0 | 0 | 74 | 69 | 143 |
| 710410006 | Saraswati Secondary School | 9 | 8 | 17 | 26 | 15 | 41 | 28 | 29 | 57 | 36 | 35 | 71 | 36 | 29 | 65 | 135 | 116 | 251 |
| 710040010 | Saraswoti Pra V. Jawalpur | 8 | 8 | 16 | 19 | 18 | 37 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 27 | 26 | 53 |
| 710220008 | Saraswoti Shishu | 6 | 4 | 10 | 18 | 9 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 24 | 13 | 37 |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Sadan Pra V | | | | | | | | | | | | | | | | | | |
| 710410007 | Shiva Basic School Chhachharahawa | 4 | 16 | 20 | 25 | 24 | 49 | 38 | 22 | 60 | 0 | 0 | 0 | 0 | 0 | 0 | 67 | 62 | 129 |
| 710190007 | Shiva Pra V. Ganjahuwa | 6 | 5 | 11 | 44 | 26 | 70 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 50 | 31 | 81 |
| 710190009 | Sonpal Pra V | 10 | 7 | 17 | 53 | 50 | 103 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 63 | 57 | 120 |
| 710220002 | Trinatra Bright Ebs Charra | 48 | 75 | 123 | 49 | 92 | 141 | 10 | 15 | 25 | 0 | 0 | 0 | 0 | 0 | 0 | 107 | 182 | 289 |
| 710410001 | Tripura Sundary Basic School Krishnanagar | 9 | 21 | 30 | 57 | 49 | 106 | 35 | 42 | 77 | 0 | 0 | 0 | 0 | 0 | 0 | 101 | 112 | 213 |
| 710190014 | Unique Ebs | 20 | 44 | 64 | 31 | 26 | 57 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 51 | 70 | 121 |

श्रोत IEMS २०८१

## भजनी नगरपालिकाको जनसंख्या र साक्षरता विवरण

| क्र.सं. | वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | | | जम्मा जनसंख्या मध्यको साक्षर जनसंख्या १५-६० बर्ष | | | जम्मा जनसंख्या मध्यको साक्षर जनसंख्या ६०बर्ष भन्दा माथि | | | जम्मा जनसंख्या मध्यको निरक्षर जनसंख्या १५-६०बर्ष | | | जम्मा जनसंख्या मध्यको निरक्षर जनसंख्या ६०बर्ष भन्दा माथि | | | कैफियत १५ -६० बर्ष उमेर समुहको निरक्षर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | १ | १२४७ | ३४३६ | ३५९९ | ७०३५ | २१३५ | २१७५ | ४३१० | ६२ | १२३ | १८५ | २३६ | १८६ | ४२२ | १५६ | १०९ | २६५ | ८.९१८ |
| २ | २ | ८६६ | २५७७ | २५६१ | ५१३८ | १४२७ | १५९१ | ३०१८ | २८ | ६३ | ९१ | २०५ | १४८ | ३५३ | १५७ | ९३ | २५० | १०.४७१ |
| ३ | ३ | ११०६ | ३११४ | ३१९३ | ६३०७ | १९५४ | २११७ | ४०७१ | ८७ | १२९ | २१६ | १९२ | १११ | ३०३ | १५४ | ८२ | २३६ | ६.९२७ |
| ४ | ४ | १३३० | ३९३२ | ३९४६ | ७८७८ | २४२५ | २५६७ | ४९९२ | ७६ | ११८ | १९४ | २४७ | १५० | ३५७ | १९९ | ११३ | ३१२ | ७.३६६ |
| ५ | ५ | ११५४ | ३५७९ | ३६६२ | ७२४१ | २०५५ | २१९९ | ४२५४ | ३८ | ५८ | ९६ | ३४२ | २११ | ५५३ | १४९ | ९० | २३९ | ११.५०४ |
| ६ | ६ | ११७६ | ३३२२ | ३३२२ | ६६४४ | २१२९ | २२७५ | ४४०४ | ६२ | १३५ | १९७ | २२० | १३५ | ३५५ | २१६ | १२८ | ३४४ | ७.४५९ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ७ | ८४२ | २५३८ | २७९१ | ५३२९ | १३८३ | १६५२ | ३०३५ | २१ | ५६ | ७७ | ३२६ | २१७ | ५४३ | १३२ | ८१ | २१३ | १५.१७६ |
| ८ | ८ | १२०२ | ३२६१ | ३१८९ | ६५५० | २०२० | २१४४ | ४१६४ | ५४ | १०७ | १६१ | २५४ | १७० | ४२४ | १८४ | ११२ | २९६ | ९.२४१ |
| ९ | ९ | १४८८ | ३६१६ | ३५७७ | ७१९३ | २१७६ | २३४७ | ४५२३ | ५१ | ८९ | १४० | २५३ | १३१ | ३८४ | १८९ | ९९ | २८८ | ७.८२५ |
| | जम्मा | १०४११ | २९९७५ | २९९४० | ५९३१५ | १७७०४ | १९०६७ | ३६७७१ | ४७९ | ८७८ | १३५७ | २२७५ | १४५९ | ३७३४ | १५३६ | ९०७ | २४४३ | |

श्रोत स्थीति प्रतिबेदन २०८०

## १.२ मुख्य समस्याहरुः

- विद्यालयमा विद्यार्थी भर्ना दरमा वृद्धि नहुनु ।
- विद्यालयमा विद्यार्थी छोडने दर घटाउन नसकिनु ।
- पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरु हासिल गर्न नसक्नु ।
- बाल/लैङ्गिक/अपाङ्गता मैत्रिपूर्ण विद्यालय व्यवस्थापन नहुनु ।
- प्रयाप्त भौतिक पूर्वाधारको अभावले शैक्षिक सामग्रीहरुको उचित ब्यबस्थापन हुन नसक्नु ।
- स्थानीय पाठ्यक्रमको प्रवोधिकरण र प्रभावकारी कार्यान्वयन गर्न नसकिनु ।
- विषयगत र कक्षागत रुपमा कक्षामा शिक्षक दरवन्दी व्यवस्थापन नहुनु ।
- आपतकालिन अवस्थामा शिक्षालाइ निरन्तरता दिन नसक्नु ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पुऱ्याउन नसकिनु ।
- कक्षाकोठामा विद्यार्थीहरु नियमित उपस्थित नहुनु ।
- स्पष्ट सुचक अनुसार अनुगमन तथा मूल्याङ्कन नहुनु ।
- विद्यार्थी मूल्याङ्कन प्रणालीमा उल्लेख्य सुधार हुन नसक्नु ।
- शिक्षक उत्प्रेरणात्मक कार्यक्रम नहुनु ।
- शिक्षक पेशागत विकासका लागि आवश्यक तालिम कार्यक्रम सञ्चालन गर्न नसिकनु ।
- विद्यालय दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारीताको लागि भान्साकोठा,शोचालय तथा विद्यालय सरसफाइ व्यवस्थापन गर्न नसकिनु ।

## १.३ चुनौतिहरुः

- बालविकास केन्द्रमा न्युतम सिकाइ मापदण्ड पूरा गर्न ।
- अनिवार्य र निःशुल्क शिक्षा ऐन कार्यान्वयन गर्न ।
- विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको मिलान तथा वितरण गर्न,
- समुदायलाई सामुदायिक विद्यालयहरुको अपनत्व स्वीकार गराउन ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ।
- विद्यालयहरुलाई नेट इन्टरनेटको पहुँचमा पुऱ्याउन ।
- स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री तथा पाठ्यपुस्तक विकास गर्न ।
- विद्यालयहरुमा आवश्यकता अनुसार भौतिक पूर्वाधारको विकास गर्न ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गरी टिकाइ राख्न ।
- विद्यालय विपद प्रतिकार्य योजना विकास तथा कार्यान्वयन गर्न ।

## १.४ अवसरहरुः

- शिक्षामा पहुँच र सहभागितामा  वृद्धि गर्ने ।

- शैक्षिक गुणस्तर सुधार गर्ने,
- शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने
- तिनै तहका सरकारबीच समन्वय,सहकार्य र जिम्मेवारी पूरा गर्ने
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,
- स्थानीय पाठ्यक्रम,पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण र कार्यान्वयन गर्ने
- सार्वजनिक विद्यालयप्रतिको जन चाँसो र अपनत्व ग्रहण गर्ने,
- प्राविधिक शिक्षाको विस्तारबाट रोजगारीका अवसर सिर्जना गर्ने,
- स्रोतको पहिचान तथा व्यवस्थापन

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

देशमा संघीयता पश्चातको शिक्षा व्यवस्थापनमा, संविधानले संघीयताका विभिन्न तहहरुको अधिकार र कार्यक्षेत्र विभाजन गरेपश्चात शिक्षा क्षेत्रमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम(SSDP)को समय सकिएसँगै तीनओटै तहका सरकारहरुले शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा योजना निर्माण भइरहेको,अहिलेको विश्वको बदलिँदो शैक्षिक परिवेश, नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धताहरु पुरा गर्नका लागि यो योजनाको तयारी गरिएको छ । विभिन्न प्रकोप, महामारीका र विपदका समयमा पनि बालवालिकाहरुको शिक्षालाई निरन्तरत दिनु जरुरी भएकोले यी विषयबस्तुलाई समेटेर योजना निर्माण गर्नु अहिलेको आवश्यकता हो । सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाउने पक्ष राष्ट्र नेपाल पनि भएकाले सो प्रतिबद्धता पुरा गर्न सहयोग गर्नुका साथसाथै राष्ट्रिय उपलब्धि प्राप्त गर्न समेत यो योजना अद्यावधिकको आवश्यकता परेको हो ।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानीय तहको काम,कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धी विद्यालय अनुमति देखि सञ्चालन एवम् नियमनको काम समेत स्थानीय तहहरुको भएकाले सोही वमोजिम विद्यालय तहको शिक्षा व्यवस्थापन र विकासको लागि यस योजनाले सहयोग गर्ने अपेक्षाका साथ यो १० वर्षे योजना निर्माण गरिएको हो । अबको शिक्षा योजनाले भविष्यका पिँढीहरूको आकांक्षा तथा आवश्यकतालाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, जिम्मेवार र कुशल नागरिक उत्पादनमा सहयोग पुऱ्याउनेछ । केन्द्रीकृत योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्न नसक्ने भएकाले, स्थानीय तहमा आवश्यकता अनुसार योजना निर्माण गर्न र तिनको आधारमा सङ्घीय शिक्षा योजना तयार गर्न पनि यस योजनाले महत्वपूर्ण योगदान पुऱ्याउनेछ । विगतका योजनाबाट प्राप्त उपलब्धिहरूको संरक्षण गर्दै शिक्षालाई अझ समयानुकूल, प्रतिस्पर्धी, नवप्रवर्तनमूलक, मूल्य उन्मुख र देशभक्तिपूर्ण बनाउने उद्देश्यले यो योजना औचित्यपूर्ण ठहरिने आधारमा तयार गरिएको हो । देहायका प्रमुख आधारहरूको आधारमा यस भजनी नगरपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरिएको हो:

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- शिक्षा ऐन, २०२८ (संसोधन सहित)
- शिक्षा नियमावली, २०५९ (संसोधन सहित)
- निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५
- राष्ट्रिय शिक्षा नीति, २०७६
- विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८९
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना, २०७६
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, २०७६
- सुदुरपश्चिम प्रदेशको ५ वर्षे आवधिक योजना

- विभिन्न समयमा नेपाल सरकार तथा सुदुरपश्चिम प्रदेश सरकारबाट बजेट तथा कार्यक्रममा प्रस्तुत नीति कार्यक्रमहरु तथा मार्ग निर्देशनहरु ।
- नगर सभामा पेश भएका नीति तथा कार्यक्रमहरु
- निर्वाचनका क्रममा जनप्रतिनिधीहरुबाट गरिएका प्रतिबद्धताहरु

**२.२ दूरदृष्टीः**

शिक्षामा सबैको समान पहुँच सहभागिता अभिबृद्धि गरी सक्षम, प्रतिष्पर्धी, व्यावहारिक तथा सिपयुक्त जनशक्ति निर्माण गरी **"गुणस्तरीय शिक्षा भजनीको सदिक्षा"** भन्ने ध्येयलाइ टेवा पुर्याउने

**२.३ लक्ष्यः**

विद्यालय शिक्षामा सबैको पहुँच पुर्‍याइ प्रतिस्पर्धी, प्रविधिमैत्री र गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष एवम् सिपमूलक जनशक्ति उत्पादन गर्ने ।

**२.४ उद्देश्यहरुः**

- विद्यालयमा सबै बालबालिकाहरुको लागि समान पहुँच र सहभागिता सुनिश्चित गर्नु
- आधारभूत तहको शिक्षा अनिवार्य तथा माध्यमिक तहको शिक्षा निशुल्क गरी सबै बालबालिकाको पढ्न पाउने अधिकारको सुनिश्चितता गर्नु ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार गर्नु ।
- विद्यालय शिक्षालाई आधुनिक सूचना प्रविधिसित जोड्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- प्रभावकारी सिकाइका लागि बालमैत्री वातावरणको सिर्जना गर्नु ।
- शिक्षकको पेशागत क्षमता विकास गर्नु ।
- विद्यालयमा शैक्षिक सुशासन,जवाफदेहिता र उत्तरदायित्वबोध गराउनु ।
- विद्यालयमा वृहत विद्यालय सुरक्षा योजना बनाई आपतकालिन अवस्थामा पनि पढाईलाई निरन्तरता दिनु ।
- विद्यालयलाई हरित विद्यालय बनाउनमा जोड दिनु ।

**२.५ रणनीतिहरुः**

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गरी त्यसलाई निरन्तरता दिइनेछ ।
- आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनःर्वितरण गरिने छ ।
- विद्यालयमा सबै बालबालिकाको पहुँच सुनिश्चितताको लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- आर्थिक रुपमा विपन्न,गरिब,पिछडिएका वर्ग तथा भिन्न क्षमता भएका बालबालिकाको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु गरिनेछ।
- बालविकास सहजकर्ताहरुको क्षमता विकासको लागि नगरपालीका तथा अन्य निकायसित समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन्।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधार गर्नको लागि सबै कक्षाहरुमा शिक्षक, विद्यार्थी तथा अभिभावकबाट निर्मित low cost शैक्षिक सामग्री निर्माण कार्यक्रम लागू गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धीका लागि सरोकारवाला बीच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागू गरिनेछ।
- शिक्षकको पेशागत सहयोगका लागि नगरस्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा अन्तरक्रिया कार्यक्रम लागू गरिनेछ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि नगरस्तरमा कार्यविधि बनाई विषय विज्ञको व्यवस्था गरि आवश्यकता अनुसार परिचालन गरिने छ ।
- शिक्षकको पेशागत विकासका लागि मागमा आधारित छोटो तथा लामो अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरभित्र रहेका गरिब असाय जेहेदार लगनसिल बिधार्थी को पहिचान गरि पालिका भित्र रहे का दाता हरु बाट रकम संकलन गरि अक्षेया कोष खडा गरि उनीहरु को क्षमता अनुसारको अध्यन खर्च को ब्यवस्था गरिने छ।
- नगरपालिका को शैक्षिक व्यवस्थालाई प्राभावकारी पार्नका लागि नगर स्तरीय नमूना विद्यालय कार्यक्रम लाइ प्राथमिकता अनुसार गरिनेछ।
- आवश्यकता अनुसार दरबन्दी मिलान गरी शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसार प्रअ व्यवस्थापन गरि प्र.अलाई विद्यालयको शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताको रुपमा विकास गर्दै लगिनेछ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन विद्यालयको नेतृत्व क्षमता विकास, कार्यसम्पादन करार सम्झौता गरि पुरस्कार र दण्ड जस्ता विभिन्न रणनीतिक कार्यक्रमहरु कार्यान्वियनमा ल्याइनेछ।
- नगरपालिका भित्र रहेका सामुदायीक अध्यन केन्द्र लाइ आबस्यकता का आधारमा परिस्कृत र सुदृढीकरण सहज कर्ता लाइ परिचालन गरिनेछ।
- नगरपालिका ले गरेका शिक्षा का राम्रा अभ्यास तथा सिकाइ लाइ अरु पालिका संग learning and shearing अभ्यास गरिने छ ।
- विपदको बेलामा पनि सिकाइलाई निरन्तरता दिनका लागि बृहत विद्यालय सुरक्षा योजना लागु गरी प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ।
- विद्यालयहरुलाइ हरित विद्यालय बनाउनको लागि जोड दिइनेछ।

- विद्यालयलाई आधुनिक सूचना प्रविधिसित जोड्न नगरपालीका  प्रविधिमैत्री सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गरिनेछ ।
- गरिब, आर्थिक रुपले विपन्न तथा दलित समुदायका बालबालिकाकोलागि निःशुल्क शिक्षाको विशेष व्यवस्था गरिनेछ ।
- नगरपालिका शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति,प्रअ मार्फत निरन्तर शिक्षण सिकाइको अवस्थाबारे बुझ्न र थप प्रोत्साहनका कार्यका लागि सुपरीवेक्षणलाई निरन्ता प्रदान गरिनेछ ।
- विद्यालयको शैक्षिक सुधारका लागि विद्यालय व्यवस्थापन समितिलाई बढि जिम्मेवार बनाइ दण्ड र पुरस्कारको व्यवस्था लागु गरिनेछ ।

## २.६ कार्यनीति

- सबै बालवालिकाको सामाजिक, सास्कृतिक विविधता सम्वोधन गर्दै, विशेष गरी बालविकासमा मातृभाषामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी, बालबालिकाहरुको  समान  पहुँच तथा सहभागिता सुनिश्चितता गरिनेछ ।
- विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या निराकरण गर्न दिवा खाजा, छात्रवृत्ति लगायत प्रोत्साहन मूलक कार्यक्रम निरन्तरता दिइनेछ ।
- विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गरी अपुग शिक्षक गाउँपालिकाले गाउँ शिक्षक नियुक्त गरी विद्यार्थीको पढाइ सुनिश्चित गरिनेछ ।
- संघीय र प्रदेश सरकारसँग लागत साझेदारी कार्यक्रममार्फत बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ ।
- स्थानीय परिवेश अनुसार स्थानीय पाठ्यक्रम सशोंधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी ज्ञान सिप दिई क्षमता विकास गरिनेछ ।
- असहाय, सुविधाबिहिन सीमान्तकृत, तथा अपांङ्गता भएका बालबालिकालाई लागि विशेष प्राथमिकता दिई आवश्यकताका आधारमा त्यस्ता बालबालिकाहरुलाई आधारभूत देखि माध्यमिक तहसम्म निशुल्क शिक्षा दिइनेछ ।
- विद्यार्थीको पढाइको अवस्थामा सुधार ल्याउनको लागि पठन सीप विकास तथा गणितिय सीप विकासका क्रियाकलापहरुलाइ विद्यालयमा नियमित गरिनेछ ।
- कक्षाकोठामा  शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन उपलव्ध शैक्षिक सामग्रीहरु प्रयोग गर्नमा जोड दिई कक्षा अवलोकन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता कार्यहरुमा प्राथमिकता दिईनेछ ।
- विद्यालयहरुमा सिकाइ कुना, पुस्तकालय, प्रयोगशालाको व्यवस्था गर्न आवश्यक जोड दिईनेछ ।

- कक्षाकोठा व्यवस्थापनका साथसाथै स्थानीय शैक्षिक सामाग्री निर्माण गरी त्यसको उचित प्रयोग गरी बालमैत्री वातावरणमा शिक्षाण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
- अभिभावकहरुको लागि सचेतना अभियान सञ्चालन गरी विद्यालयमा विद्यार्थीको नियमित उपस्थितिको लागि पहल गर्ने
- विद्यालयमा प्रकोप जोखिम न्युनिकरण र जलवायु परिवर्तन रोकथामको लागि बृहत विद्यालय सुरक्षा योजना बनाउन लगाउँने ।
- आपतकालिन अवस्थामा समेत शिक्षालाइ निरन्तरता दिन विद्यालयलाइ प्रविधिमैत्री बनाउने,शिक्षकहरुलाइ तालिम प्रदान गर्ने
- सामुदायिक सिकाइ केन्द्रहरु मार्फत निरन्तर सिकाइ कार्यक्रम निरन्तरता दिइनेछ ।
- प्राविधिक शिक्षा सञ्चालन गर्नका लागि प्रदेश तथा संघीय सरकारसँग गरिने छ ।
- अनौपचारीक तथा आजीवन सिकाइ कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सबै विद्यालयलाई हरित विद्यालय बनाउनका लागी पहल गर्ने ।

## २.७ अपेक्षित उपलब्धि

यो शिक्षा योजना लागु भएपश्चात यस नगरपालिकाको शिक्षा क्षेत्रमा तपसिलका उपलब्धिहरु प्राप्त भएको हुनेछ

- सबै बालबालिकाको विद्यालय शिक्षामा समान पहुँच सुनिश्चित भएको हुने छ ।
- माध्यमिक शिक्षा गुणस्तरीय,जीवनोपयोगी र प्रविधिमैत्री भएको हुने छ ।
- बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुने छ ।
- स्थानीय पाठ्यक्रम समय सापेक्ष संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ ।
- विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी व्यवस्थापन भएको हुने छ ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ ।
- अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित भएको हुने छ ।
- विद्यालयमा वृहत विद्यालय सुरक्षा सम्बन्धि योजना बनाइ आपतकालिन अवस्थामा पनि विद्यार्थीहरुको सिक्ने पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।
- प्रत्येक विद्यालयमा वृक्षारोपण गरी हरित विद्यालय बनेको हुने छ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष निर्धारण

नगरपालिकाको योजनामा सर्बसम्मत रूपमा सहमत गरिएका शैक्षिक उद्देश्यहरू र शिक्षाका विकासात्मक लक्ष्यहरू प्राप्तिका लागि तर्कसंगत रुपमा गरिएका निर्णयहरूका आधारमा भविष्यमा गरिने क्रियाकलापहरुको कार्यान्वयनको बारेमा उल्लेख गरिएको छ 1 राष्ट्रिय शैक्षिक बिकासको ढाँचाका आधारमा योजनाले के के हासिल गर्न खोजेको हो भन्ने सरोकार र प्रावधानहरुलाई मूल विषयहरु बनाई आधार वर्षको शैक्षिक अवस्थाको गहन विश्लेषण साथै हाल उपलब्ध स्रोतहरूको प्रारम्भिक मूल्याङ्कनबाट प्राप्त सूचकगत नतिजाहरुको आधारमा भावी लक्ष्यहरू निदान गर्नु

पर्दछ । लक्ष्य निर्धारण प्रक्रियाले शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारहरूको पक्षलाई समग्र विकास ढाँचामा जोड्न योजनाकारहरूको दृष्टिकोणलाई प्रतिविम्बित गर्दछ। शैक्षिक विकासका लक्ष्यहरूको किटान गर्दा वर्तमान अवस्थाको सही विश्लेषण गरी हाल हासिल भइरहेका उपलब्धिहरु र सम्बन्धित विषय क्षेत्रमा देखिएका समस्या तथा कमजोरीहरू र तिनको प्राथमिकताहरूलाई ध्यान दिनुपर्दछ। योजनाका लक्ष्यहरू मात्रात्मक हुन्छन

नगरपालिकाले १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। जसमा उक्त योजनाको कार्यान्वयनबाट गाउँपालिकाले कुन कुन क्रियाकलापहरु सञ्चालन गर्ने र त्यसको प्राप्तिको लक्ष्य के कति राख्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ । आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सूचकगत राष्ट्रिय लक्ष्यहरू सहितको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। तालिकामा प्रस्तुत सूचकहरूको आधारमा बर्तमान अवस्था विश्लेषण गर्न विकास गरिएका र दिगो विकास लक्ष्य ४ को National Indicator Framework (NIF) मा उल्लेखित सूचकहरुबाट मुख्यमुख्य कार्यसम्पादन सूचकहरु तय गरिएकाले पालिका तहको शिक्षा योजनामा पनि यस तालिकामा उल्लेखित सूचकहरू राखिएको छ।

| क्र.स. | सूचक | राष्ट्रिय र स्थानीय तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कूल भर्नादर % | स्थानीय | १३३.९ | १३१ | ११५ | १०० | Flash report | |
| | | राष्ट्रिय | ८६.२ | | | | | |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभब लिई कक्षा १ मा भर्ना भएका बालबालिका % | स्थानीय | ६७.९२ | ६८.२ | ७० | ८० | Flash report | IEMIS |
| | | राष्ट्रिय | ६८.६ | | | | | |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रबेश दर% | स्थानीय | १८.०९ | २० | ३१ | ५२ | | IEMIS |
| | | राष्ट्रिय | ९६.९ | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको कुल प्रवेश दर% | स्थानीय | १२९.७४ | १२७ | ११८ | ११० | Flash report | |
| | | राष्ट्रिय | १२१.९ | | | | | |
| २.३ | आधारभूत तह(कक्षा १-५) को खुद भर्नादर% | स्थानीय | ५७.२४ | ५९.२३ | ६५ | ७५ | | IEMIS |
| | | राष्ट्रिय | ९७.१ | | | | | |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर% | स्थानीय | १५३.५३ | १५० | १३० | ११५ | | |
| | | राष्ट्रिय | ११९.२ | | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद भर्ना दर% | स्थानीय | ३.३६ | ५ | १५ | २५ | | IEMIS |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर% | स्थानीय | १०३.४६ | १०३ | १०१ | १०० | | |
| | | राष्ट्रिय | ११३. | | | | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर% | स्थानीय | ४२.५२ | ४५ | ६० | ८५ | | विद्यालयहरू |
| | | राष्ट्रिय | ९३. | | | | | |
| २.८ | आधारभूत तह (कक्षा ५) पुरा गर्ने | स्थानीय | ४२.५२ | ४५ | ६० | ८५ | | विद्यालयहरू |

| क्र.स. | सूचक | राष्ट्रिय र स्थानीय तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | दर% | राष्ट्रिय | ८५.५ | | | | | |
| २.९ | आधारभूत तह(कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका% | स्थानीय | २१.८७ | २० | १६ | १० | | IEMIS |
| | | राष्ट्रिय | २२.२ | | | | | |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०१ | १.०० | १.०० | १.०० | | IEMIS |
| | | राष्ट्रिय | १.०६ | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्नादर% | स्थानीय | ४२.४८ | ४५.२३ | ५५ | ७२ | | IEMIS |
| | | राष्ट्रिय | ९३.४ | | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्नादर% | स्थानीय | ९१.०९ | ९१ | ९५ | १०० | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर% | स्थानीय | ४३.१६ | ४५ | ६० | ७५ | | विद्यालयहरू |
| | | राष्ट्रिय | ७९.३ | | | | | |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर% | स्थानीय | ४३.१६ | ४५ | ६० | ७५ | | विद्यालयहरू |
| | | राष्ट्रिय | ७२.२ | | | | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.१३७ | १.३५ | १.१० | १.०१ | | IEMIS |
| | | राष्ट्रिय | १.०१ | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका ) बालबालिक % | नेपाली | ५६ | ५८ | ६२ | ६६ | | |
| | | | | | | | | |
| | | अंग्रेजी | ५९ | ६० | ६५ | ७० | | |
| | | | | | | | | |
| | | गणित | ५६ | ५८ | ६२ | ६६ | | |
| | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ५ को आधारभूत तह हासिल भएका ) बालबालिक % | नेपाली | ५९ | ६० | ६२ | ६७ | | |
| | | | | | | | | |
| | | गणित | ५७ | ५९ | ६५ | ७० | | |
| | | | | | | | | |
| | | अंग्रेजी | ६१ | ६२ | ६६ | ७० | | |
| | | | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिक % | नेपाली | ६२ | ६४ | ६७ | ७० | | |
| | | | | | | | | |
| | | गणित | ५२ | ५४ | ५८ | ६२ | | |
| | | | | | | | | |
| | | विज्ञान | ६३ | ६४ | ७० | ७५ | | |
| | | | | | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका % | आधारभूत तह (कक्षा | ५ | ४ | ३ | ० | | |
| | | | | | | | | |

| क्र.स. | सूचक | राष्ट्रिय र स्थानीय तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | १-५ ) | | | | | | |
| | | आधारभूत तह (कक्षा १-८) | ४ | ३ | २ | ० | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | स्थानीय | ३४.४८ | ३५ | ४० | ४५ | | नगरपालिका |
| | | राष्ट्रिय | ४३.७ | | | | | |
| ३ | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर% | स्थानिय | १७.२१ | १९ | २५ | ४० | | |
| | | राष्ट्रिय | ८६।१६ | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर% | स्थानिय | ४६.२४ | ४८ | ५५ | ६० | | |
| | | राष्ट्रिय | ११२.९ | | | | | |
| ३.३ | माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानिय | १.३९ | १.३८ | १.३० | १.२० | | |
| | | राष्ट्रिय | १.२२ | | | | | |
| ३.४ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर % | स्थानिय | २७.५६ | २८.५ | ४० | ६० | | |
| | | राष्ट्रिय | ७५.८ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएकामध्ये कक्षा १२ मा पुग्ने दर % | स्थानिय | ९.६७ | १२ | २० | ३० | | |
| | | राष्ट्रिय | २४ | | | | | |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१२)मा कार्यरत महिला शिक्षक सङ्ख्या % | स्थानिय | ६.६६ | ७ | १५ | २० | | |
| | | राष्ट्रिय | २०.६ | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या % | स्थानिय | ७.१७ | ८ | १५ | २० | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.८ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि | स्थानिय | ५९ | ६० | ६५ | ७० | | |
| | | राष्ट्रिय | | | | | | |
| | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि)% | स्थानीय | ८६.०५९ | ९५.६७ | ९७ | १०० | | flash report |
| | | राष्ट्रिय | ५८. | | | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) % | स्थानीय | ८८.३० | ९५.५१ | ९७.३२ | १०० | | |
| | | राष्ट्रिय | ८२. | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर | स्थानीय | ९८.९२ | १०० | १०० | १०० | | |

| क्र.स. | सूचक | राष्ट्रिय र स्थानीय तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | समूह) | राष्ट्रिय | ९२. | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता ( १५ वर्ष भन्दा माथि) | स्थानीय | ०.९१ | ०.९५ | ०.९७ | १.०० | | |
| | | राष्ट्रिय | ०.६५ | | | | | |
| ५ | प्रविधिक तथा व्यवसायिक शिक्षा विकास र सिप विकास तालिम | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति % | स्थानीय | | | | | | |
| | | राष्ट्रिय | ३१. | | | | | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ डिप्लोमा, प्रि डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | | | | | | |
| | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| | | | | | | | | |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३९.५८ | ४० | ४५ | ५० | | |
| | | राष्ट्रिय | २४:०१:०० | | | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ७६.१२ | ७५ | ६२ | ५० | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८)मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४७.९ | ४७.९१ | ४९ | ५० | | |
| | | राष्ट्रिय | ३३:०१:०० | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५६.८५ | ५६ | ५३ | ५० | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२)मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | ५२.९१ | ५२ | ५१ | ५० | | |
| | | राष्ट्रिय | ४१:०१:०० | | | | | |
| ७ | शिक्षामा लगानी | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा बिनियोजित बजेट | स्थानीय | २४ | २५ | २६ | २८ | | |
| | | राष्ट्रिय | १०.६८ | | | | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | २५ | २७ | २८ | ३० | | |
| | | राष्ट्रिय | १८ | | | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यर्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | २३ | २४ | २६ | २८ | | |
| | | राष्ट्रिय | | | | | | |

# परिच्छेद-३ विद्यालय शिक्षाका उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर भन्ने जनाउँदछ । त्यसैगरी यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण (शारीरिक, वौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षहरुको समुचित) विकासका लागि स्वास्थ्यकर्मी,शिक्षक, सहयोगी कार्यकर्ताहरु, अभिभावक तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यहरुलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । प्रारम्भिक बालविकासको मुख्य उद्धेश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाई एवम् संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो । दीगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्षरुपमा प्रारम्भिक बालविकाससँग सम्वन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ ।

### ३.१.१ वर्तमान अवस्थाः

भजनी नगरपालिका भित्र हाल ५६ वटा विद्यालयमा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् जसमध्ये सामुदायिक प्रारम्भिक बालविकास केन्द्रहरू ४ वटा, विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरू ३७ र संस्थागत रुपमा १५ वटा रहेका छन् । प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय र समुदाय दुबैमा सञ्चालन गरिएको छ । विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्र भन्दा समुदायमा सञ्चालन गरिएका बालविकास केन्द्रहरूको शैक्षिक तथा भौतिक पक्ष तुलनात्मक रुपमा कमजोर देखिन्छ । हाल प्रारम्भिक बालविकास केन्द्रमा हाल ६४ जना शिक्षकहरू कार्यरत छन् । यस नगरपालीका पालिकाको प्रारम्भिक बालविकास शिक्षामा भर्ना दर ९२.४ प्रतिशत रहेको छ । प्रत्येक वर्ष कूल भर्नादरमा सुधार देखिन्छ भने प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा एकमा भर्ना भएका बालबालिकाहरूको हाल ९३.१ प्रतिशत रहेका छन् ।

विद्यालय तथा सामुदायिक वालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुको विवरण

| क्र.सं. | सहजकर्ताको नाम | विद्यालय वालविकास केन्द्रको नाम | नियुक्ती मिति | कैफियत |
|---|---|---|---|---|
| १ | अमृता साउद | मुहन्याल मा विं | २०६६/०३/०५ | १ |
| २ | राम कुमारी चौधरी | श्री राष्टिय मां वि पचमुडिया | २०६५/०१/०१ | २ |
| ३ | कल्पना चौधरी | श्री कृष्णध्वजचन्द मा.बि. | | ३ |
| ४ | सरस्वती भण्डारी | श्री महेन्द्र मा. बि.पगियापसार | २०६४/०९/१६ | ४ |
| ५ | भुजुराम चौधरी | श्री राष्ट्रिय मा. बि., पल्टुपुर | २०६२/०६/१२ | ५ |
| ६ | सिता देवी कठरिया | श्री राष्ट्रिय मा. बि., पल्टुपुर | २०६२/०७/०६ | ६ |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्रतिभा चौधरी | कनरा आ.वि. , कुडी | | ७ |
| ८ | गंगा चौधरी | सरस्वती मा.वि., नवलपुर | २०६२/१०/०१ | ८ |
| ९ | सरिता कु चौधरी | कर्मेश्वर मा.वि., कुटी | २०६८/१०/०२ | ९ |
| १० | सुरज कुमारी चौधरी | कर्मेश्वर मा.वि., कुटी | २०६५/०३/०६ | १० |
| ११ | धर्मा देवी चौधरी | राष्ट्रिय मा.वि., महादेउली | २०६३/११/०५ | ११ |
| १२ | पवित्रा कु चौधरी श्रेष्ठ | राष्ट्रिय मा.वि., महादेउली | २०६४/०९/०१ | १२ |
| १३ | राधा न्युपाने | राष्ट्रिय मा.वि., खैलाड | २०६३/०४/०८ | १३ |
| १४ | दिलु थापा | दूर्गा मा.वि., कुसुमघाट | | १४ |
| १५ | हरिराम चौधरी | दूर्गा मा.वि., कुसुमघाट | | १५ |
| १६ | प्रमिला चौधरी | केदारेश्वर आ.वि. | | १६ |
| १७ | रामपति चौधरी | केदारेश्वर आ.वि. | २०६५/०८/११ | १७ |
| १८ | गिता के.शी. | नवज्योति आ.वि., विजुलिया | २०६२/१०/०२ | १८ |
| १९ | गंगाराम चौधरी | गुप्तेश्वर आ.वि., ओखरपुर | २०६४/०८/०४ | १९ |
| २० | बिष्णा सिह | शिवआ.वि., गंजवा | २०६८/०४/२९ | २० |
| २१ | सन्ध्या जैसी | कालिकाआ.वि., | | २१ |
| २२ | ममता चौधरी | शिवआ.वि.छछरहवा | | २२ |
| २३ | विनिता कर्ण | बालविद्यामन्दिर आ.वि.,ठेंगरपुर | | २३ |
| २४ | भोज कुमारी थापा | हलौना बाबाआ.वि. | | २४ |
| २५ | सुनिता देवी लोनिया | हलौना बाबाआ.वि. | २०६८/०३/०८ | २५ |
| २६ | सरु कुमारी चौधरी | जनजागृतीआ.वि.थापापुर | | २६ |
| २७ | गुडानी कमारी चौधरी | मनमोहन स्मृतिआ.वि., हिम्मतपुर | | २७ |
| २८ | जानकी कुमारी चौधरी | सरस्वतीआ.वि., जवलपुर | | २८ |

| | | | | |
|---|---|---|---|---|
| २९ | अस्मिता चौधरी | सोनपालआ.वि., भुरुवा | २०६४/०८/१३ | २९ |
| ३० | सुनिता चौधरी | राष्ट्रिय मा.वि., धुसी | | ३० |
| ३१ | दुतरानी डगौरा | गणेशमानआ.वि., चर्रा | | ३१ |
| ३२ | प्रदेश कुमारी चौधरी | ज्ञानोदयआ.वि., पहलवान | २०६८/०१/०२ | ३२ |
| ३३ | कौशिला शाही | कालिकाआ.वि.झलझलिया | | ३३ |
| ३४ | रामवली महतो | केदारनाथआ.वि. | | ३४ |
| ३५ | अजिता चौधरी | त्रिपूरा सून्दरी आ.वि.,कृष्णनगर | २०६७/०८/१८ | ३५ |
| ३६ | प्रेम बहादुर बोहरा | नवदूर्गा आ.वि. | २०७८/०४/१६ | ३६ |
| ३७ | दुर्गा कुमारी साउद | सरस्वतीशिशू सदनआ.वि., कौवाखेडा | | ३७ |
| ३८ | विर बहादुर चौधरी | बाबाईभनआ.वि. | | ३८ |
| ३९ | सुनिता चौधरी | बालउद्यानआ.वि., बसाह | २०६८/०४/१८ | ३९ |
| ४० | लाल कुमारी चौधरी | मदर्शा गौसियाआ.वि. | | ४० |
| ४१ | अनिता चौधरी | प्रगतिआ.वि., गौन्हैया | २०६०/१०/१५ | ४१ |
| ४२ | बिमला चौधरी | प्रगतिआ.वि., गौन्हैया | २०६५/०९/०८ | ४२ |
| ४३ | गिता चौधरी | मदिनतून्नूर मदर्शा उलूमआ.वि. | २०६०/११/२८ | ४३ |
| ४४ | लक्ष्मी खनाल | महुन्याल बालविकास केन्द्र | २०६५/०८/०१ | ४४ |
| ४५ | निर्मला कुमारी देउवा बम | बालविद्यामन्दिर आ.वि.,ठेंगरपुर | | ४५ |
| ४६ | तुल्सी खड्का | शैलेश्वरी वालविकास केन्द्र, रजवारा | २०६६/०१/०५ | ४६ |
| ४७ | सरस्वती चोधरी | शिखर वालविकास केन्द्र, तिनघरुवा | | ४७ |
| ४८ | अनुजा देवी हम | सुर्यमुखी बालविकास केन्द्र लालभोझी | २०६३/०७/२८ | ४८ |
| ४९ | मिना कुमारी चौधरी | रा.मा.वि.पल्टुपुर | | |

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

- बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकासमा सबै वालबालिकाहरुको पहुच र सहभागिता सुनिश्चित गर्नु ।
- प्रारम्भिक बालविकासका सिकाइ मापदण्डहरुको सुनिश्चितता गर्नु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.३ रणनीतिहरु

उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिनेछनः

- जटिल भौगोलिक क्षेत्रमा वसोवास गर्ने समुदायका बालबालिका तथा अपाङ्गता भएका, ४ वर्ष उमेर समूहका बालबालिकाहरुलाई समेट्नका लागि आवश्यकता अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरु विकास गरी पहुँच सुनिश्चित गर्ने ।
- सबै बालविकास सहजकर्तालाई तालिमको व्यवस्था गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने ।
- कक्षा १ मा भर्ना हुन प्रारम्भिक बालविकास केन्द्रको अनुभवलाई क्रमशः अनिवार्य गर्दै लैजाने ।
- प्रारम्भिक बालविकास शिक्षामा अन्य कक्षा सरह भर्ना अभियान सञ्चालन गर्न लगाई बालविकास उमेर समूहका कोही पनि बालबालिका प्रारम्भिक बालविकास  शिक्षावाट वञ्चित नरहेको क्षेत्र घोषणा गर्न लगाउँने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तहको कुल भर्नादर शत प्रतिशत पुगेको हुनेछ ।
- भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास बालविकास शिक्षामा पहुँच पुगेको हुनेछ ।
- कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने  बालबालिका शत प्रतिशत पुगेको हुनेछ ।
- बालविकास केन्द्रका सहजकर्ता शत प्रतिशत तालिम प्राप्त हुनेछन ।

**नतिजाहरु**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
- भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, तथा घुम्ति प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरु विकास हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा तिनै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुने ।
- सबै बालविकास केन्द्रमा न्युनतम  आधारभूत भौतिक सुविधाको पहुँच पुगेको हुनेछ ।

**विस्तृत विवरण तलको तालिकाबाट प्रस्तुत गर्न सकिन्छ:**

| क्षेत्रहरु | आ .व २०८१/०८२ | आ .व २०८२/०८३ | आ .व २०८३/०८४ | आ .व २०८४/०८५ | आ.व २०८५/०८६ | आ.व २०८६/०८७ |
|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालयको संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| संस्थागत विद्यालयको संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ |
| ECD विद्यार्थी संख्या | २२०१ | २३५० | २४०० | २५०० | २७०० | २८०० |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर % | ९२.४ | ९४ | ९६ | ९७ | ९८ | ९९ |
| प्रारम्भिक बालबिकास र शिक्षाको अनुभव लिइ कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका % | ९३.१ | ९५ | ९५.७ | ९७ | ९८ | ९९.२ |

प्रारम्भिक बाल विकास शिक्षा उमेर समूहका बालबालिकाहरूको शारीरिक,सामाजिक, संवेगात्मक,अध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी विद्यालय शिक्षाको लागि तयार गर्नु।

| **सवल पक्षहरु** | **सुधार गर्नुपर्ने पक्षहरु** | **व्यवस्थापनका कार्यनीतिहरु** | **कार्यक्रमहरु** |
|---|---|---|---|
| ➢ ECD को अनुभव लिएर विद्यालय प्रवेश गर्ने वालवालिकाहरुको प्रतिशत उल्लेखनीय वृद्धि भएको छ।<br>➢ ECD Center हरु निरन्तर वृद्धि हुंदै आएका छन।<br>➢ ६४ वटा प्रारम्भिक | ➢ ECD उमेरका केही वालवालिकाहरुलाई पूर्व प्राथमिक शिक्षाको अवसर उपलव्ध गराउन सकिएको छैन।<br>➢ ECD को माग वढी छ । मागलाई सम्वोधन गर्न सकिएको छैन। | ➢ वालविकास कार्यक्रमलाई वालमैत्री वनाइने।<br>➢ नगर शिक्षा समितिको बैठकबाट निर्णय गरी सबै प्रारम्भिक बालबिकास कक्षा/केन्द्रहरूको मातृ | ➢ वालविकास केन्द्र नक्सांकन तथा पुर्न वितरण<br>➢ नमुना वालविकास केन्द्र स्थापना<br>➢ विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालय भर्ना |

| | | | |
|---|---|---|---|
| वालविकास केन्द्र सञ्चालनमा रहेका छन।<br>➢ प्रारम्भिक वालविकास केन्द्रमा अध्ययनरत वालवालिकाहरुको संख्या २४५३ रहेको छ । | ➢ ECD हरुलाई ECDको मापदण्ड अनुसार व्यवस्थितरुपवाट संचालन गर्न सकिएको छैन ।<br>➢ ECDलाई समुदाय स्तरमा अपेक्षित रुपमा स्थापित गर्न सकिएको छैन।<br>➢ ECDविद्यालय शिक्षाको आधारभूत शर्त हो भन्ने मान्यतालाई सरोकारवाला माझ अपेक्षा अनुरुप स्थापित गराउन सकिएको छैन।<br>➢ ECDको स्थापना सञ्चालन व्यवस्थापन र रेखदेखमा व्यवस्थापन समितिलाई जिम्मेवार वनाउन सकिएको छैन।<br>➢ ECDलाई भौगोलिक अवस्था र जनसंख्याको हिसावमा मिलान गर्न सकिएको छैन।<br>➢ वालविकास केन्द्रमा कार्यरत शिक्षकको पेसागत सुरक्षा तथा विकास गर्न सकिएको छैन्।<br>➢ प्रारम्भिक वालविकास केन्द्रलाई वालवालिकाको रुचिको क्षेत्र बनाउन सकिएको छ्रैन्। | विद्यालय तोकिनेछ।<br>➢ अनुदान रकमहरू उपलब्ध गराउँदा समूदायमा आधारित मातृविद्यालयहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरूको खातामा र विद्यालयमा आधारित बालबिकास केन्द्रहरू विद्यालयको खातामा निकासा दिई उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।<br>➢ सबै बालबिकास केन्द्र तथा बालबिकास कक्षा संचालन भएका विद्यालयहरूले शैक्षिक सत्रको सुरू महिनामा केन्द्र/कक्षामा अध्ययरत बालबालिका सम्बन्धि तथ्याङ्क सम्बन्धित मातृविद्यालय मार्फत एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) मा अद्यावधिक गरिने व्यवस्था मिलाइनेछ।<br>➢ सहयोगी कार्यकर्ताको पारिश्रमिक भुक्तानीका लागि पारिश्रमिक माग फाराम र सहयोगी कार्यकर्ताको हाजिरी (बालविकास केन्द्र | ➢ ☐अभिभावक शिक्षा सञ्चालन<br>➢ ☐शिक्षक क्षमता विकास तथा पुर्नताजकी तालिम<br>➢ ☐वालमहोत्सव तथा शैक्षिक सामग्री निर्माण मेला<br>➢ वालविकास शिक्षक प्रोत्साहन<br>➢ दिवा खाजा कार्यक्रम |

| | | | |
|---|---|---|---|
| | ➢ विद्यार्थी संख्याका आधारमा वालविकास शिक्षक व्यवस्थापन गर्न सकिएको छैन् । | व्यबस्थापन समिति वा मातृविद्यालयबाट हाजिरी प्रमाणित र सिफारिस अनिवार्य भएको) नगर कार्यापालिकाको शिक्षा, यूवा तथा खेलकूद शाखामा चौमासिक रूपमा पेश हुनु पर्ने व्यवस्था अनिवार्य गरिनेछ । | |

### ३.१.५ नगरपालिकाका प्रस्तावित कार्यक्रमहरु

| पूर्व प्रा.बि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान हजारमा (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | ०२४/२५ ८१/८२ | ०२५/२६ ८२/८३ | ०२६/२७ ८३/८४ | ०२७/२८ ८४/८५ | ०२८/२९ ८५/८६ | ०२४/२५ ८१/८२ | ०२५/२६ ८२/८३ | ०२६/२७ ८३/८४ | ०२७/२८ ८४/८५ | ०२८/२९ ८५/८६ |
| पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | ३५० | ३५० | ४०० | ५०० | ५०० | १ | १ | १ | १ | १ |
| Revisting the existing ECED/PPE (including the institutional schools facilities) and establishment of new ECED centers based on need identification | २०० | २०० | २०० | ३०० | ४०० | १ | १ | १ | १ | १ |
| Provision of ECED friendly WASH facility to ensure the compliance with minimum standards | २३० | २५० | ३०० | ३० | ३०० | २ | ३ | ४ | ५ | ६ |
| ७ Mid-day meal program (other regions) | ५४ | ५४ | ५४ | ५४ | ५४ | १० | १० | १० | १० | १४ |
| Implementation of the early childhood and learning standards for facilitating holistic development and learning of children | ३४० | ४५० | ५५० | ५५० | ५५० | २ | २ | २ | २ | ५ |
| Performance grant to ECED centers and teachers (based on imporvement against set standards) | ३४० | ४५० | ५५० | ५५० | ५५० | २ | २ | २ | २ | ५ |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३ | ३ | ३ | ३ | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| disable students) | | | | | | | | | | |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत बार्षिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | १५० | १५० | १५० | १५० | ३५० | २ | ३ | २ | २ | २ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | १५००० | १५००० | १५००० | १५००० | १५००० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | 0 | २५० | ३५० | ४५० | ५०० | ५ | ५ | ५ | ५ | ५ |
| ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | १५००० | १५००० | १५००० | १५००० | १५००० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | ६५० | ६५० | ६५० | ६५० | ६५० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | ३०० | ३५० | ४५० | ३०० | ३५० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| **जम्मा बजेट (लाखमा)** | **३३७६४** | **३४३०४** | **३४८०४** | **३४६८४** | **३५३५४** | | | | | |

# ३.२ आधारभूत शिक्षा

## परिचय

भजनी नगरपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-८ सम्म सञ्चालन भएका सामुदायिक २८ र संस्थागत १२ गरी जम्मा ४० वटा विद्यालयहरु रहेका छन् । यस तहमा शैक्षिक सत्र २०७७ सम्ममा सामुदायिक तर्फ छात्रा ३८२१ र छात्र ३२०२ गरी जम्मा ७०२३ विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।संस्थागत तर्फ छात्रा ८५९ र छात्र १२११ गरी जम्मा २०७० जना विद्यार्थी अध्ययनरत देखिन्छन् । यस तथ्यांक हेर्दा सामुदायिकमा छात्राको संख्या अधिक र संस्थागतमा छात्रको संख्या अधिक देखिन्छन् । यो तथ्यांकले अझै पनि शिक्षामा लैंगिक विभेद रहेको र अभिभावको मन सामुदायिक विद्यालयले जिल्न नसकेको देखिन्छ ।आधारभूत शिक्षा जग प्रारम्भिक बालविकास कक्षा हो । उक्त कक्षामा भर्ना भएका बालबालिकाहरुलाई विद्यालय शिक्षाको लागि तयारी गरेर प्रवेश गराउने वातावरण गर्नु नितान्त आवश्यक छ । यस तहमा बालबालिकाहरूमा भाषिक,तार्किक, व्यवहारिक,गणितीय, सूचना प्रविधि, समालोचनात्मक चिन्तन, जीवनोपयोगी सीप विकास गराउनु पर्ने हुन्छ तर सबै बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षाको अवसरसहित आधारभूत तहमा प्रवेश गराउनु,आधारभूत तहका सम्पूर्ण बालबालिकाहरुलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति दिनु,खुद भर्ना दर शतप्रतिशत पुर्‍याउनु, कक्षा दोहोर्‍याउने र छोड्ने दर शून्यमा झार्नु सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि गर्नु, लैङ्गिक समता कायम गर्नु, बालमैत्री वातावरण निर्माण गर्नु, पर्याप्त भौतिक पूर्वाधार विकास गर्नु,शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीकोव्यवस्था मिलाउनु, सरोकारवाला पक्षलाई जागरुक गराई सबैलाई बालबालिकाको भविष्य निर्माण साझा लक्ष्यकासाथ एकढिक्का भएर काम गर्न सक्ने वाततवरणको सिर्जना गर्नु यस नगरपालिकाका प्रमुख समस्या तथा चुनौतिका रूपमा रहेका छन् ।

भजनी नगरपालिकाको वर्तमानअवस्था केलाएर हेर्दा आधारभूत तहकक्षा १-८ खूद भर्ना दर४२.४८ प्रतिशत, कूल भर्ना दर ९१.०९प्रतिशत, प्रारम्भिक बालविकासको अनुभव सहित  कक्षा १ मा भर्ना भएका बालबालिकाको ६७.९२प्रतिशत रहेकोछ ।वर्तमान समयमा यस नगरपालिकाको आधारभूत शिक्षा यो स्थानमापुर्‍याउने विगतका योजना तथा कार्यक्रमको अमूल्य योगदान रहेको छ । यस नगरपालिकाको शैक्षिक विवरण तपसिल बमोजिम रहेको छ ।

**शिक्षण संस्थाहरूको संख्यात्मक विवरण** :

**भजनी नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको संख्यात्मक विवरण देहाए बमोजिम रहेको छ ।**

| तह | कक्षा | सामुदायिक | सँस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | बालविकास केन्द्र | ४९ | १५ | ६४ | न.पा. बाट अनुमति प्राप्त बालविकास केन्द्र १ |
| आधारभूत तह | कक्षा १-३ | ५ | ० | ५ | |
| | कक्षा १–५ | १५ | ८ | २३ | |
| | कक्षा १–८ | ८ | ५ | १३ | |
| | कक्षा १–१० | ७ | २ | ९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिक तह | कक्षा १–१२ | ४ | ० | ४ | |
| | **जम्मा विद्यालयहरु** | ३९ | १५ | ५४ | |
| उच्च तथा प्राविधिक शिक्षा तर्फ | प्राविधिक धार संचालित विद्यालय | १ | ० | १ | |
| | क्याम्पस | १ | ० | १ | |
| सामुदायिक सिकाई केन्द्र | | ३ | ० | ३ | |

**श्रोत स्थीति प्रतिबेदन**

### ३.२.१ वर्तमान अवस्था

भजनी नगरपालिकाकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस नगरपालिकामा जम्मा ५४ वटा (सामुदायिक र संस्थागत) विद्यालयहरू रहेका छन् । अर्थात ७२.२ प्रतिशत सामुदायिक रहेका छन् । सामुदायिक तर्फ आधारभूत विद्यालयहरू ७१.८ प्रतिशत छन् भने माध्यमिक विद्यालयहरू २८.२ प्रतिशत रहेका छन् त्यसैगरी कक्षा १-५ का विद्यालयको प्रतिशत आधारभूत भित्र ५१.३ प्रतिशत छ भने ६-८ का विद्यालयको प्रतिशत २०.५ प्रतिशत रहेकोछ । भजनी नगरपालिका शैक्षिक तथ्याङ्क २०८१ अनुसार ८०.१ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा रहेका छन् । समग्रमा प्रतिशत बालबालिकाहरू आधारभूत तहमा रहेका छन्।
त्यसैगरी हरेक शैक्षिक सत्रमा आधारभूत तहका विद्यार्थीहरूको सङ्ख्या सामान्य वृद्धि भएको छ । यसै गरी विद्यार्थी भर्नादरमा समेत उल्लेखनीय सुधार आएको देखिन्छ। आधारभूत तह कक्षा ८ को सिकाइ उपलब्धी (शै.स. २०८१ नतिजा अनुसार) ५५.५४ प्रतिशत हुनुले शिक्षण सिकाइको क्षेत्रमा सुधारको आवश्यकता रहेको देखिन्छ । त्यसैगरी हरेक शैक्षिक सत्रमा आधारभूत तहका विद्यार्थीहरूको सङ्ख्या सामान्य वृद्धि भएको छ। यसै गरी विद्यार्थी भर्नादरमा समेत उल्लेखनीय सुधार आएको देखिन्छ। आधारभूत तह कक्षा ८ को सिकाइ उपलब्धीमा खासै सुधार नहुनुले शिक्षण सिकाइको क्षेत्रमा सुधारको आवश्यकता रहेको देखिन्छ ।

### ३.२.२ अवसर/चुनौती

- शैक्षिक संस्थाहरूमा आधारभूत शैक्षिक पूर्वाधारहरू तथा भौतिक सिबिधा को समुचित व्यवस्थापन गर्नु,
- शैक्षिक समन्यायिकता, अभिभावक को चासो र विश्वास सहित सार्वजनिक शिक्षामा आकर्षण सहित गाउपलिका को शिक्षा को स्तर लाइ राष्ट्रिय स्तर संग प्रस्तिस्प्रधि बनाउनु,
- विद्यार्थी सङ्ख्याका आधारमा कक्षागत विषयगत रुपमा दरबन्दी मिलान तथा पुर्नवितरण,
- शैक्षिक सुशासन, उत्तरदायित्व र जवाफदेहिताको विकास गर्नु,
- व्यावहारिक बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ वातावरणको निर्माण गर्नु
- विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुलाई भर्नाका लागि अभियान संचालन गर्नु
- कक्षा छाडने दर शून्यमा झार्नु,
- विद्यालय शिक्षा क्षेत्र योजनाले अपेक्षा गरे अनुसार सिकाइ उपलब्धि वृद्धि गर्नु,
- सूचना तथा सञ्चारमा आएका नवीनतम् प्रविधिहरूलाई अवसरको रुपमा ग्रहण गर्नु ।

### ३.२.३ उद्देश्यः

- आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय आधारभूत शिक्षाको प्रत्याभूति दिलाई उच्चस्तरीय सिकाइ उपलब्धिसहित माध्यमिक शिक्षाको लागि तयारी गराउनु ।
- विविधताको सम्मान गर्दै स्वावलम्बी,उद्यमशील जीवनोपयोगी सीप र मूल्यमा आधारित शिक्षा हासिल गराउनु ।

- गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच विस्तार गरी विद्यार्थीहरूलाई सिपमूलक शिक्षातर्फ केन्द्रित गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार,उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ज्ञान, सिप,तथ्य, घटनाको अध्ययन गरी आफू बसेको ठाउँको शैक्षिक वातावरण परिष्कृत, समयानुकूल र परिवर्तन गर्न सक्ने जनशक्ति उत्पादन गर्नु ।
- उच्च शिक्षाका लागि आवश्यक योग्य, दक्ष, क्षमतावान र स्वपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।
- दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी नवीनतम् सूचना लिन र दिन साथै पेसा तथा व्यवसायमा यसको सहज प्रयोग गर्न सक्षम बनाउनु,राष्ट्र,राष्ट्रियता र लोकतान्त्रिक भावना र संस्कारको विकास गर्नु ।

### ३.२.४ रणनीति

- अभिभावक सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउँदै आधारभूत तहमा विद्यालय बाहिर बालबालिकाहरू नरहेको घोषणा गरिनेछ ।
- प्रकोप तथा जोखिम मा परेका, आर्थिक रुपमा विपन्न,दलित समूदायका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ सामग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीलाई टिकाइ राख्न दिवा खाजा कार्यक्रमलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा प्रभावकारीरूपमा कार्यन्वयन गरिनेछ ।
- कक्षा दोहोऱ्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको सङ्ख्यालाई क्रमशः न्यूनीकरण गर्न उपचारात्मक शिक्षणको माध्यम अवलम्बन गरिनेछ ।
- अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।
- प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनतम भौतिक व्यवस्था, भवन, शौचालय, खानोपानीको व्यवस्था लगायतका आवश्यक सुविधाहरू संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी थप गर्दै लगिनेछ ।
- सामान्य मर्मत संभार गरी व्यवस्थापन गर्न सकिने भौतिक व्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गरी अगाडि बढाइनेछ ।
- भौतिक निर्माणको कार्यलाई **'मेरो विद्यालय मा बनाछु '** भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइनेछ ।
- शिक्षक तथा विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिनेछ ।
- शिक्षण सुधार योजना निर्माण र पठन सहितको शिक्षणलाई अनिवार्य गरिनेछ ।
- विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई प्राथमिकता दिइ शिक्षण सिकाइ कार्य अगाडि बढाइनेछ ।
- लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई उच्च प्राथामिकता प्रदानगरिनेछ । शिक्षकले कक्षाकोठामा बिताउने समय सम्बन्धि कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।
- कक्षा ५ र कक्षा ८ मा गाउँपालिकास्तरीय स्तरीकृत परीक्षा सञ्चालन गरिनेछ ।
- नगरपालिकामा क्रमशः निश्चित मापदण्डको आधारमा हरेक वडामा एक नमूना आधारभूत विद्यालय स्थापना गरिनेछ ।

- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सीपविकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सीप केन्द्रित क्रियाकलापहरूलाई निरन्तरता गरिनेछ ।
- स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वयं सिकाइ एवं गणितीय सीप विकास गरिनेछ । सामाग्रीहरूलाई उचित व्यवस्थापन तथा प्रयोगलाई अनिवार्य गरी सोको अभिलेखीकरण गरिनेछ । प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्युटर लगायतका सुविधा बिस्तार तथा अभिवृद्धिका लागि बजेट व्यवस्थापन गरिनेछ ।
- कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि आवश्यकताका आधारमा शैक्षिक सामाग्री व्यवस्थापन शीर्षकमा अनुदानको व्यवस्था गरिनेछ ।
- कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूकालागि पठन सीप विकासका लागि गाउँपालिका स्तरीय पढाइ मेला तथाप्रतियोगिता सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ तथा विद्यालयस्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि गाउँपालिका स्तरीय सिकाइ उपलब्धी परीक्षण कार्यक्रम सञ्चालन गरी उत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान गरिनेछ ।
- कक्षा १-५ सम्मका बालबालिकाहरूका लागि पठन सीपमा आधारित सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा व्यवस्थापन सुनिश्चित गर्दै समयानूकुल जीवनोपयोगी, व्यावहारिक, गणितीय सिप सहितको अन्य विषयको शिक्षण सिकाइलाई सीप केन्द्रित क्रियाकलापहरूलाई निरन्तरता दिइनेछ ।
- जलबायु परिवर्तन को समस्यालाई प्रारम्भिक शिक्षामा अनिवार्य रुपमा राखी बिद्यालय स्थरबाट नै बालबालिका लाइ जलबायु मैत्री बानीको बिकाश गराउने छ ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- आधारभुत तहमा सबै को पहुँच सबैको शैक्षिक अधिकार सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने । अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर तथा टिकाउदरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमि आएको हुने ।

**प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | २ | १ | १ | | | ४ | ८ | |
| २ | आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषय शिक्षण अनुदान कोटा | शिक्षक | ९ | ९ | १० | १० | १२ | ५० | ५० | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | प्रतिसत | ८९.२ | ९० | ९१ | ९२ | ९३ | ९३ | १०० | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | १८ | १० | १० | ८ | ४ | ५० | ५० | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३८ | |
| ६ | शिक्षक क्षमता विकास तालिम | शिक्षक | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ६ | २६ | ३८ | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यालय | ३८ | | | | | ३८ | ३८ | |
| १० | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी | १५ | १५ | १० | ५ | ५ | ५० | ५० | |
| ११ | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रबृत्ति | विद्यार्थी | १० | २० | ३० | ५० | ६० | १७० | २०० | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | ६ | ६ | ८ | १० | ८ | ३८ | ३८ | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कन | विद्यालय | १२ | १२ | १४ | | | ३८ | ३८ | |
| १४ | आधारभूत तहको परीक्षा व्यवस्थापन | विद्यालय | २२ | ७ | | | | २९ | २९ | |
| १५ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | विव्यस, शि अ संघ का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १८ | **प्रकोप सङ्कट तथा महामारीलगायतका परिस्थितिमा उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन** | पटक | १ | | | | | १ | २ | |

## ३.२.६ आधारभुत तहका प्रस्तावित कार्यक्रम

| **आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू** (Proposed Activities for Basic Level) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **लगानीको अनुमान** (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost | **बार्षिक भौतिक लक्ष्य** (Yearly Physical Target) | | | | |
| **प्रस्तावित कार्यक्रमहरु** | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| आधारभूत तह १-५ कालागि थप वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | १५००० | १६०० | १६०० | १६०० | १६०० | | | २ | २ | ३ | ४ | ४ |
| आधारभूत तह ६-८ कालागि थप .वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | 0 | १००० | १००० | १००० | १००० | | | १ | १ | १ | १ | १ |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | **०** | १५५० | १५५० | १५५० | १५५० | | | १ | १ | १ | १ | १ |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | 0 | १२५० | १५५० | १६५० | १७५० | | | १ | १ | १ | १ | १ |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ५५० | ५५० | ५५० | ६५० | ७५० | | | १ | १ | १ | १ | १ |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | ३०० | ३०० | ३०० | ३०० | ३०० | | | ४ | ४ | ४ | ४ | ४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन,आदिका लागि) | ३५० | ३५० | ३५० | ३५० | ३५० | | | १ | १ | १ | १ | १ |
| आधारभूत तह (कक्षा १-५) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/ आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | १ | १ | १ | १ | १ |
| आधारभूत तह (कक्षा १-८) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | १ | १ | १ | १ | १ |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | १५० | ३५० | ३५० | ३५० | ३५० | | | १ | १ | १ | १ | १ |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | २१०० | २१०० | २१०० | २१०० | २१०० | | | १ | १ | १ | १ | १ |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ७५० | ७५० | ७५० | ७५० | ७५० | | | १ | १ | १ | १ | १ |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | 0 | १५५० | १६५० | १८५० | २०००० | | | १ | १ | १ | १ | १ |
| आवासीय सुबिधा सहितको छात्रवृत्ति बापतको बजेट अनुदान | | २१५० | २१५० | २४५० | २५४० | | | १ | १ | १ | १ | १ |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | १६५० | १६५० | १६५० | १६५० | १६५० | | | २ | २ | २ | २ | २ |
| बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | २५०० | २५०० | २५०० | २५०० | २५०० | | | १ | १ | १ १ | १ | १ |
| शुन्य दरबन्दी भएका बिद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | ३५० | ३५० | ३५० | ३५० | ३५० | | | १ | १ | १ | १ | १ |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | ३५० | ३५० | ३५० | ३५० | ३५० | | | १ | १ | १ | १ | १ |
| **आधारभूत तहको जम्मा बजेट (लाखमा)** | **२५०५०** | **१९३५०** | **१९७५०** | **२०४५०** | **३८८९०** | | | | | | | |

# ३.३ माध्यमिक शिक्षा

## परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गरिने हक स्थापित गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कातिर शिक्षालाई संघ,प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ । यसरी गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि संविधानले तीन तहलाई जिम्मेवार बनाउने स्पष्ट मार्गनिर्देशन गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । गुरुकुल, गोन्पा विहार, मदरसा, मुन्धुम लगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने व्यवस्था छ ।

माध्यमिक तहको सिकाइ सक्षमताहरूमा मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्द्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सदभाव र सह-अस्तित्वलाई आत्मसाथ गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह, दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग, प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदानप्रदान, व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवं ज्ञान र सिपको खोजी गरिनेछ बानीको विकास, गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग, व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग, वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग, जीवनजगत र व्यवहारसँगको सम्बन्ध बोध गरी जीवनोपयोगी सिपको प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन, स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता, प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन, वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्राविधिक सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग, श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वास साथ तयारी, प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग तथा उच्च तहमा अध्ययनको आधार विकास गरिनेछ रहेका छन्।

१५ औं योजनाले माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गरिनेछ उद्देश्य राखेको छ ।

### ३.३.१ वर्तमान अवस्था

माध्यमिक शिक्षालाइ व्यवसायिक तथा सिपमूलक बनाउनु अहिलेको आवश्यकता हो । विद्यालयमा सिकेको सिपले अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रीत हुनु पर्दछ ।विगतका योजनाहरूले प्राविधिक तथा व्यवसायिक विषयका पाठ्यक्रम निर्माण गरिए पनि उत्पादित जनशक्तिलाई कामको आधारमा परिचित गर्न नसकेको र सैद्धान्तिक ज्ञानमा मात्र सीमित राखिएको देखिन्छ । अब यस योजनाले कुन क्षेत्रमा के कस्ता र कति जनशक्ति उत्पादन गरिनेछ र तिनीहरूलाई स्वरोजगार, उद्यमशील, राष्ट्रप्रेमी कसरी बनाउने भन्ने कुरालाई हेक्का राख्नु अपरिहार्य हुन्छ । विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञानले मात्र नहुने भएकाले प्रयोगात्मक ज्ञान र सिकेको सिपको व्यवहारमा उपयोग गराउनेतर्फ यो नयाँ शिक्षा योजना सफल सिद्ध हुनेछ ।

भजनी नगरपालिकाको माध्यमिक शिक्षाको वर्तमान अवस्था हेर्दा कुल भर्ना दर १७.२१प्रतिशत, खुद भर्ना दर ४६.२६ लैङ्गिक समता सूचाङ्क १.२२ रहेको छ । यस्तो अवस्थामा माध्यमिक शिक्षामा पहुँच विस्तार गरी गुणस्तर कायम गर्नु, प्राविधिक तथा

व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्नु, बालमैत्री वातावरण स्थापना गरी गुणस्तरीय माध्यमिक शिक्षाको प्रत्याभूति दिनु,माध्यमिक शिक्षाको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार ल्याउनु, उद्यम विकास र स्वरोजगारको वातावरण सिर्जना गर्नु, प्रतिभा पलायन रोक्नु जस्ता कुराहरु प्रमुख समस्या तथा चुनौतिका रूपमा रहेका छन् ।

### ३.३.२ अवसर र चुनौतीः

- निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु
- सबै किसिमका बालबालिकालाई समतामूलक पहुँच सुनिश्चित गर्नु
- माध्यमिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई व्यवस्थित गर्नु ।
- सुचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्नु
- विषयगत दरबन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्तिको व्यवस्था गर्नु
- विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार ल्याउनु ।
- शिक्षकहरूको पेशागत वृत्ति तथा विकासलाई व्यवस्थित गर्नु ।
- विपदजन्य परिस्थितिमा सिकाइमा निरन्तरता दिनु ।
- विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउनु ।

### ३.३.३ उद्देश्यहरूः

- माध्यमिक शिक्षा सबैको पहुँचमा ल्याउनु ।
- माध्यमिक तहका विद्यार्थीहरूमा न्युनत्तम सिकाइ उपलब्धी सुनिश्चित गर्नु ।
- सिकाइ सुधारको लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

### ३.३.४ रणनीतिहरू

- जोखिममा परेका विपन्न, दलित तथा अन्य विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न सिकाइ सामग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- कक्षा दोहोऱ्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको सङ्ख्यालाई क्रमशः न्यूनीकरण गर्न उपचारात्मक शिक्षण अपनाइनेछ।
- प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनतम भौतिक व्यवस्था, भवन, शौचालय, खानोपानीको व्यवस्था गर्न प्रदेश तथा संघीय सरकारहरूसँग पनि समन्वय गरिने छ ।
- भौतिक निर्माणको कार्यलाई आफ्नो विद्यालय आफैं बनाऔं भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइनेछ।
- आन्तरिक विद्यार्थी मूल्याङ्कनको प्रयोग मार्फत मूल्याङ्कनलाई सिकाइ सुधारको औजार बनाइनेछ ।
- शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरि प्रभावकारी ढंगबाट लागुनेछ ।
- शिक्षकलाई शिक्षण सुधार योजना अनिवार्य गरिनेछ ।
- विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई शिक्षणमा प्राथमिकता दिइनेछ ।
- लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधियुक्त शिक्षण सिकाइलाई उच्च प्राथामिकता प्रदान गरिने छ ।
- शिक्षकले कक्षाकोठामा बिताउने समय सम्बन्धि कार्याविधि कार्यान्वयनमा ल्याइनेछ ।
- माध्यमिक तहमा साधारण धारको अतिरिक्त प्राविधिक तथा व्यवसायिक धारलाई समेत सञ्चालन गरिनेछ ।

- प्रत्येक बिद्यालयमा स्मार्ट बोर्ड शिक्षण का लागि आबस्यक बजेट तथा ब्यावस्थापन गरिनेछा ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार सहित सबैमा कर्ताब्याबोध हुने । निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर, टिकाउदर वृद्धि गर्ने कक्षा छोड्ने र दोहर्याउने दरमा कमि आउने ।

## प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि: शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी | पटक | १ | | | | | १ | आवश्यकता अनुसार | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | १ | ३ | १ | २ | १ | ३ | ११ | |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड कार्यान्वयन | पटक | १ | | | | | १ | २ | |
| ४ | मापदण्डअनुसार शिक्षक व्यवस्था | पटक | १ | | | २ | १ | २ | ६ | आवश्यकता अनुसार |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | भर्ना दर | ७२.९ | ७३ | ७८ | ८८ | ९८ | ९८ | १०० | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | १ | २ | ५ | ५ | २ | १५ | १५ | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | प्रतिसत | ५ | १० | १५ | २५ | ३५ | ९० | १०० | |
| ८ | शिक्षक क्षमता विकास तालिम | जना | ५ | ६ | ८ | ५ | ६ | ३० | ३७ | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण | पटक | १ | | | | | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा कार्यान्वयन | | | | | | | | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | |
| ११ | शिक्षक सहायता प्रणालीको पुनर्संरचना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ | ३५ | |
| १३ | अपाङ्ग, दलित, आर्थिक अवस्था कमजोर विद्यार्थी सहायता कार्यक्रम | संख्या | २० | २५ | ३५ | ४५ | ५० | १७५ | २०० | |
| १४ | नि: शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था | विद्यालय | ९ | | | | | ९ | ९ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | विद्यालय | २ | २ | २ | २ | १ | ९ | ९ | |
| १६ | अभिवाक,वि व्य स, शिक्षक अभिवाक संघका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | नमूना माध्यमिक विद्यालय विकास कार्यक्रम | विद्यालय | १ | | | | १ | २ | ५ | |

## ३.३.६ माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level)

| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ |
| माध्यमिक तहसम्म संचलित बिद्यालयहरूको सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | ३४४९१ | ३६२१५ | ३८०२५ | ३९९२६ | ४१९२० | ४ | ४ | ४ | ४ | ४ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ६६ | ६६ | ६६ | ६६ | ६६ | ४ | ४ | ४ | ४ | ४ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | ११८९४.५ | १२४८८ | १३११२ | १३७६७ | १४४५५ | १३ | १३ | १३ | १३ | १३ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | १२,४१३ | १२,४१३ | १५४१३ | १५४१३ | १८४२५ | १ | १ | १ | १ | १ |
| माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | २७१९ | २७१९ | २७१९ | ३०१९ | ३२०० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | २७१९ | २७१९ | २७१९ | ३०१९ | ३२०० | १ | १ | १ | १ | १ |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ६६५७ | ६६५७ | ६६५७ | ६६५७ | ६६५७ | १ | १ | १ | १ | १ |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | ८८७ | ८८७ | ८८७ | ८८७ | ८८७ | १ | १ | १ | १ | १ |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ५०० | ५०० | ५०० | ५०० | ५०० | १ | १ | १ | १ | १ |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | २५०५ | २५०५ | २५०५ | २५०५ | २५०५ | १ | १ | १ | १ | १ |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | ६६५७ | ६६५७ | ६६५७ | ६६५७ | ६६५७ | २ | २ | २ | २ | २ |
| माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | ० | १५० | १५० | १५० | १५० | १ | १ | १ | १ | १ |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | ३९६७ | ३९६७ | ३९६७ | ३९६७ | ४०६७ | १ | १ | १ | १ | १ |
| ध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | ५०० | ८०० | ९०० | १००० | १५०० | १ | १ | १ | १ | १ |
| नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | २५००० | २५००० | २५००० | २५००० | २५००० | १ | १ | १ | १ | १ |
| नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र.अ.हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन र नमूना बिद्यालय कार्यक्रम सन्चालन भएका बिद्यालयमा कार्य सम्पन्नका आधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | | २५० | ३५० | ३५० | ३५० | १ | १ | १ | १ | १ |
| सबै प्रकारका छात्रबास सन्चालन बापत बजेट अनुदान | | १००० | १००० | १००० | १००० | १००० | १ | १ | १ | १ |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | ४५०० | ५००० | ५५०० | ६००० | ६५०० | १ | १ | १ | १ | १ |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रत्ति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | १ | १ | १ | १ | १ |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | | | | | | | | | | |
| **जम्मा** | **११९६२६** | **१२४१४३** | **१३०२७७** | **१३३८८३** | **११९६२६** | | | | | |

नगरमा अनुमति पाई सञ्चालनमा रहेका विद्यालयगत विवरण २०७८

| तह | प्रकार | | जम्मा |
|---|---|---|---|
| | सामुदायिक | संस्थागत | |
| प्राबाविके/पूप्रावि | ४९ | १५ | ६४ |
| आधारभूत | २८ | १२ | ४० |
| माध्यमिक | ११ | ३ | १४ |
| क्याम्पस | १ | ० | १ |

यस नगरपालिकामा शैक्षिक सत्र २०७७ मा भर्ना भएका विद्यार्थी संख्या

| क्र.सं. | तह | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | वालविकास | 1104 | 1349 | 2453 |
| २ | आधारभूत तह ( १देखी ८ ) | 4680 | 4413 | 9093 |
| ३ | माध्यमिक तह ( ९ देखी १० ) | 935 | 701 | 1636 |
| ४ | माध्यमिक तह ( ११ देखी १२ ) | 369 | 187 | 556 |
| | जम्मा | 7088 | 6650 | 13738 |

नगरपालिकाको शिक्षक विद्यार्थी अनुपात  विद्यालय विद्यार्थी अनुपात (सामुदायिक)२०७७

| क्र.सं. | तह | विद्यार्थी संख्या | शिक्षक संख्या | विद्यालय संख्या | शिक्षक विद्यार्थी अनुपात | विद्यालय विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | वालविकास | १०८९ | ४९ | ४० (सामुदायिक बाबि ४ सहित) | २३:१ | २८:१ |
| २ | प्राथमिक तह ( १देखी ५) | ४३१४ | ११२ | ३९ | ३९:१ | ११९:१ |
| ३ | आधारभूत तह ९६देखी ८ ) | २७०९ | ३३ | १९ | ४२:१ | १४३:१ |
| ४ | आधारभूत तह ( १देखी ८ ) | ८११२ | १४५ | ३९ | ४९:१ | १८०:१ |
| ५ | माध्यमिक तह ( ९ देखी १० ) | १५५३ | २२ | ११ | ७१:१ | १४२:१ |
| ६ | माध्यमिक तह ( ११ देखी १२ ) | ५५६ | ८ | ४ | ७०:१ | १३९:१ |
| | जम्मा | १०२२१ | ३६९ | १५१ | | |

# ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

## परिचयः

शिक्षालाई उत्पादनसँग जोडी प्रयोगात्मक कार्यको माध्यमबाट ज्ञान हासिल गरी श्रम बजारमा विक्ने नागरिक उत्पादन गर्ने काम प्राविधिक शिक्षाले गर्दछ। यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ। त्यसैले पनि हाम्रो जस्तो बसी बसी खानलाई पढ्नु पर्छ भन्ने मानसिकता बोकेका समाजमा गरीखाने शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिदैन। सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारलाई उच्च प्राथमिकता राखेर स्थानीय तहसम्म यसको पहुँच विस्तार गरी सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगारीको विकास गराउन सहयोग गर्नु पर्दछ। त्यसैले प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास आजको आवश्यकता हो। प्राचीन कालदेखि नै अनौपचारिक रूपमा सिकेका सिपलाई उपयोग गर्दै व्यवसाय गरेको पाइन्छ। लिच्छवी काल, मल्लकाल तथा राणाकालमा विभिन्न कार्य गर्दै विदेशमा समेत नेपालमा उत्पादित सामग्री व्यापकता तथा तालिम लिनसमेत विदेश पठाउने कार्य गरेको थियो। राणा कालीन तथा शाहकालीन समयमा पनि कालीगडी व्यवसायले व्यापकता पाएको र वेलायतबाट कालीगडहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो। औपचारिक रूपमा स्थापित प्राविधिक तथा व्यावसिक शिक्षाको सुरूवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय हाल इन्जिनियरिङ्ग कलेजबाट भएको थियो। नेपालमा विद्यालय शिक्षालाई जीवनोपयोगी बनाउने उद्धेश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै सुरू भएको हो।

शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खाने सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरूरी छ। माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक र उद्यमशीलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी बन्न सक्ने हुनुपर्छ। अहिलेको मुलुकमा जनसङख्याको २८.६ % बहुआयामिक गरीबीको मारमा परेका छन। यसको प्रमुख कारण देशमा उपलब्ध मानव संशाधनको व्यवस्थापन र विकासका लागि योजनाबद्ध रूपमा काम हुन नसक्नुलाई लिन सकिन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताको आधारमा सिप नक्साङ्कन गरी तोकिएको मापदण्डको आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ भन्ने कुरा अघि सारेको छ। त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानकेन्द्रहरू स्थापना गरिनेछ भनि उक्त नीतिमा उल्लेख गरिएको छ। नेपालको आवधिक योजनाहरूले पनि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरुसँगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरू विस्तार गरिनेछ रणनीति लिइएको पाइन्छ। जीवनोपयोगी शिक्षा र सिपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिबृद्धि गर्ने सामाजिक तथा आर्थिक रूपान्तरणको आधारशिला मानिएको छ। राष्ट्रिय योजना आयोगले मुलुकलाई राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूको विस्तार गरी आवश्यकता भएका इन्सिच्युटहरू खोल्ने, शिक्षालय, तालिमकेन्द्रहरू स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरूमा द्धन्द्ध पीडित, सहिद परिवार, पछाडि पारिएका वर्ग, आदिवासी, जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकता राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरू सञ्चालन गर्ने कार्यक्रम राज्यले अगाडि सारेको छ।

### ३.४.१ वर्तमान अवस्थाः

नेपालको संविधान धारा-३० मा रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, धारा ५१ को ज १ मा शिक्षालाई वैज्ञानिक प्राविधिक,व्यवसायिक,सिपमूलक,रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम राष्ट्रप्रति समर्पित जनशक्ति तयार गर्ने,यस्तै शिक्षा २०२८ (संशोधनसहित) ले विद्यालय शिक्षालाई प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म परिभाषित गरी माध्यमिक शिक्षा ९-१२ मा प्राविधिक र व्यवसायिक धारको व्यवस्था गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले श्रमप्रतिको

सम्मान एवं सकारात्मक सोच भएका रोजगार तथा स्वरोजगार उन्मूख उत्पादनमुखी,उद्यमशील र सिपयुक्त नागरिक तयार गरिनेछ भन्ने उद्देश्य राखी थप एक वर्ष अवधिको प्राविधिक र व्यवसायिक धार तर्फ व्यवहारिक अभ्यास व्यवस्था गरेको छ। विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९( दोस्रो संशोधन)  कार्यमूलक, व्यवहारिक प्राविधिक तथा व्यवसायिक सिपयुक्त जनशक्ति उत्पादन गरिने कुरा उल्लेख गरिएको छ । पन्ध्रौं योजनाले पनि शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभुत गरी आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरिनेछ र  शिक्षालाई रोजगारीमूलक बनाउने सिपमुलक तथा व्यवसायिक शिक्षाको विस्तार गरी लगानीमा वृद्धि गरी प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गरिनेछ कुरामा जोड दिएको थियो

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७८ मा प्रकाशित तथ्याङ्कलाई हेर्दा केही समय यता प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूको सङख्यात्मक रूपमा निकै विस्तार भएको छ । CTEVT को केन्द्रको संरचना र ७ ओटा प्रदेश कार्यालयहरू बाहेक ६१ ओटा आङ्गिक पोलिटेक्निक्स, २० ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक्स शिक्षालयहरू, ५६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२१ ओटा सम्बन्धन प्राप्त नीजि शिक्षालयहरू र ११४० ओटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू देश भरि विस्तार गरिएका छन।

नेपालमा हाल विभिन्न १२ ओटा विषयगत मन्त्रालयहरूले प्राविधिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन । जसमध्ये पनि ६ ओटा मन्त्रालयहरू (कृषि तथा पशपन्क्षि विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा विज्ञान तथा प्रविधि र  स्वास्थ्य तथा जनसङ्ख्या  मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरूपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ ।

### ३.४.२ उद्देश्यहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्नु ।
- भजनी नगरपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नुका साथै समग्र देश विकासमा विशेष भूमिका निर्वाह गर्ने दक्ष जनशक्ति उत्पादन गर्नु ।
- श्रमप्रति सम्मान गरिनेछ ,स्वरोजगार उन्मुख जनशक्ति उत्पादन गरी यस नगरपालिकामा व्याप्त गरिबी र बेरोजगारी  कम गर्नु ।
- प्राविधिक शिक्षा तथा तालिमको अवसर वृद्धी गर्नु ।

### ३.४.३ चुनौति तथा अवरोधहरु

| चुनौति तथा अवरोधहरु | चुनौति तथा अवरोध हटाउने रणनीतिहरु |
|---|---|
| ➢ आवश्यकतानुसार प्राविधिक विद्यालयको स्थापना गर्न सकिएको छैन् ।<br>➢ विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास गर्न सकिएको छैन् ।<br>➢ आवश्यक पर्ने सामग्री तथा उपकरणको उपलव्धता र व्यवस्थापन गर्न सकिएको छैन् ।<br>➢ सञ्चालित कार्यक्रमलाई गुणस्तरीय बनाउन सकिएको छैन् ।<br>➢ सरोकारवालाहरुको सहभागिता वृद्धि गर्ने ।<br>➢ छोटो अवधीका सीपमुलक तालिम सञ्चालन । | ➢ नगरपालिकाको प्रत्येक वडामा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षा दिने शिक्षालय स्थापना गर्नमा विशेष जोड दिइनेछ ।<br>➢ विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ पहुँच विस्तार गर्न छात्रवृति प्रदान गर्नुका  साथै क्रमश साधारण शिक्षा जस्तै नि:शुल्क वनाइनेछ ।<br>➢ योग्य,दक्ष र तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षणमा नियुक्त गर्नुका साथै कार्यरतलाई आवश्यकता र मागका आधारमा |

| | |
|---|---|
| | पेशागत सिप विकास तालिम प्रदान गरिनेछ।<br>➢ प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार गर्न सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गरिनेछ।<br>➢ माग अनुसार तालिम सञ्चालन गर्न विभिन्न सरकारी तथा गैर सरकारीसंस्थाहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।<br>➢ उत्पादित बस्तु तथा सेवाको बिक्रि बितरणका लागि बजारको खोजी गर्न आवश्यक सहयोग गरिनेछ ,<br>➢ उद्यमशीलता विकास तालिम सञ्चालन गरी उद्यमीहरु उत्पादन गरिनेछ ,<br>➢ सामूहिक उत्पादन प्रणालीको विकासका लागि पहल गरिनेछ |

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलव्धी:-**

उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरुमा प्रयाप्त दक्षता हासिल गरी उत्पादनशील,रोजगारी स्वरोजगारी र जीविको पार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ।

**नतिजा**

- On-the-job training लाई उधमशीलता सँग जोडिएको हुनेछ छ।
- खोज नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धी भएको हुनेछ।
- प्रभावकारी अनुगमन र सहयोग प्रणालीको विकास सबै निकायहरूसँग समन्वय र सहकार्यको संस्कृति विकास भएको हुनेछ।
- उत्पादनशील,रोजगारी,स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ।
- भजनी नगरपालिकाबाट उत्पादित जनशक्ती दक्ष र गुणस्तरीय जनशक्ति भएको हुनेछ।
- प्राविधिक शिक्षामा सबै वर्ग, क्षेत्र र समुदायको सहभागीता वृद्धि भएको हुनेछ ।
- प्राविधिक शिक्षाको लागि उपयुक्त सुविधा सम्पन्न प्रयोगशाला तथा कक्षाकोठा निर्माण भएको हुनेछ।
- प्राविधिक शिक्षामा लगानी वृद्धि भएको हुनेछ ।
- तालिम प्राप्त प्रशिक्षक तथा शिक्षकको व्यवस्था भएको हुनेछ ।
- प्राविधिक शिक्षामा थप अन्य विधा विस्तार भएको हुनेछ ।

### प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक धारका विद्यालय स्थापना र सञ्चालन | पटक | १ | | १ | | १ | ३ | | |
| २ | प्राविधिक धार सञ्चालन भएका | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालहरूको भौतिक पूर्वाधार विकास | | | | | | | | | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | पटक | 0 | 0 | 0 | १ | ✓ | | | |
| ४ | शिक्षक व्यवस्थापन | | | | | | | | | |
| ५ | छात्रवृत्ति कार्यक्रम | | | | | | | | | |
| ६ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण र प्रवर्द्धन कार्यक्रम | जना | | | | | | | | |
| ७ | छोटा अवधिका सिपमूलक तालिम सञ्चालन | जना | १५ | १५ | १५ | १५ | १५ | ६० | | |
| ८ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी र उपयोग | बडा | | | | | | | | वडागत विवरण तयार गरिनेछ |
| ९ | आर्थिक रूपमा पछाडि परेका सिमान्तकृत, दलित अपाङ्गता, महिला जनजाति विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गरिनेछ | जना | १ | १ | १ | १ | १ | ५ | | |
| १० | प्राविधिक शिक्षा अध्ययन गरिनेछ विद्यार्थीको लागि छात्रावास निर्माण | ओटा | १ | | | | १ | | | |
| ११ | शिक्षालय तथा विद्यालयको अनुगमन र नियमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | प्राविधिक धारका विद्यालय स्थापना र सञ्चालन | | १ | 0 | 0 | २ | ३ | प्रदेश र सङघीय सरकार | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालहरूको भौतिक पूर्वाधार विकास | | ५००० | ५००० | ५००० | १ | ३ | प्रदेश र सङघीय सरकार | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | | 0 | 0 | 0 | 0 | 0 | प्रदेश र सङघीय सरकार | |
| ४ | शिक्षक व्यवस्थापन | | 0 | 0 | 0 | 0 | 0 | प्रदेश र सङघीय सरकार | |
| ५ | छात्रवृत्ति कार्यक्रम | 0 | 0 | 0 | 0 | ५ | ५ | सङघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार | |
| ६ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण र प्रवर्द्धन कार्यक्रम | 0 | 0 | 0 | १ | ४ | ६ | स्थानीय सरकार र अन्य सङघ संस्था | |

## ३.५ अनौपचारिक तथा निरन्तर शिक्षा

**परिचयः**

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गरिनेछ जीवनपर्यन्त अर्थातआजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ । साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गरिनेछ अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइकेन्द्रमार्फत साक्षरता स्वयम् सेवक परिचालन गरिनेछ नीति लिएको छ ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिनु राज्यको दायित्व हो । अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ । जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ। तर एकातिर संचालनमा रहेका सिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरु पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको देखिन्छ । राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुनेछ अवस्थामा छन् । दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गरिनेछ विषयमा नेपालले प्रतिबद्धता जाहेर गरेको छ । तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ ।

वि.सं.२००७ सालमा नेपालमा आधुनिक प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसंख्याको झन्डै २ प्रतिशत मात्रै नागरिकहरु साक्षर थिए । प्रजातन्त्रको आगमनसँगै नेपालमा शैक्षिक जागरणको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाई के कसरी अगाडि बढाउनु पर्छ भन्ने बारेमा युगानुकुल सुझाबहरु दिएको थियो। उक्तप्रतिवेदन प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरे पछि वि. सं. २०१३ सालदेखि योजनावद्ध रुपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो।

विश्व-व्यापीकरण, तीव्र सहरीकरण र बसाइसराइ, सूचना-प्रविधिको क्षेत्रमा भएको क्रान्तिले विश्वको हरेक मुलुक र समाजमा तीव्र परिवर्तनहरु भइरहेका छन्। बालबालिका र युवाको लागि मात्र हैन प्रौढ र ज्येष्ठ नागरिकका लागि पनि निरन्तर सिकिरहनेव्यवस्था र वातावरणको जरुरत पर्दछ । संयुक्त राष्ट्रसंघको युनेस्को लगायत अन्य अन्तरराष्ट्रिय संस्थाहरुले पनि दीगो विकासको लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्वकासाथ प्रस्तुत गरेका छन् । युनेस्कोले अघि सारेको परिभाषा र व्याख्या अनुसार आजीवन सिकाइको अवधारणा लोकतन्त्र, मानवीय र मानव मुक्तिको मूल्य मान्यतामा आधारित रहेको छ। सुखी र खुशी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ। हरेक उमेर समूहका मानिसहरु सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ र घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुनसक्छ।

आजीवन सिकाइ एउटा छुट्टै विधि होइन यो त समग्र शिक्षा प्रणालीलाई मार्ग निर्देशन गरिनेछ सिद्धान्त हो । बाल शिक्षा, आधारभूत शिक्षा हुदै माध्यमिकदेखि उच्च शिक्षासम्म पुग्ने क्रममा हरेक व्यक्तिलाई आजीवन कसरी सिकी रहने भन्ने ज्ञान र सीप प्रदान गर्नु जरुरी हुन्छ । त्यसैले अतिरिक्त, अनौपचारिक र औपचारिक सबै माध्यमबाट आजीवन सिकाइको अभ्यासलाई सुदृढ तुल्याउनु जरुरी छ। मानव जीवनलाई सहज, उन्नतर सुखी तुल्याउनु नै आजीवन सिकाइको मुल ध्येय हो।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुल्ला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका आपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भएपछि शिक्षा क्षेत्रको पुनःसंरचना हुँदा साविकको अनौपचारिक शिक्षा केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ। प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र सो अन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान शाखा रहे पनि उक्त शाखाको कार्यविवरणमा अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित विषय समावेश छैन। स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्यविवरणमा यस सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता प्राप्त गरेको देखिदैन । यसरी हेर्दा शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न त व्यक्तिगत रुपमा न त संस्थागत र प्राणालीगत रुपमा नै क्षमता विकास गरिनेछ विषयले महत्व पाएको देखिन्छ । विगत १ दशक भन्दा बढी अवधिदेखि साक्षरतालाई अभियानका रुपमा सञ्चालन गर्दा समेत अझै २४ जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन्। सबै युवाहरुका लागि खुल्ला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन । अनौपचारिक शिक्षा नीति र खुल्ला तथा दूर शिक्षा नीतिले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रहरुलाई अपेक्षित रुपमा सुदृढीकरण गर्न सकिएको छैन । त्यसैगरी आश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन। देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन (संरचना, लगानी, अपनत्व आदि) को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन आवधिक रुपमा शैक्षिक सर्वेक्षण गरिनेछ व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्यांकका लागि पनि राष्ट्रिय जनगणनाको प्रक्षेपणमा भर पर्नु पर्ने अवस्था रहेको छ। यस बडीकेदार गाउँपालिकामा हाल अनौपचारिक शिक्षा संचालन गर्न ४ वटा सामुदायिक सिकाइ केन्द्र संचालित भए पनि प्रभावकारी रुपमा सञ्चालनमा आउन सकेको छैन ।

### ३.५.२ अवसर र चुनौती

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।
- साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ लगायत आजीवन शिक्षा तथा समकक्षताको व्यवस्था गर्नु ।
- सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ अवश्यकत्ता सम्बोधन गर्न सक्ने बनाउनु ।
- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिनु ।
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई दैनिक व्यवहारसँग जोडनु ।
- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरुले सिकेको ज्ञान र सीपलाई रोजगारसँग जोडनु साथै सीपको प्रमाणपत्र रोजगारको अवसरसँग जोड्नु ।
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु गैर सरकारी र समुदायमा आधारित संस्थाहरुले संचालन गर्न छाड्नु ।
- साक्षर गाउँपालिका घोषणा  गर्दा साक्षर भएको जनसंख्या लगभग ९५ प्रतिशत रहेको तर उनीहरुका लागि निरन्तर शिक्षा र सीपमूलक कार्यक्रम संचालनहुन नसक्दा पुनः पुरानै अवस्था आउने सम्भावना रहनु ।
- पुरुषको तुलनामा महिला निरक्षरता दर बढी हुनु ।
- साक्षर भएकाहरु साक्षरता सीपको प्रयोग र अभ्यास नहुदा पुनः निरक्षर हुनु ।
- शैक्षिक सत्र पूरा नगरी बीचमै छाड्ने, बालबालिकाहरुको संख्या २ .५ प्रतिशत रहेको हुँदा साक्षर हुन नसक्ने र नव साक्षरको अवस्थामा रहेका व्यक्तिको संख्या अझैपनि अधिक रहनु ।

### ३.५.३ उद्देश्यहरु

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु ।
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकिकृत प्रणालीमा आधारितसंस्थागत सुदृढीकरण गर्नु ।
- बालवालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु ।
- नव साक्षरहरूलाई जीविकोपार्जनका गतिविधिहरूको सहभागितामा वृद्धि गर्नु

### ३.५.४ रणनीतिः

- सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ । यसका लागि स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालनमा ल्याउने ।
- स्थानीय सरकारको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरु परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गरिनेछ ।
- स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, ई-पुस्तकालय , सामुदायिक सूचना केन्द्र, एफ एम द्वारा सचेतना कार्यक्रम सञ्चालन र सेवा प्रवाह गरिनेछ, बहुउद्देश्यीय संयन्त्रको रुपमा सुदृदीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गरिनेछ ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ एवं सिपमूलक शिक्षाको अवसर प्राप्त हुनेछ ।

**नतिजा**

- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइ केन्द्रको रुपमा विकास हुनेछ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्यसन्चालन हुनेछ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी तथ्यांक अद्यावधिक हुनेछ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयार हुनेछ ।
- सबै नागरिकहरुका लागि साक्षरता, निरन्तर शिक्षा,जीवनपर्यन्त सिकाइ र जीवनोपयोगी सीपका अवसरहरू प्राप्त हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | संख्या | ० | १ | | | | १ | १ | वडा नं. २ मा थप |
| २ | सामुदायिक सिकाइ केन्द्रको भौतिक पूर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सहजकर्ताको क्षमता विकास | पटक | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ४ | आमा समूह गठन र परिचालन | संख्या | १० | २० | ३० | ३० | ३० | ४० | १६० | |
| ५ | गा.पा. प्रोफाइलको लागि तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | साक्षरता, साक्षरोत्तर, शिक्षा, अभिभावक शिक्षा,सिप विकास तालिम सञ्चालन | जना | १५० | १५० | १५० | १३० | १२० | ७०० | ८०० | |
| ७ | वित्तीय साक्षरता,सरसफाई, खेलकुद, डिटल साक्षरता लगातयका कार्यक्रम | जना | १५० | १५० | १५० | १३० | १२० | ७०० | ८०० | |
| ८ | विदयालय बाहिर रहेका विद्यर्थीको लागि भर्ना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Non-Formal and Continious Education) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| नगरपालिकामा  कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | ५५००० | ३००००० | १०००००० | १ | १ | १ | १ | १ | १ |
| नगरपालिका मा  कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | ० | १००००० | १५०००० | २५०००० | ३५०००० | १ | १ | १ | १ | १ |
| पालिका का सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | २५०००० | २५०००० | ३५०००० | ३५०००० | ४००००० | १ | १ | १ | १ | १ |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | १ | १ | १ | १ | १ |
| प्रत्येक वार्डमा सन्चालित सामुदायिक | ४९०००० | ४९०००० | ४९०००० | ४९०००० | ४९०००० | ३ | ३ | ३ | ३ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | | | | | | | | | |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अध्यन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | 0 | १००००० | १००००० | १००००० | १००००० | १ | १ | १ | १ | १ |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | ० | ० | ५०००० | ५०००० | १००००० | १ | १ | १ | १ | १ |
| हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | ४९०००० | ४९०००० | ४९०००० | ४९०००० | ४९०००० | २ | २ | २ | ३ | १ |
| अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | 0 | ५०००० | ५०००० | ४०००० | ५०००० | १ | २ | ३ | ४ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | 0 | १००००० | ५०००० | ५०००० | ४०००० | १ | २ | ३ | १ | १ |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | 0 | ३०००० | ३०००० | ४०००० | ५०००० | 0 | १ | २ | २ | १ |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | 0 | ३०००० | ३०००० | ४०००० | ५०००० | 0 | १ | २ | २ | १ |
| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **१७३०००** | **२६९००००** | **२५९००००** | **३४०००००** | **२६२०००१** | | | | | |

# परिच्छेद-४ अन्तर-सम्बन्धित बिषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम,पाठ्यपुस्तक र सिकाइ सामग्री

### परिचय

विद्यालय शिक्षाको योजनामा शिक्षालाई परिणाममुखी बनाउन भूमिका खेलिरहेका बिभिन्न अन्तर्सम्बन्धित विषय र क्षेत्रहरु हुन्छन् । यस्ता विषय र क्षेत्रहरुको पहिचान गरी त्यसको योगदान विद्यालय शिक्षामा प्रवाह गर्न अन्तर्सम्बन्धित विषयहरु (Cross cutting themes ) लाई शिक्षा योजनामा समावेश गर्नु बाञ्छनीय हुन्छ । नेपालको संविधानको धारा ३१ ले बालबालिकाको शिक्षा पाउने नैसर्गिक अधिकारको संरक्षण गरेको छ । सबै वर्ग क्षेत्रका बालबालिकाको सामाजिक न्यायमा पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा अत्यन्त सान्दर्भिक छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २४ ले पनि अवसरहरुको सँगसँगै उपभोग गर्ने अधिकार बोलेको छ । त्यसैले विविधताको सम्मान, समता, समानता र समावेशिताको अभिवृद्धि गरी सबैलाई हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिष्पर्धी बन्ने वातावरण दिनु आवश्यक छ

नेपालमा केन्द्रिय तहमा पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकता, परम्परा, भाषा र संस्कृति तथा जनजिविकाका अभ्यासहरुको संरक्षण र सम्बर्धन गर्न नसकिने हुँदा नेपाल सरकारले स्थानीय पाठ्यक्रम प्रारुप २०७१ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ जस्ता महत्वपुर्ण निर्देशिका तथा पाठयक्रम प्रारुपको विकास गरेकोछ। उक्त शिक्षाका दस्तावेजहरुले स्थानीय पाठ्यक्रमको आवश्यक्ता महसुस गरेको देखिन्छ। कुनै पनि योजनाको सैद्धान्तिक पक्ष जतिसुखै राम्रो भए पनि त्यसको व्यवहारिक पक्ष कम्जोर हुँदा योजनाको कुनै तुक हुदैन । स्थानीय पाठ्यक्रमले तयगरेका व्यवहारिक उद्येश्यहरु के-कति पुरा भए वा भएन भनि लेखाजोखा गर्न पाठ्यक्रमको अभिन्न अंगका रुपमा मुल्यङकनलाइ महत्वपुर्ण पाटोको रुपमा लिनुपर्दछ। मुल्याङकनको अभावमा पाठ्यक्रमले गति लिन नसक्ने हुदा मुल्याङकन र पाठ्यक्रम एउटा सिक्काको दुइवटा पाटो जस्तै हुन।

#### ४.१.१ वर्तमान अवस्था

भजनी नगरपालीका विभिन्न जातजाति र भाषा संस्कृति भएको नगर हो । लैंगिक हिसावले पनि महिलाहरु शिक्षाका क्षेत्रमा तुलनात्मक रुपले पछि परेको, विविध अपाङ्गता भएका बालबालिकाहरुको सुक्ष्म ढङ्गले पहिचान गरी उपयुक्त सिकाइ वातावरण प्रदान गर्न नसकिएको, हिंडडुल गर्न नसक्ने गरी अपाङ्ता भएका बालबालिकाका लागि बैकल्पिक सिकाइ प्रबन्ध नभएको र बिस्तारै शिक्षक नियुक्तिमा भने समावेशितालाई प्राथमिकता दिन प्रारम्भ गरिएको स्थिति हो ।

### ४.१.२ अवसर/चुनौतीहरु

- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि जनशक्ति विकास गर्नु ।
- सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु।
- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोडनु ।
- स्थानीय पाठ्यपुस्तक निर्माण गर्नमा जोड दिनु |
- परिवर्तित पाठयक्रमको बारे प्रबोधिकरण कार्यमा जोड दिनु |
- पाठयक्रम विकास गर्दा सिकरुको उमेर,क्षमता,रुची लाई आधार मान्नुपर्ने |

### ४.१.३ उद्देश्य

- लक्ष्यित समुहका बालबालिकाहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
- कुनै प्रकारको बिभेद तथा दुर्व्यवहार नहुने अवस्था सिर्जना गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहजताको वातावरण बनाउनु ।

### ४.१.४ रणनीतिहरु

- स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्यांकनमा आधारित बनाउने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउनसिकरुको उमेर,क्षमता,रुची लाई आधार मानि  विद्यालयमा आधारित स्थानीय पाठ्यक्रम विकास गरि प्रभावकारी मूल्यांकनमा जोड दिईनेछ |
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गर्ने।
- नवीनतम पाठयक्रम तथा मुल्यांकन प्रक्रिया वारे शिक्षक तथा सरोकारवालालाई तालिमको उचित ब्यबस्था गरिनेछ |
- आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गर्ने ।
- स्थानीय पाठ्यक्रमको विषय क्षेत्रमा विषयवस्तु छनौट गर्दा विषयवस्तुको क्रमलाई विचार गरी बढी उपयोगी हुने  विषयवस्तु छनौट गरिने छ। जीवनोपयोगी र व्यवहारकुशल सीप समेत विकास गर्ने गरी पाठ्यक्रम विकास गर्ने।
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गर्ने, पाठ्यक्रम पुनर्संगठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- स्थानीय भेषभुषा,चालचलन,रीतिरिवाज,सामाजिक मूल्य मान्यताको संरक्षण हुनेछ |
- पाठ्यक्रममा आधारित मूल्याङ्कन प्रक्रिया प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।
- विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ ।

#### नतिजा

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ |

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

## प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण समिति गठन | पटक | १ | | | | १ | २ | २ | |
| २ | स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला गोष्ठि सञ्चालन गरिनेछ। | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सल्लाह सुझावका लागि परामर्श बैठक आयोजना गरिनेछ। | पटक | २ | १ | ३ | १ | २ | ९ | १० | |
| ४ | **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने** (जसमा-: प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने ( | पटक | १ | १ | १ | १ | २ | ७ | ७ | |
| ५ | शिक्षक तालिम | पटक | १ | १ | | | | २ | २ | |
| ६ | शिक्षक पेसागत सहयोग | जना | २0 | ३० | २५ | २२ | १८ | | | |
| ७ | डिजिटल सामग्रीको प्रयोग | विद्यालय | ५७ | ५ | ४ | ३ | ६ | ५७ | ५७ | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | ५७ | ५ | ४ | ३ | ६ | ५७ | ५७ | |
| ९ | निःशुल्क पाठ्यपुस्तक | विद्यालय | ५७ | | | | | ५७ | ५७ | |
| १० | विपदको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीहरु विकास | पटक | | | | | | | परिस्थिति अनुसार | |

| **पाठ्यक्रम र मूल्यांकन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Curriculum and Evaluation)** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ |
| **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | ४००००० | ५५०००० | ५५०००० | ६००००० | ६००००० | १ | १ | १ | १ | १ |
| **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | १ | १ | १ | १ |
| **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | २ | २ | २ | २ | २ |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १ | १ | १ | १ |
| आधारभूत१ तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | १ | | | | |
| आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | ० | ५००००० | ५००००० | ४००००० | ५००००० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने** (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | ० | २००००० | २५०००० | ३५०००० | ३५०००० | १ | १ | १ | १ | १ |
| **जम्मा बजेट** | १३५०००० | २२००००० | २२५०००० | २३००००० | २४००००० | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### परिचय

गुणस्तरीय शिक्षा प्रवाहका लागि विभिन्न स्रोत साधनको आवश्यकता पर्छ । शैक्षिक सेवा प्रवाहका लागि चाहिने स्रोत मध्ये मानवीय स्रोत एक हो । विद्यालयमा परिवर्तनलाई सम्बोधन गर्न सक्ने शैक्षिक नेता शिक्षक हो ।शिक्षक योग्य, दक्ष,पेसाप्रति समर्पित प्रतिबद्ध, विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु पर्छ । शिक्षकमा भएको पर्यात ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप संचालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिशित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरू संचालन गरेको पाइन्छ।

अहिले शिक्षक तयार पार्ने काम विभिन्न विद्यालय तथा विश्व विद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन, अनुमति पत्रको वितरण, परीक्षा संचालन, शिक्षक पदपूर्तिको लागि परीक्षा संचालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने शिक्षकको कार्यसम्पादन मूल्याकन गर्ने काम स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम संचालन शिक्षा तालिम केन्द्रहरू गर्दै आएका छन्।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन। सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति गरिएका शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान,शिक्षण सिकाई अनुदान शिक्षक,प्राविधिक धार तर्फका शिक्षक,स्वयंसेवक, निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबाट नियुक्ति भएका शिक्षकहरूको सेवाको शर्त र सुविधाहरू पनि फरक-फरक छन् ।शिक्षकको कार्य सम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धीसँग जोड्न सकिएको छैन।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने शिक्षकहरूको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक पदको संजाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ।

### ४.२.१ वर्तमान अवस्थाः

शिक्षक सेवा आयोग नियमावली २०५७ ( संशोधन सहित ) अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनुपर्ने, बढुवाको निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिन थालिएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी अस्थायी, राहत, शिक्षण सिकाई अनुदान, प्राविधिक धार तर्फका शिक्षक,स्वयंमसेवक तथा निजी शिक्षकहरू छन् । विभिन्न किसिमका स्थायी,अस्थायी राहत, स्वयंसेवक तथा अन्य निजी शिक्षकहरुको व्यवस्थापनको लागि संघीय शिक्षा ऐन नियम, प्रदेश शिक्षा ऐन नियम तथा प्रचलित कानुन लाई आधार मानि उपर्युक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ । । यस नगरपालिकाका सामुदायिक विद्यालयको कुल स्थायी शिक्षक दरबन्दी सङ्ख्या ७५ रहेको छ । त्यस मध्ये ७ जना माध्यमिक तह (कक्षा९-१०), ९ जना

आधारभूत तह कक्षा ६-८ र १५   जना आधारभूत तह कक्षा १-५ जम्मा  ६३  जना  रहेकाछन् । पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौर तरिकाहरू छन्। शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालनमा आए । सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरूको लागि विभिन्न खालका तालिमहरूको संचालन गरिरहेको छ। त्यसै गरी स्थानीय सरकारहरूले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ । शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा बडीकेदार  गाउँपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ ।

### ४.२.२  शिक्षक उत्तरदायित्वः

आफ्नो कार्य सम्पादनप्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो। यस प्रकारको उत्तरदायित्व कानुनी र नैतिक दुबै हुन सक्छ । शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/ प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ । विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने, त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ ।

शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ । यसका अलवा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ भजनी नगर   शिक्षा ऐन २०७७  ले समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी प्रबन्धहरूको निर्धारण गरिएको छ जसबाट शिक्षक उत्तरदायी बन्नु पर्ने कानूनी आधार तयार भएको छ । तथापि यी प्रबन्धहरूको कार्यान्यनको सन्दर्भमा भने बाराम्बार प्रश्न उठ्ने गरेका छन ।

पन्ध्रौं योजनाले शिक्षकले कक्षाकोठामा विताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकलाई पेशाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक स्थानीय तह प्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाका जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ ।

### ४.२.३ शिक्षकको आपूर्ति र वितरणः

शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा व्यवस्था भए अनुसार पूर्व प्राथमिक विद्यालयमा एकजना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीनजना कक्षा ६-८ का लागि कम्तीमा चार जना माध्यमिक तह ९-१२ लागि ८ जना शिक्षकको रहने व्यवस्था छ । शिक्षा नियमावली २०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई आधार मानी शिक्षक दरवन्दी पुनर्वितरण गर्ने प्रावधान भए अनुसार हाल मुलुकभर शिक्षक दरवन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगी सकेको छ ।

तहगत रूपमा हेर्दा EMIS २०८१ अनुसार भजनी   नगरपालिका क्षेत्र भित्र ९१६  जना बालबालिका बालविकास तहमा अध्ययनरत रहेका छन भने ४९ जना बालविकास सहयोगी कार्यकर्ताहरू कार्यरत छन । जस अनुसार बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात 1 १८:६९  रहेको छ। एवम् प्रकारले आधारभूत तह (कक्षा १-८) मा जम्मा ५७२३  जना विद्यार्थी अध्ययनरत रहेका छन भने सोही तहमा कार्यरत शिक्षकको सङ्ख्या १५१   रहेकोछ। जस अनुसार कक्षा १:८  को शिक्षक विद्यार्थी अनुपात १:३७;९०  रहेको छ ।  माध्यमिक तह (कक्षा ९ र १०) मा जम्मा १०२९   विद्यार्थी अध्ययनरत रहेकोमा सोही तहमा कार्यरत शिक्षकहरूको सङ्ख्या ४३  रहेको छ । जस अनुसार माध्यमिक तह (कक्षा ९ र १०) मा शिक्षक विद्यार्थी अनुपात १:२३;९३  रहेको छ ।

उपरोक्त तथ्याङ्कमा विद्यालयबाट नियुक्त गरिएका हाल नगरपालिका स्वयंसेवक शिक्षकको नाममा न्यूनतम पारिश्रमिक भन्दा पनि कममा काम गरिरहेका नगरपालिका शिक्षकको विवरणले शिक्षक विद्यार्थी अनुपातमा फरकपन देखिन आएको छ। भजनी नगरपालिकामा सञ्चालित विद्यालयमा विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी व्यवस्थापन रहेको छ माथि प्रस्तुत गरिएको शिक्षक विद्यार्थी अनुपातलाई मनन गर्ने हो भने माध्यमिक तह कक्षा ११ र १२ मा विद्यार्थीको अनुपातमा शिक्षकको सङ्ख्या सामन रहेकोखिन्छ।

### ४.२.४ अवसर तथा चुनौतीहरु

- शिक्षक तथा कर्मचारीहरुको ब्यबस्थापन
- शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्नु।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षणविधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु।
- शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
- शिक्षक तथा कर्मचारीहरु लाई आफ्नो पेशा प्रति जवाफदेही तथा उत्तरदाही बनाउन नसक्नु |
- शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत प्रवन्ध गर्नु।
- विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा विकास गरि उत्कृष्ट लाई पुरस्कृत गर्नु |
- सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति प्रक्रिया प्रभावकारी कार्यन्वयन

### ४.२.५ उद्देश्य

- सिकाइ सुधारको लागि आवश्यक शिक्षकको व्यवस्थापन गर्नु।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु।
- विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेशागत सक्षमताको अभिवृद्धि गर्नु।
- योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु .।
- आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास र सिकाइ आदान-प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु। .

### ४.२.७ रणनीतिः

- शिक्षकको पेसागत विकासका सम्बन्धमा स्थानीय सरकारलाई थप उत्तरदायी बनाइनेछ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने।
- अनुसन्धानात्मक कार्यमा संलग्न शिक्षकहरुको दक्षता वृद्धिको लागि प्रोत्साहन मूलक कार्यक्रमहरु लागू गरिनेछ।
- शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग गरिनेछ।
- स्थानीय तहमा विषयगत शिक्षक सन्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ्ग पद्धति विकास गरिनेछ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ।
- प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ।
- शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कम अवरोध हुनेपद्धति विकास गरिनेछ।

- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाउने साथै IEMIS को सदृढीकरण गरिनेछ।

## ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:**

- दरबन्दी मिलान भइ विषयगत  कक्षागत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ।
- शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ।
- पालिका भित्रका  प्रत्येक शिक्षकहरु  सुचना तथा सञ्चार प्रविधि प्रयोगमा दक्ष भएका हुनेछन् ।

**नतिजा**

- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा एकीकृत भई प्रविधिमैत्री शिक्षा हुनेछ।
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित भएको हुनेछ।
- पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुनेछ।
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिकाहरू र कार्य सम्पादनमा सुधार हुनेछ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुनेछ। शिक्षकको विद्यालय तथा कक्षाकोठा उपस्थितिमा वृद्धि तथा शिक्षकहरूको कार्यसम्पादनमा सुधार भएको हुनेछ।

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | | १ | | | | १ | २ | |
| २ | विद्यार्थी संख्या र विषयको आधारमा दरबन्दी कायम र पुनर्वितरण गरिने | पटक | १ | | | | | १ | २ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | जना | १० | १० | १० | १० | १० | ५० | ६० | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | | १ | १ | १ | ४ | ४ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | विद्यालय | ४ | ५ | ७ | ८ | १४ | ३८ | ३८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ४८ | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | जना | १७ | २० | २० | ३० | ३५ | १२२ | १६० | |
| ८ | पुस्तकालय र पुस्तक कुना | विद्यालय | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | विद्यालय | २० | १० | ५ | ५ | ७ | १० | ५७ | |
| ११ | विज्ञान प्रयोशाला | विद्यालय | ४ | ४ | ४ | ५ | ५ | २२ | ३८ | |
| १२ | सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्य बिमा गर्ने | जना | ९ | २० | २२ | २५ | २५ | १०१ | २६० | |
| १३ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | १ | | १ | | १ | ३ | ५ | |
| १४ | ईन्टरनेट सेवाको व्यवस्था | विद्यालय | ४ | ५ | ७ | ८ | १० | ३२ | ३८ | |
| १५ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | ९ | ९ | ९ | ९ | २ | ३८ | ३८ | |
| १६ | परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | प्रतिसत | ८५ | ९० | ९५ | ९८ | १०० | १०० | १०० | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | | १ | | १ | | २ | ३ | |
| २१ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | छोटो अवधिको शिक्षक तालिम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १५९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन सम्बन्धी मापदण्ड तयार | पटक | १ | १ | १ | १ | १ | १ | ५ | |
| २६ | प्रधानाध्यापकको व्यवस्था | पटक | | १ | | | | | १ | |
| २७ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | | | | १ | २ | ३ | |

**शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Teacher Management and Training)**

| | लगानीको अनुमान हजार मा (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ |
| अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | ० | ० | १०० | १०० | १५० | ० | ० | १ | १ | १ |
| विद्यार्थी संख्या र विषयको आधारमा दरबन्दी कायम र पुनर्वितरण गरिने | ० | ० | १०० | १०० | १०० | ० | ० | १ | १ | १ |
| अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | ० | ० | १५० | १५० | १५० | १ | १ | १ | १ | १ |
| नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | १५० | १५० | १५० | १५० | १५० | १ | १ | १ | १ | १ |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | ० | ० | ५० | ५० | ५० | ० | ० | ० | १ | १ |
| उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | ० | ० | १५० | १५० | १५० | ० | ० | १ | १ | १ |
| अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | ० | ० | ५० | ५० | ५० | ० | ० | ० | १ | १ |
| पुस्तकालय र पुस्तक कुना | ५,१७३ | ५,१७३ | ५,१७३ | ५,१७३ | ५,१७३ | १ | १ | १ | १ | १ |
| बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | ० | ० | १५० | १५० | १५० | १ | १ | १ | १ | १ |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | २०० | २०० | २०० | २०० | २०० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० |
| माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | ० | ० | २५० | २५० | २५० | ० | ० | ० | १ | १ |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | ० | ० | २५० | २५० | ० | ० | ० | १ | १ |
| जम्मा | **५५२३** | **५५२३** | **६५२३** | **६७७३** | **६८२३** | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### परिचयः

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरक-फरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु, समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ। शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ। सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाजप्रति अपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरु पनि छन् । उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठीन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याइ अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अनुसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरु भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्दछन भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय वाधाहरू संरचनागत पनि सक्दछन् ।

### ४.३.१ वर्तमान अवस्थाः

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कूलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुकालागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो । अपाङ्गता भएको व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्ध सहित यो नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रुपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरुको शिक्षाको लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालबालिका तथा महिला शिक्षामा वि. सं. २०५० को दशकदेखि केही प्रोत्साहन मूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिककारणले वञ्चितीकरणमा परेको बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि वि.सं. २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र

समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले 'तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा निशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र नीति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका,छात्रा,दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ। तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा 'अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छ । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरु, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन्। यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ. पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

### ४.३.२ अवसर तथा चुनौतीहरुः

- लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठीन भौगोलिक अवस्थामा रहका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरुको शिक्षामासमतामूलक पहुँच पर्याउने ।
- सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याउने ।
- अपाङ्गता भएका, कठीन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा टिकाई राख्ने ।
- लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्ने ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री बनाउने ।

### ४.३.३ उद्देश्यहरुः

- लक्षित वर्गको सबै तहको शिक्षामा हुने पहुँचमा वृद्धि गर्नु ।
- विद्यालयमा कुनै पनि प्रकारका विभेद, भय, दुर्व्यवहार तथा त्रासमुक्त सिकाइ वातावरणको सुनिश्चतता गर्नु ।
- विद्यालयका सबै प्रकारका शैक्षणिक तथा शैक्षिक गतिविधिहरुमा समता तथा समावेशिताको कायम गर्नु ।

### ४.३. ४ रणनीतिहरुः

- स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
- सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।

- जटील भौगोलिक क्षेत्रमा बसोवास गर्ने लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रम विभिन्न नमुनाहरु समते विकास गरी पहुँच सुनिश्चित गरिने छ ।
- विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरु लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।
- आधारभूत तहमा बहु तथा मातृभाषा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने छ त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिनेछ ।
- आवश्यकतानुसार लक्षित वर्गलाई पोशाक, स्टेशनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जनागरिने छ ।
- औपचारिक विद्यालय शिक्षाबाट बञ्चितिमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पाउने हक सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरुलाई सहभागी गराइनेछ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**नतिजाहरु**

- लक्षित समूह (महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामाः रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।
- लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना हुने ।
- विद्यालयहरुमा अपाङ्ग मैत्री र लैङ्गिक मैत्री वातावरण सिर्जना हुने ।
- पाठ्यक्रम, पाठ्यसामाग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत शैक्षित प्रणालीमा अभिबृद्धि हुने ।

## ४.४ विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम

**परिचय**

बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन उनीहरुको स्वास्थ्य र पोषणको महत्वपूर्ण स्थान हुन्छ । विद्यालयमा विद्यार्थीको सङ्ख्या वृद्धि, नियमितता र टिकाउपना बढाउन पनि दिवा खाजाको महत्वपूर्ण भूमिका हुन्छ । सरसफाइ तथा स्वच्छताको अभ्यास सिकाइको एक अभिन्न अङ्ग हो । खास गरी ९/१० वर्षपछिका बालिकाहरुमा सरसफाइ तथा स्वच्छता (Menstrual hygine) अत्यन्त आवश्यक हुन्छ । नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुतासम्बन्धी कानुनले पनि बालबालिकाका यससम्बन्धी अधिकार स्थापित गरेका छन् ।

### ४.४.१ वर्तमान अवस्था

विद्यालयमा प्रारम्भिक बाल विकास र आधारभूत शिक्षामा दिवा खाजाको प्रबन्ध छ ।  दिवा खाजाका निम्ति निर्धारण गरिएको प्रतिदिन प्रति विद्यार्थी रकम अत्यन्त न्यून भएकामा पालिकाले प्रतिदिन प्रति विद्यार्थी रकम थपेर उपलब्ध गराउने गरेको छैन । खाजा

तयारी कक्ष बालबालिकामैत्री छैनन् । बस्न खान असुविधा छ । सरसफाइको स्तर पनि न्यून छ । कतिपय विद्यालयमा त स्वच्छ पिउने पानीको समेत व्यवस्था छैन । "आफूले घरबाट लगेको पानी आआफैंले खाने" भन्ने स्थिति छ ।

### ४.४.२ उद्देश्य

- खाजाका समयमा बालबालिकालाई स्वच्छ, स्वस्थ र पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- स्वास्थ्य पोषण र सरसफाइलाई जीवनउपयोगी शिक्षाको अभिन्न अङ्ग बनाई बालबालिकाको सिकाइउपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीतिहरु

- माध्यमिक तहका विद्यार्थी समेतलाई क्रमश: दिवा खाजाको प्रबन्ध गर्ने ।
- सरसफाइका लागि पर्याप्त पानी, साबुन र सेनेटाइजरको व्यवस्था मिलाई भान्सा तथा खाजा खाने ठाउँलाई सफा र स्वच्छ राख्ने ।
- किसोरीहरुका लागि Change room को व्यवस्था गर्ने ।
- प्राथमिक उपचार तथा खोप प्रवन्ध मिलाउने ।
- जुका बिरुद्धको औषधि, आइरन चक्की, फोलिक एसिड आदिको मात्रा सुनिश्चित गरी वितरण गर्ने ।
- सेनिटरी प्याडको पर्याप्तता निश्चित गरी प्रयोग भएका प्याडको डिस्पोजलको उचित व्यवस्था मिलाउने ।
- दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने र स्वादिलो भन्दा स्वस्थिलो खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजा व्यवस्थापनका लागि डाइनिङसहितको भान्सा कोठा निर्माण गर्ने ।
- दिवा खाजाका लागि आवश्यक पर्ने भाँडावर्तनको व्यवस्था गर्ने ।
- स्थानीय कृषक अभिभावकसँग स्थानीय उत्पादनसँग सम्बन्धित स्वास्थ्यवर्धक दिवा खाजा व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने ।
- नगरपालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण गरी विद्यालयमा पठाउने ।
- नगरपालिकाको शिक्षा शाखाको समन्वयमा स्वास्थ्य शाखाबाट आवश्यकताका आधारमा विद्यार्थी र शिक्षकहरुको स्वास्थ्य परीक्षण र उपचार प्रबन्ध गर्ने ।
- कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति स्वास्थ्य टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण गर्ने ।
- दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण गर्ने ।
- पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था गर्ने ।
- शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध गर्ने ।
- विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन गर्ने ।
- प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शले नेतृत्वदायी भूमिका खेल्ने

### ४.४.४ अपेक्षित उपलब्धि

बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पठनपाठनको वातावरण चुस्त, दुरुस्त, उत्साहप्रद र आनन्ददायक हुने हुँदा सिकाइ उपलब्धि उल्लेख्य रुपमा वृद्धि हुने

### नतिजा

बालबालिकाको आवधिक स्वास्थ्य अवस्था जाँच, भिटामिन, जुकाको औषधि, आइरन चक्की, सुक्ष्म पोषक तत्व तथा महिनावारीमा सेनेटरी प्याड र Changing room को व्यवस्था भइसकेको हुनेछ ।

### ४.४.५ मुख्य कार्यकलापहरु

- विद्यालय वातावरण स्वच्छ र बालबालिकाको स्वास्थ्य सरसफाइसँग सम्बन्धित ढाँचाको तयारी ।
- दिवा खाजाका लागि आवश्यक पर्ने सबै सामग्रीहरुको प्रवन्ध र स्वच्छ खाजा घरको व्यवस्था ।
- विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा स्वास्थ्य पोषण सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालनको कार्यतालिका बनाई कार्य सञ्चालन ।
- दिवा खाजाका लागि खाद्य सामग्री, सागपात तथा फलफूलको आपूर्ती गर्ने व्यक्ति वा संस्थासँग स्वस्थ्य एवं सफा प्रकृतिका खाद्य उपलब्ध गराउने बारे छलफल गरी मापदण्ड निर्धारण ।
- बालबालिको आवधिक स्वास्थ्य जाँच, जुकाको ओषधि,  सुक्ष्म पोषक तत्वको आवश्यकता पूर्ती हुने ट्याव्लेट, आइरन चक्की र फोलिक एसिडका साथै ११/१२ वर्ष पुगेका बालिकाहरुलाई प्याडको उपलब्धता र changing room को प्रबन्ध ।
- नगरपालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण र कार्यान्वयन ।
- कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण ।
- दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण ।
- नगरपालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था ।
- शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध ।
- विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन ।
- प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शको नेतृत्वदायी भूमिका

## ४.५ विद्यालय सुरक्षा विपद न्युनीकरण तथा उत्थानशिलता

## परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको

व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [ Preparedness ] आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने [response] र आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न स्थानीय सरकारहरु आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन्। बडीकेदार गाउँपालिकामा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र बजेट तथा कार्यक्रममा समावेश गरिएको छ। विशेषतः द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, भुकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड- १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा योजना (२०८१ -२०९० ) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

शिक्षा योजनाले आपतकालीन तथा संकटपूर्ण अवस्थामा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी, द्वन्द्र, विस्थापन तथा बसाइसराई जस्ता पक्षलाई समेट्नु पर्दछ। प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन अन्तर्गत बाढी, हावाहुरी,असिना, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि, खडेरी, दुर्घटना, अति चिसो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास, र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन्। त्यसै गरी महामारी अन्तर्गत झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड लगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी पर्दछन्।

## ४.५.१ वर्तमान अवस्था

हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित विद्यालयको मर्मतसम्भार, सुरक्षित निर्माण तथा प्रवलीकरणमा केन्द्रित रहने उल्लेख गरेको हुँदा भजनी नगरपालिकाको शिक्षा नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली बेइज्जती, विभेद लागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसा रहित र भय रहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने कार्य तय गरेको छ।

हरेक वर्ष बाढी आउने भजनीमा सबै वडा डुबानमा पर्ने गरेको र पालिकालाई उद्धारमा समेत समस्या हुने गरेको छ। भजनी नगरपालिका मोहना, पथरैया, कन्द्रा र काढा नदीको चपेटामा पर्ने गर्दछ। 'अहिलेसम्म धनजनको क्षतिको खबर छैन, घरमा पानी पसेकाले मानिसका लुगाकपडा, भाडाकुँडा, खाद्यान्न भिजेका, बगेकाजस्ता क्षति हुने गरेको छ बाढी बाट बिशेस गरि शिक्षा क्षेत्र बढी प्रभावित हुने गरेको छ।

आपतकालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

### ४.५.२ अवसर तथा चुनौतिहरू:

- आपतकालीन अवस्थामा शिक्षा अन्तरगत सम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बन्धित गर्ने ।
- प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ।
- अकल्पनीय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्ने ।
- संकटहरूको वर्गीकरण तथा योजना बनाउने ।
- तत्कालीन तथा दिर्घकालीन योजना बनाउने ।
- संकटकालीन शिक्षा योजना निर्माणमा सहभागी हुने ।

### ४.५.३ उद्देश्य

- विद्यालय शिक्षामा सम्भावित संकटपूर्ण अवस्थाको सामनाको लागि भौतिक,मानवीय र आर्थिक श्रोतको तयारी गर्नु ।
- संकटपूर्ण अवस्थामा पनि शिक्षण सिकाइका उचित वातावरणसिर्जना गर्नु ।

### ४.५.४ रणनीतिहरू:

- स्थानीय तह तथा विद्यालयहरूबाट संकटको मूल्याङ्कन गरी आफ्नो योजना तयार गरिनेछ ।
- विपद प्रतिरोधी भौतिक पुर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिनेछ ।
- विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकार र गैरसरकारी क्षेत्रलाई संकट रोकथाम, प्रतिकार्य रपुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ ।
- संकट व्यवस्थापनमा सरिक केन्द्रदेखि वडा तहसम्मका संयन्त्रसँग सटिक र चुस्त सम्बन्ध बनाइनेछ ।
- प्राकृतिक प्रकोप तथा जोखिम न्युनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगोविकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइनेछ ।

### ४.५.५ प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलाप:

**उपलब्धि**

आपतकालीन तथा संकटपूर्ण परिस्थतिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने।

**नतिजा**

- विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्यका योजना बन्ने ।
- पुनःउत्थानको योजना तथा क्षमता विकास हुने ।
- आवश्यक भौतिक मानवीय र आर्थिक स्रोतको व्यवस्थापन हुने ।
- महामारीको समयमा पनि स्वास्थ्य उपचार सहित सिकाइ निरन्तर हुने ।
- युद्ध, सामाजिक द्वन्द, हिंसा तथा बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ।

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

भजनी नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश माध्यमिक र आधारभुत विद्यालयहरुमा भौतिक पुर्वाधारको अभाव रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा आवश्यक संख्यामा वास(**WASH**) सहितको शौचालय र शुद्ध पिउने पानीको

व्यवस्था गर्न नसकेको अवस्था रहेको छ । सामुदायिक विद्यालयहरुमध्ये केही माध्यमिक तहको लागि विज्ञान प्रयोगशाला,**ICT** प्रयोगशाला, पुस्तकालय रहेको भएतापनि आधारभुत तहमा सो व्यवस्था रहेको पाईंदैन । नगरपालिकामा, नगरस्तरीय खेलकुद सञ्चालन गर्न खेलकुद मैदानको उचित व्यवस्थापन हुन् नसकेको अवस्था  छ |यस नगरपालिकाको धैरे जसो विद्यालयहरुमा खेलमैदानको लागि आवश्यक जमिन उपलब्ध भएता पनि  उचित व्यवस्थापन हुन् नसकेको अवस्था छ । विद्यार्थी संख्याको आधारमा केही विद्यालय समायोजन गर्नु पर्ने अवस्थामा रहेपनि भौगोलिक स्वरूपको कारण सो कार्य गर्न सकिएको छैन | कुनै विद्यालयहरुमा विद्यालय भवनको निकै अभाव रहेको छ। विद्यालयहरुमा भौतिक पक्षमा व्यापक सुधारको खाँचो छ ।

**४.६.२ अवसर र चुनौतिहरूः**

- पूर्वाधार विकासलाई गुणस्तरीय बनाउनु ।
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास तथा कार्यान्वयन गर्नु ।
- पूर्वाधार विकास स्रोतको पहिचान र व्यवस्थापन गर्नु ।
- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्री बनाउनु ।
- भौतिक पुर्वाधार निर्माणमा जवाफदेहिता र उत्तरदायित्व बोध गर्नु ।
- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
- भौगोलिक र प्राविधिक जटिलता।
- योजनाबद्ध विकास गर्नु ।
- स्थानीय तहको अधिकार र स्रोत परिचालन हुने।
- समुदायको सहभागिता बढ्ने
- सहयोगी संस्था (गैर-सरकारी संस्था (NGOs), निजी क्षेत्र, र अन्तर्राष्ट्रिय विकास साझेदार) हरु को  उपस्थिती गाराउन सकिने
- पारदर्शिता र जवाफदेहिता बढाउन सकिने।

**४.६.३  उद्देश्यः**

- गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु।
- सुरक्षित र पहुँच योग्य भौतिक पूर्वाधारको विकास गर्नु ।
- दुर्गम भेगका विद्यार्थीलाई शिक्षा प्राप्त गर्न सहज पहुँचको सुनिश्चितता।
- अपांगता भएका बालबालिका, बालिका, र पिछडिएका वर्गका लागि समावेशी र पहुँचयुक्त भौतिक संरचना निर्माण।

**क. छात्र/छात्राको उपस्थितिमा वृद्धि**

- सुविधायुक्त विद्यालय वातावरणले विद्यार्थीलाई विद्यालयतर्फ आकर्षित गर्ने ।
- विद्यालय छोड्ने दर (dropout rate) घटाउन सहयोग पुर्‍याउने।

**ख. सुरक्षित र दिगो भौतिक संरचना निर्माण**

- भूकम्प प्रतिरोधी, विपद् प्रतिरोधी, र वातावरणमैत्री भवन निर्माण ।
- विद्यालयलाई जोखिममुक्त क्षेत्र बनाउन सहयोग गर्ने।

**ग. स्वास्थ्य र सरसफाइको सुधार**

- पिउने पानी, शौचालय, र सरसफाइका लागि आवश्यक भौतिक संरचना उपलब्ध गराई विद्यार्थीको स्वास्थ्य सुधार गर्ने ।

- छात्र र छात्राका लागि अलग-अलग शौचालयको व्यवस्था।

**घ. डिजिटल र आधुनिक शिक्षाको प्रवर्द्धन**

- ICT (सूचना तथा सञ्चार प्रविधि) शिक्षाका लागि कम्प्युटर ल्याब, स्मार्ट कक्षा, र इन्टरनेटको व्यवस्था ।
- भविष्य उन्मुख शिक्षाको लागि भौतिक पूर्वाधार तयार गर्ने।

**ङ. सामुदायिक अपनत्व र सहभागिता बढाउने**

- समुदायलाई विद्यालयको विकास प्रक्रियामा सहभागी गराई उनीहरूको अपनत्वको भावना बढाउने।
- सामुदायिक स्रोतसाधनको परिचालनमार्फत विद्यालयको दिगो विकास सुनिश्चित गर्ने।

**च. सामाजिक समानता र समावेशीता प्रवर्द्धन**

- सबै वर्ग र भेगका विद्यार्थीलाई समान पहुँच दिन आवश्यक संरचना निर्माण।
- ग्रामीण र शहरी विद्यालयहरूमा भौतिक विकासको असमानता घटाउने।

**छ. स्थानीय आर्थिक विकासमा योगदान**

- विद्यालय निर्माण र व्यवस्थापन कार्यले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने।
- स्थानीय स्रोतसाधनको प्रयोगले क्षेत्रीय आर्थिक गतिविधिलाई टेवा पुऱ्याउने।

**ज. शिक्षामा दीर्घकालीन लगानीको सुनिश्चितता**

- विद्यालयको मर्मतसम्भार र सञ्चालनका लागि दीर्घकालीन संरचना र योजनाको निर्माण।
- विद्यार्थीको सिकाइ वातावरण दीर्घकालीन रूपमा प्रभावकारी बनाउन योगदान।

**झ. शिक्षाको आकर्षण र प्रतिस्पर्धा वृद्धि**

- सामुदायिक विद्यालयलाई निजी विद्यालयहरूसँग प्रतिस्पर्धी बनाउन सहयोग।
- भौतिक पूर्वाधारले विद्यालयको साख बढाउन मद्दत गर्ने।

**ञ. सरकारी नीतिहरूको कार्यान्वयन**

- शिक्षा क्षेत्रका राष्ट्रिय तथा क्षेत्रीय नीतिहरूलाई स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन गर्न सहयोग।
- विद्यालय सुधारका लागि सरकारद्वारा प्रदान गरिएका योजनाहरूलाई मूर्त रूप दिन सहयोग।

**निष्कर्ष:**

**भजनी नगर**पालिकाले यी उद्देश्यहरूलाई ध्यानमा राखेर सामुदायिक विद्यालयहरूको भौतिक विकासका रणनीति तय गर्दा शिक्षाको गुणस्तर, पहुँच, र समावेशीतामा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। यसले दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत शिक्षासम्बन्धी लक्ष्यहरू पूरा गर्न पनि टेवा पुऱ्याउँछ।

### ४.६.४ रणनीतिहरू:

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघ संस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिने विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी, शौचालय, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ ।
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिनेछ ।
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
- आंशिक रूपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिनेछ ।
- अभिभावक र सरोकारवाला संग बिद्यालयका भौतिक सम्पतिहरुको संरक्षण तथा पर्वर्धन सम्बन्धि नियमित अन्तरक्रिया गराइनेछ।

- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- जिर्ण भौतिक संरचना रहेका बिद्यालयहरुको भूकम्प प्रतिरोधी संरचना निर्माण तथा सवलिकरण जोड दिइनेछ।
- बिद्यालयको बिभिन्न भौतिक संरचनाहरुको नियमित अनुगमन गरिनेछ।

**बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू हजार मा (Proposed Activities for School Infrastructure Development and Improvement)**

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२५ /२५ | २०२५ /२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२४/२५ | २०२५ /२६ | २०२६ /२७ | २०२७ /२८ | २०२८ /२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| भजनी नगरपालिका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | १००० | १५०० | २००० | २००० | २६०० | २ | २ | २ | ३ | ३ |
| विद्यालय तथा शौचालय मर्मत र वृक्षारोपण कार्यक्रमको लागि अनुदान | १५०० | १५०० | २००० | २००० | ५००० | ३ | ४ | ७ | १० | १२ |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | ५०० | ५०० | ५०० | ८०० | १००० | ३ | ६ | ८ | १० | १२ |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण तथा मर्मत गर्ने | १००० | १००० | १००० | १००० | ३५०० | २ | ४ | ६ | ८ | १० |
| **बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **४०००** | **४५००** | **५५००** | **५८००** | **१२१००** | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिः

### परिचयः

शिक्षाको मेरुदण्डको रूपमा सूचना प्रविधि रहेको हुन्छ।सूचना सञ्चार प्रविधिको समुचित अधिकतम उपयोग गर्न सकेको खण्डमा शिक्षा समयानुकूल,गुणस्तरीय र प्रभावकारी हुन्छ।शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा रहेका सूचना सञ्चार प्रविधिको ज्ञान विश्वव्यापीकरणमा सहयोग पुर्याउने सशक्त माध्यमका रूपमा रहेको छ। आजको युगमा सूचना सञ्चार प्रविधिरहित शिक्षा दिन खोज्नु शिक्षा प्रणालीलाई विगतको शिक्षा प्रणालीमा फर्काउनु जस्तै भएकाले यस योजनाले शिक्षामा सूचना प्रविधिको प्रयोगलाई सशक्त माध्यमका रूपमा अगाडि बढाएको छ। वर्तमान COVID-19 को महामारीको समयमा विद्यालय शिक्षा निरन्तरता ठुलो चुनौति वनेर रहेको सन्दर्भमा अव हामी यस्ता महामारीलाई जित्नको लागी र शिक्षा निरन्तरताको लागी ICT मा सक्षम हुन आवश्यक देखिन्छ । हाल सम्म यस नगरपालिकाले ३९सामुदायिक विद्यालयमध्ये ११ वटा माध्यमिक र ११ वटा आधारभूत विद्यालयमा ICT कम्प्युटर ल्याबको व्यवस्था गरिसकेको छ। नेपाल टेलिकमले 4G सेवा प्रदान गरेसँगै नेटकोपहुँचमा आइसकेका र क्रमिक रूपमा Computers उपलब्ध गराउने तयारी गरिएको छ।समग्रमा यसनगरपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न देहाय बमोजिमका कार्यनीतिहरु लागु गरिनेछन् ।

### ४.७.१ वर्तमान अवस्थाः

**नेपाल सरकारले २०७७** सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति उल्लेख गरिएको छ ।उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तथार गर्ने कनेक्टिभिटी पुर्याउने तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

त्यसै गरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ ।विद्यालय क्षेत्र विकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरुमा सिकाइमा सुचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने विज्ञान,गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने पुर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरुमा सुचना प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकिकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने, र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए ।यसका अलवा प्रदेश सरकारबाट समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विशेष जोड दिदै विभिन्न विद्यालयहरुमा सुविधा सम्पन्न कम्प्युटर ल्याव स्थापना गर्ने कार्य अगाडि बढाइएको छायसका अलवा शिक्षा तालिम केन्द्रले प्रदान गर्ने शिक्षक तालिम अहिले भर्चुअल माध्यमवाट समेत सञ्चालन गर्ने गरेको छ ।

### ४.७.२ अवसरहरुः

- प्रत्येक विद्यालयमा क्रमिक रूपमा Computer Lab र Internet जडानको कार्य यथासिघ्र प्रयोगमा ल्याइनेछ ।
- Computer र Projector प्रयोबाट Audio-Video कक्षाहरु सञ्चालनमा गरिनेछ ।
- One laptop Per School Program यथासिघ्र कार्यान्वयनमा ल्याइनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आधुनिक प्रविधि जडान भएका कक्षाकोठाको व्यवस्थापनमा जोड दिइनेछ ।
- प्रत्येक विद्यालयमा e-library को व्यवस्था गरी सुदृढ सिकाइमा जोड दिइनेछ ।
- सम्भव भएसम्म सूचना सञ्चार प्रविधिको क्रमिक विस्तार गरी बालबालिकालाई किताब र कापीको भारी बोक्ने प्रवृतिको अन्त्य गरिनेछ ।
- भौतिक उपस्थिति बिना विद्यार्थीले आवश्यकतानुसार सिक्न सक्ने गरी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

- समाजमा पछि परेका वर्ग, जाति, समुदाय र शारीरिक, मानसिक वा अन्य अपाङ्ग व्यक्तिहरूलाई प्रविधिको पहुँचमा प्राथमिकता दिइनेछ।
- ज्ञान सिप आर्जन गर्न चाहने विद्यार्थीहरूका लागि मागमा आधारित प्रविधियुक्त तालिमको व्यवस्था गरिनेछ।
- लेखा व्यवस्थापनको लागि Software प्रयोग गरिनेछ ।

**४.७.३ उद्देश्यहरु**

- सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुच पुर्याउनु

**४.७.४ रणनितिहरुः**

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभुत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाइनेछ।
- विद्यालयमा रहेका सबै शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत तालिम प्रदान गरिनेछ ।गाउँपालिका तथा विद्यालयवाट छनौट तथा नियुक्त गरिने शिक्षकहरुको लागि आधारभुत सूचना तथा सञ्चार प्रविधि सीप परीक्षण अनिवार्य गरिनेछ , पाठ्क्रम तथा पाठ्यसामग्रीहरुको डिजिटलप्रति विद्यार्थीहरुलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।
- स्थानीयस्तरवाट निर्माण तथा विकसित गरिएका सुचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित शैक्षिक सामग्रीहरु एकिकरण गरी त्यसको सहज पहुँचका लागि ई-पोर्टलको व्यवस्था गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्य गरिनेछ।
- सबै विद्यालयहरुले **IEMIS** अन्तर्गतका कार्यहरुलाई समयमा नै समपन्न गर्ने गरी क्षमता विकास गरिनेछ।
- कम्प्युटर प्रयोगशाला रहेका विद्यालयहरुमा ई-पुस्तकालय सञ्चालन गरिनेछ।

**४.७.५ नतिजा,क्रियाकलाप तथा लक्ष्यः**

**उपलब्धी**

- विद्यालयमा सूचना तथासञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पुर्वाधार विकास भई सबैको पहुँच स्थापित हुने।
- विभिन्न कक्षा तथा विषयका लागि अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीकोसहज पहुँच हुने।
- सबै सामुदायिक विद्यालयहरु र विद्यार्थीहरुमा सूचना सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुग्ने।
- सबै माद्यमिक विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।
- डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिको आधारभुत पहुँच पुर्याउने।
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र सस्तो बनाउने।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामुलक बनाउने।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली ( IEMIS ) सम्बन्धी कार्य विद्यालयहरु स्वयमले समयमा नै सम्पन्न गर्ने।

- सुचना प्रविधिको प्रयोगले विद्यालय तथा नगरपालिकाको व्यवस्थापन र सुशासनमा सुधार आउने।
- अनुगमन मुल्याङ्कनतथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने।

| क्रस | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्षे) | अनुमानित बजेट (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष | | |
| १ | माध्यमिक विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था | जना | १३ | १३ | १३ | १३ | १३ | १३ | ५ | ५००० | |
| २ | सामाजिक परीक्षण | वटा | ३५ | ३५ | ३५ | ३५ | ३५ | | | 445 | |
| ३ | वार्षिक सार्वजनिक सुनुवाइ | वटा | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | 445 | |
| ४ | प्रअ तथा शिक्षक कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | १ | १ | निःशुल्क | |
| ५ | प्रअ तथा विव्यस/शिअसं व्यवस्थापकीय तालिम | जना | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १८०० | |
| ६ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विकास | वटा | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | १०० | |
| ७ | विद्यालय पदाधिकारी,शिक्षक विद्यार्थी, आचार संहिता निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | १ | निःशुल्क | |
| ८ | विद्यालय सहयोगका लागि पूर्व विद्यार्थी समाज गठन | वटा | | | | | | | | निःशुल्क | |
| ९ | वार्षिक विद्यालय कार्यसम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालय बुलेटिन प्रकाशन | पटक | १ | १ | १ | १ | १ | १ | १ | ३०० | |
| ११ | विद्यालय जग्गा दीगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | ० | ० | १ | | | | १ | निःशुल्क | |
| १२ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्डको विकास | पटक | ० | ० | १ | | | | | निसुल्क | |
| | संस्थागत संरचना निर्माण र क्षमता | निरन्तर | निरन्तर | निरन्तर | निर | निर | निर | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विकास | | | | न्तर | न्तर | न्तर | | | | |
| १४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने। | निरन्तर | निरन्तर | निरन्तर | निर न्तर | निर न्तर | निर न्तर | | | निरन्तर | |
| 15 | प्रतिवेदन तथा तथ्याङक प्रणालीको सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर | निर न्तर | निर न्तर | निर न्तर | | | निरन्तर | |
| 16 | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धती विकास गरी कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निर न्तर | निर न्तर | निर न्तर | | | निरन्तर | |

# परिच्छेद ५:अन्य उपक्षेत्र

## ५.१ छात्रवृत्ति

**परिचय**

विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालय बाहिर रहेका, आर्थिक, सामाजिक रुपले पिछडिएका वर्गलाई विद्यालय शिक्षामा पहुँच पुऱ्याउन अगाडि सारिएको उत्प्रेरणामूलक कार्य नै छात्रवृत्ति हो । जसको सहयोगले लक्षित समुदाय अर्थात गरिब, सुविधा बिहीन, अपाङ्गतथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आयभएका परिवार, सुविधा बिहीन तथा कठीन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेशनरी लगायतका सामग्रीहरू, दिवा खाजा आदि उपलब्ध हुन नसकी विद्यालयमा हुने अनुपस्थिति दर तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहसम्म अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । यसबाट विद्यालयमा विद्यार्थीको उपस्थिति दर र सक्रिय सिकाइ सहभागितामा वृद्धि भइ सिकाइ उपलब्धि दर तथा शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुग्दछ । विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने छात्रवृत्ति तथा प्रोत्साहन मूलतः गरिबी केन्द्रित हुन आवश्यक छ । यस प्रावधानले सुविधा विहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई पनि समेट्न सक्छ ।

### ५.१.१ अवसर र चुनौतिहरू

- गैर आवासिय छात्रवृत्तिको रकम ज्यादै न्युन हुनु ।
- छात्रवृत्ति वितरण गर्दा जात र लिङ्गलाई मात्र बढी महत्त्व दिनु ।
- छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
- छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु ।
- विपन्न लक्षित छात्रवृत्ती अध्यावधिकमा इन्टरनेटको समस्या ।

### ५.१.२ उद्देश्यः

- विद्यालय तहको छात्रवृत्ति वितरणलाई प्रभावकारी रूपमा कार्यान्वियन गरी बालबालिकाहरूको सहभागिता तथासिकाइमा सुधार ल्याउनु ।
- बालबालिकाहरूको गुणस्तरीय तथा प्राविधिक शिक्षामा छात्रवृत्तिको उचित प्रबन्ध गर्नु ।

### ५.१.३ रणनीतिहरूः

- लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिने छ ।
- स्थानीय तहबाट कक्षा १० का मेधावी विद्यार्थी पहिचान गरी निःशुल्क प्राविधिक तथा उच्च शिक्षाको अवसर प्रदान गरिनेछ ।

- निःशुल्क प्राविधिक उच्चशिक्षा अध्ययनको अवसर पाएका विद्यार्थीलाई अध्ययन पश्चात २ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिने छ।

### ५.१.४ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** आर्थिक अभावमा रहेका बालबालिकाहरूलाई समेत शिक्षाको अवसर प्राप्त हुने

प्रमुख नतिजाहरू

- आर्थिक रुपले पिछडिएका वर्गलाई छात्रवृत्ति प्रदान गरिने।
- लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति वितरण प्रणालीको विकास र कार्यान्वयन हुने।
- छात्रवृत्तिलाई शैक्षिक गुणस्तरसँग जोडिने।

**प्रमुख क्रियाकलापहरू र बजेट**

| क्रस | मुख्य क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्षे) | अनुमानित बजेट (हजार मा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष | | |
| १ | छात्र वृत्ती वितरणको दिन तोकी छात्रवृत्ती वितरण | विद्यार्थी सख्या | १३६३ | १३७० | १३८० | १३९० | १४०० | ६९०३ | ७०० | ३५०० | संघीय सरकार |
| २ | विद्यालय तहका बालबालिकाको सिकाइ प्रोत्साहन कार्यक्रम पहिचान र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | ५०० | |
| ३ | माध्यमिक तहमा उच्च अंक ल्याउन सफल विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती कार्यक्रम | विद्यार्थी संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १२००० | |
| ४ | विपन्न लक्षित छात्रवृत्ती कार्यक्रम प्रभावकारी बनाउन विद्यालयलाई अभिमुखीकरण | शिक्षक संख्या | ३० | | ३० | | ३० | | ३० | ४०० | |
| ५ | विपन्न लक्षित छात्रवृतिमा सबै विपन्न बालबालिकाको पहुँच सुनिश्चिता कार्यक्रम | विद्यालय संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | ५००० | |

# परिच्छेद ६ : विद्यालय सुशासन तथा व्यवस्थापन

## परिचयः

शिक्षा पद्धतिमा निर्णय तथा सो को कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुन, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरुको उचित व्यवस्थापनका लागि योजनाका उदेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानअनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य-मान्यता र दृष्टिकोणमा आएको परिर्वतनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरुलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासः

भजनी नगरपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रुपमा अगाडि बढाउन दक्ष र सक्षम जनशक्तिका साथै स्रोत साधनको आवश्यकता पर्दछ । जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले संस्थाको कार्य सम्पादनमा वृद्धि हुने गर्दछ । वर्तमान बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक छ । वर्तमान अवस्थामा भजनी नगरपालिका भरिका सबै विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । शिक्षा शाखामा शिक्षा प्रशासन ,शिक्षा सेवाका उप सचिव तहको एक जना र शिक्षा प्रशासन अधिकृत छैठौ स्थर एक जना शिक्षा सेवासहायक स्तर पाँचौ तहको एक जना गरी जम्मा ३ जनाको दरबन्दी रहेको छ । शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, पालिकास्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, गाउँ शिक्षा समिति र गाउँपालिका बीच समन्वय स्थापित गरी अवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित नै छ।

### ६.१.१ वर्तमान अवस्था

भजनी नगरपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रुपमा अगाडि बढाउन दक्ष रसक्षम जनशक्तिका साथै स्रोत साधनको आवश्यकता पर्दछ ।जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले संस्थाको कार्य सम्पादनमा वृद्धि हुने गर्दछ । वर्तमान बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक छ ।वर्तमान अवस्थामा कैलारी गाउँपालिका भरिका ३२ वटै विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि नगर कार्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित नै छ।

### ६.१.२ अवसर तथा चुनौतिहरू

- शैक्षिक व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ।
- विद्यालयका समग्र गतिविधिहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने ।
- शैक्षिक सुशासनकालागी दिगो स्रोत व्यवस्थापन गर्ने ।

### ६.१.३ उद्देश्य

- सुशासनाको लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।
- सुशासनको लागि पेशागत तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको उचित व्यवस्थापन गर्नु ।
- शैक्षिक तथा प्रशासनिक जवाफदेहिता अभिबृद्दी गरी शैक्षिक शुसासनकायम गर्नु ।

### ६.१.४ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ ।
- संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गरिने छ ।
- कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ ।
- प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति अक्ष्यक्षलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरिने छ ।
- कार्यक्रमको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने छ ।
- विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी र अभिभावकहरु विच निरन्तर समन्वय र सम्बन्ध स्थापितगरिने छ ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य

**उपलब्भि**

- शिक्षा क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- शिक्षा क्षेत्रमा कार्यरथ जनशक्तीको क्षमता अभिवृद्धी भइ जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

### ६.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रस | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्षे) | अनुमानित बजेट (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष | | |
| १ | माध्यमिक विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था | जना | १३ | १३ | १३ | १३ | १३ | | | | |
| २ | सामाजिक परीक्षण | वटा | ३९ | ३९ | ३९ | ३९ | ३९ | | | ४४५ | |
| ३ | वार्षिक सार्वजनिक सुनुवाइ | वटा | ३९ | ३९ | ३९ | ३९ | ३९ | | | ४४५ | |
| ४ | प्रअ तथा शिक्षक कार्यसम्पादन सम्झौता | पटक | ० | ३९ | ३९ | ३९ | ३९ | | | निःशुल्क | |
| ५ | प्रअ तथा विव्यस/शिअसं व्यवस्थापकीय तालिम | जना | ७८ | ७८ | ७८ | ७८ | ७८ | | | १९५ | |
| ६ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विकास | वटा | २ | ५ | ५ | ५ | ५ | | | १०० | |
| ७ | विद्यालय पदाधिकारी,शिक्षक विद्यार्थी, आचार संहिता निर्माण | पटक | १ | १ | १ | १ | १ | | | निःशुल्क | |
| ८ | विद्यालय सहयोगका लागि पूर्व विद्यार्थी समाज गठन | वटा | ० | | | | | | | निःशुल्क | |
| ९ | वार्षिक विद्यालय कार्यसम्पादन परीक्षण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | | | | |
| १० | विद्यालय बुलेटिन प्रकाशन | पटक | ० | १ | १ | १ | १ | | | ३०० | |
| ११ | विद्यालय जग्गा दीगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | ० | १ | १ | १ | १ | | | निःशुल्क | |
| १२ | आवश्यक कानुनी प्रबन्ध तथा | पटक | ० | १ | १ | १ | १ | | | निसुल्क | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मापदण्डको विकास | | | | | | | | | | |
| १३ | संस्थागत संरचना निर्माण र क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | | |
| १४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निरन्तर | |
| १५ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निरन्तर | |
| १६ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धती विकास गरी कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निरन्तर | |
| १७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्रको विकास | पटक | १ | १ | १ | १ | १ | १ | | | |

### ६.१.७ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन , समन्वय र सहजीकरण

योजनाको प्रभावकारिता योजना कार्यन्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ । यस योजनालाई कार्यन्वयन, अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालिन सोच र उद्दश्येहरू पुरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो । यस योजनाको कार्यन्वयन भजनी नगरपालिकाले गर्नेछ भने अनुगमन र मूल्याङ्कनका लागि नगरपालिकाका सवै संयन्त्र परिचालन गरिनेछ । यस योजनाको सामान्य मूल्याङ्कन, प्रगति समिक्षा वार्षिक रूपमा गरिने छ भने आवधिक मूल्याङ्कन विभिन्न समयमा गरिने छ। पाँच बर्षमा मध्यकालीन मुल्यांकन गरिनेछ भने १० बर्षे योजना समाप्त भय पछि पूर्ण कालिन मुल्यांकन गरिनेछ।

### ६.१.८ योजना कार्यान्वयनको प्रबन्ध

शिक्षा क्षेत्रका समग्र कार्यक्रमको कार्यान्वयन गर्ने गरी यो योजना कार्यान्वयनमा ल्याइने छ । नेपालको संबिधान २०७२ जारी भए संगै मुलुक संघीयतामा गएको र हरेक स्थानीय तह आफैमा अधिकार सम्पन्न बनेको सन्दर्भमा भजनी नगरपालिकाले यो दशवर्षे शिक्षा योजना तयार पारेको छ। यस योजनाको कार्यान्वयन देहायबमोजिम गरिनेछ।

- उपलव्ध आन्तरिक र बाह्य स्रोतको अधिकतम् प्रयोग गरेर यो योजना कार्यान्वयन गरिनेछ।
- प्रत्येक कार्यनीतिका लागि आवश्यक पर्ने कार्यक्रम निर्माण गरेर क्रमशः कार्यान्वयन गरिनेछ।

- देश संघीयतामा प्रवेश गरेको अवस्थामा यस नगरपालिकाको आफ्नै आम्दानी स्रोतले सबै कार्यक्रम सञ्चालन गर्न असम्भव भएकाले कार्यक्रमको निरन्तरता र थप कार्यक्रम उपलब्ध गराइ दिन संघीय र प्रदेश सरकारलाई आग्रह गरिनेछ।
- विद्यालयले कार्यान्वयन गर्नु पर्ने कामका लागि करार द्धारा विद्यालयलाई जिम्मेवार वनाइनेछ।
- शिक्षामा हाल सम्मका समस्या समाधान गर्दै विद्यालय शिक्षाको प्रत्येक तहमा पहुँच अभिवृद्धि गर्न अनिवार्य विद्यालय भर्ना र गुणस्तर सुधारका उपायहरु अवलम्बन गरिनेछ।
- प्रारम्भिक बालबिकास शिक्षाको विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- योजना तथा कार्यक्रमहरू विस्तार गर्दा समस्याका आधारमा विद्यालयहरूलाई समन्यायिक सिद्धान्तमा आधारित भइ वितरण गरिनेछ।
- शिक्षकहरूको पेसागत विकासका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
- स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको विकासमा सहयोग पुऱ्याइनेछ।
- विद्यालय व्यवस्थापन समितिलाई थप जिम्मेवार बनाई विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सक्रिय गराइनेछ।
- कक्षा ३,५, र ८ मा शिक्षाको गुणस्तर मापन गर्न उपलब्धिको मूल्याङ्कन र स्तरीकरण गरिनेछ।
- आधारभूत विद्यालयलाई शिक्षाको गुणस्तरका आधारमा नमुना आधारभूत विद्यालय सञ्चालनका कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय सुधार योजना निर्माण कार्यलाई थप प्रभावकारी बनाई निर्माण र कार्यन्वयनमा जोड दिइनेछ। यसका लागि विद्यालय सञ्चालनमा विद्यालय व्यवस्थापन समिति र अनुगमनमा शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ।
- विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न नतिजामा आधारित लगानी पद्धतिको विकास गरिनेछ।
- शिक्षाको समग्र विकासका लागि नगरशिक्षा समितिलाई थप जागरुक बनाइ विद्यालयका समस्या र उपयुक्त अवसरको खोजी गर्ने पद्धतिको विकास गरिनेछ।
- शिक्षा क्षेत्रमा नेपाल सरकार र प्रदेश सरकारका सशर्त बजेटका कार्यहरू सत्यतथ्य र तिनैसँग निकट सम्बन्ध स्थापना हुने गरी यस नगरपालिकाले योजना तथा कार्यक्रम बनाइ कार्यान्वयनमा ल्याइनेछ।
- सामुदायिक अध्ययन केन्द्रको सक्रियता बढाइ निरक्षरको संख्या शून्यमा झार्ने र प्राविधिक तथा व्यवसायिक धारका विद्यालय सञ्चालन गरी सिप विकासमा सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिने छ।
- शिक्षा, युवा तथा खेलकूद शाखाको संयोजकत्वमा योजना कार्यान्वयन समिति रहने ब्यबस्था गरिने छ।

### ६.१.९ समन्वय र सहजीकरण

योजना कार्यान्वयनका सरोकारवालाहरु विच समन्वय र जटिल अवस्थामा सहजिकरण आवश्यकता पर्दछ। योजना निर्माण पश्चात कार्यान्वयन चरणमा प्रवेश गर्छ। योजनाको प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ। योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै लागु गर्न सकिने प्रकृतिका हुन्छन् भने कतिपय कार्यक्रमहरू विभिन्न समस्याका बाबजुद कार्यान्वयनमा लैजानु पर्ने खालका हुन्छन्। योजनाको कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति रअवसरहरूको उचित निकास निकाल्न सम्बद्ध विज्ञ पक्षहरु संग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ।

मुलुक संघीयतामा प्रवेश गरेसँगै तिन तहका सरकार अस्तित्वमा छन्। तिनवटै तहका सरकारको मुख्य चासोको विषय शैक्षिक गुणस्तर सुधारमा केन्द्रित छ र रहनु पर्दछ। स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। यसै अन्तरगत औपचारिक शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समावेश गरिएका छन्। यी सबै अधिकारको पूर्णताका लागि नगरपालिका आत्मनिर्भर भई नसकेको अवस्थामा यस्तो महत्वपूर्ण  शिक्षा क्षेत्र योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुनसक्छ । यस योजनाको समन्वय र सहजीकरणमा देहायका कार्यनीति अवलम्बन गरिनेछ । संघीय सरकारबाट सञ्चालित कार्यक्रमहरुको सोही सरकारको निर्धारित मापदण्डका आधारमा र प्रदेश सरकारका कार्यक्रमहरुको सोही सरकारको मापदण्डका आधारमा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक समन्वयको व्यवस्था गरिनेछ।

- स्थानीय तहमा विज्ञता भएका जनशक्ति अभाव रहुञ्जेलसम्म संघीय र प्रदेश सरकारको जनशक्ति मार्फत कार्यक्रमको  प्रभावकारी कार्यन्वयनमा समन्वय र सहजीकरणको वातारण तयार गरिनेछ।
- विद्यालयमा कार्यक्रम कार्यान्वनमा नगरपालिकाले समयसमयमा समन्वयमा आधारित समन्वय र सहजीकरणको व्यवस्था मिलाइनेछ।
- समाजमा आर्थिक,सामाजिक, राजनीतिक कारणबाट वञ्चित व्यक्तिहरुलाई शिक्षाको मूलधारमा ल्याउन सचेत सक्षम युवाहरु परिचालन गरी कार्यक्रम कार्यन्वयनमा सहजीकरण गरिनेछ।
- शिक्षण संस्थाको कार्यक्रम सम्बद्ध सहजीकरण गर्न नगरपालिकामा शैक्षिक कार्यक्रम समन्वय र सहजीकरण समितिको गठन गरिनेछ।
- कार्यक्रम कार्यान्वयनमा गुनासो सुन्न र गुनासोको उचित समाधान गर्ने व्यवस्था मिलाइनेछ।

विद्यालयमा अनिवार्य गुनसो पेटिका राखेर विद्यार्थीका गुनासा व्यवस्थापन गर्न लागइनेछ।

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

**परिचय**

वालविकास तथा आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीयतह हरु परिपक्व हुन नसकेको परिपेक्षमा संघीय र प्रदेश सरकारले पनि पर्याप्त मात्रामा लगानी गर्दै आएका छन्। शिक्षक तलब भत्ता, भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्त सुधारका कार्यक्रमहरू, छात्रवृति,आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहका छात्राहरूका लागि स्यानिटरीप्याड, छात्रवृति, पाठ्यपुस्तक,अनौपचारिक तथा वैकल्पिक शिक्षा विद्यालय दिवाखाजा आदिमा ससर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका उदाहरणहरु हुन् । भजनीनगरपालिकाकाले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ । शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा स्वयमसेवक शिक्षक परिचालन र तिनका लागि निर्वाह खर्चको व्यवस्था, प्रधानाध्यापकहरूका लगि बैठक भत्ताको व्यवस्था, विद्यालय सहयोगी कर्मचारीका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु, माध्यमिक शिक्षा कक्षा (११-१२ ) निःशुल्क बनाउन थप अनुदान उपलब्ध गराउनु, शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुर्याउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन्। यी यस्ता अन्य कार्यक्रमहरू सञ्चालनका लागि लाग्ने लगानी र स्रोत व्यवस्थापनको खाका अनुसूची १ (क) र अनुसूची १ (ख) मा प्रस्तुत गरिएको छ।

**७.१ वर्तमान अवस्थाः**

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ ।भजनी नगरपालिकाले पनि शिक्षा क्षेत्रमा आफ्नो कुल वजेटको.............प्रतिशत अंश शिक्षामा लागानी गरेको छ। यसरी सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने महत्वपूर्ण आधार मान्न सकिन्छ।

भजनी नगरपालिकाका सामुदायिक विद्यालयमा भएको लगानी सार्वजनिक लगानी मात्र हो। शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको पाइन्छ। निजी विद्यालयमा शुल्क लगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरुमा पनि घरपरिवारको लगानी विद्यार्थीको स्टेसनरी तथा ड्रेस लगायतमा हुने गरेकोले बालवालिकाको शिक्षामा उनीहरुको उल्लेख्य लगानी भइरहेको छ । तर पनि विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानी आवश्यक देखिन्छ। त्यसैगरी दलित, महिला,
शिक्षामा गरेको लगानीको वस्तुपरक रुपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किनकी शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिदैन। फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्नसहज पनि छैन। शिक्षामा गरिने लगानी मानव संसाधन विकासका लागि गरिने लगानीका रुपमा लिइने गरेको पाइन्छ ।यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ । साक्षरता दर, विद्यालयमा भर्ना दर, उतीर्ण दर,विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रुपमा लिन सकिन्छ ।कतिपय विद्यालयहरूले विद्यालयको आर्थिक स्रोतको दिगो व्यवस्थापन गर्नका लागि विभिन्न क्रियाकलापहरू गरेको पाइन्छ ।यस्तो कार्यले विद्यालयको शैक्षिक प्रवर्द्धन गर्नका लागि मद्दत पुगेको छ। विद्यालयहरूले दरिलो आर्थिक व्यवस्थापन गर्नका लागि विभिन्न संघसंस्था तथा व्यक्तिहरूबाट दान, चन्दा लगायत अचल सम्पतिहरू ग्रहण गर्ने गरेको पाइन्छ ।शैक्षिक तथा भौतिक व्यवस्थापनका लागि समेत लगानी भएको पाइन्छ।

**७.२ अवसर तथा चुनौतीहरु**

- संघ, प्रदेश र स्थानीय तह बीचको शिक्षाको लगानी मापदण्ड र वित्तिय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागानीको लागि जिम्मेवार बनाउने।
- विद्यालयमा आवश्यक पर्ने वित्तीय स्रोत पहिचान गरी परिचालन गर्ने।
- शिक्षामा आधुनिक प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।
- विद्यार्थीको सिकाइ गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने स्रोत व्यवस्थापन गर्ने।
- आर्थिक रुपले विपन्न, सुविधाविहीन, तथा अपाङ्गता भएका बालबालिकाहरुको पहुँच र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी गर्ने।
- वित्तीय व्यवस्थापकको कार्यकुशलता बढाउन व्यक्ति र संस्थाको क्षमता विकास गर्ने।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने

**७.३ उद्देश्य**

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बिभिन्न स्रोतको प्रक्षेपण र कार्यक्रमको प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु।
- शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

**७.४ रणनीतिहरु**

संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिंदै यिनै कार्यक्रमको सङ्ख्यात्मक विरस्तारका लागि पहल गरिनेछ।

- संघीय र प्रदेश सरकारवाट प्राप्त स्रोतको अधिकतम प्रयोग गरीनेछ।
- संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारमा पहल गरिनेछ।
- भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको २०% र भजनीनगरपालिका पालिकाले २०% लगानी गर्ने प्रबन्ध मिलाइनेछ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा क्रियासिल संघ संस्थाहरू र भजनीनगरपालिकाको संयुक्त प्रयासमा सञ्चालन गरिनेछ।
- One Laptop Per school कार्यक्रम कार्यन्वयनमा ल्याउन संघीय सरकार, प्रदेश सरकार र भजनीनगरपालिकाको संयुक्त कार्यक्रम क्रमिक रूपमा विस्तार गरिनेछ।
- शिक्षकहरूको क्षमता विकासका लागि संघीय सरकारबाट सञ्चालनमा रहेका पेशागत विकास तालिमका अतिरिक्त पालिका स्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाँउस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानीमा गरिनेछ।
- शिक्षकको तलब भत्ता संघीय सरकारको शशर्त बजेटबाटै व्यवस्था गरिने छ भने नगरपालिकाले स्वयमसेवक र शिक्षक प्रोत्साहन बाफतको रकम नगरपालिकाले आफ्नो स्रोतबाट ब्यहोर्ने ब्यवस्था मिलाउनेछ।

- बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारबाट कार्यक्रम विस्तार गर्न सरकार समक्ष जोडदार माग गरिनेछ र अपुग ठाउँहरुमा नगरपालिकाले उपयुक्त पूर्वाधार सहितका बाल विकास केन्द्र सञ्चालनमा ल्याइनेछ।
- पुस्तकालय, इ-पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रेदेश सरकार मार्फत पहल गरिनेछ र सो बाट अपुग विद्ययलयहरुमा नगरपालिकाले उक्त कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रत्येक वडाहरूमा खेलमैदान तथा बाल उद्यान व्यवस्थापनका लागि नगरपालिकाबाट बजेटको व्यावस्था गरिनेछ।
- अनौपचारिक, निरन्तर र जीवनपर्यन्त शिक्षाका लागि संघीय सरकारका कार्यक्रमहरूमा नगरपालिकाको बजेटबाट थप गरी प्रभावकारी ढँगले कार्यन्वयनमा ल्याइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासका लागि यस भजनीनगरपालिकामा ३ वटा बिद्यालय संचालन गरिने छ।
- शिक्षा विकासका लागि आवश्यक पर्ने सुधारका कार्यक्रमको लागि थप आवश्यक सहयोग गर्न शिक्षा क्षेत्रमा कार्यरत संघ सस्थाहरुलाई तोकिएको क्षेत्रमा कार्य गर्न लगाइनेछ।
- विद्यालयको भौतिक सुविधा विस्तारको कार्यक्रम सञ्चालनका लागि अधिकतम जनश्रमदान परिचालन गरिनेछ।
- विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरुबीचको लागत साझेदारीमा हुनेछ यसका लागि भजनी नगरपालिकाले शिक्षा क्षेत्रमा आफ्नो स्रोतबाट थप लगानी गर्नेछ।
- सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेही बनाइनेछ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सवल।

**७.५ प्रमुख उपलब्धि**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकास आवश्यक श्रोतको व्यवस्थापन भएको हुने।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायीत्व सुदृढ भएको हुने छ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

**स्रोतको अनुमान, विश्लेषण र प्रस्तावित बजेट**

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा दुई मूलभूत प्रक्रिया बीचमा सामन्जस्य गर्ने प्रयास हुन्छ। नागरिकका अपेक्षा, संबैधानिक प्रत्याभूति, शिक्षाका नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन गर्न स्रोतको आँकलन गर्नु पर्ने हुन्छ। त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामार्थ्य के कति छ? त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ। यस प्रकार आवश्यकता र सामर्थ्य बीचमा सामन्जस्यता कायम गरी योजनाका कार्यक्रमहरु र तिनको प्राथमिकता निर्धारण गरिन्छ। यी दुई पक्षलाई आधार मानी यहाँ अनुमान र विश्लेषण गरिएको छ।

संवैधानिक प्रावधान अनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यकोरहेको छ। प्रत्येक बालबालिकालाई शिक्षाको हक हुने र प्रारम्भिक बालबिकास तथा शिक्षालाई आधारभूत शिक्षा अन्तर्गत नैआवश्यक बजेटको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ। त्यस्तै शिक्षामा सबैका पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेषगरी आर्थिक रुपले विपन्न, विभिन्न कठीन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका

बालबालिकाहरुलाई थप प्रोत्साहितगर्न आवश्यक छ । अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका अतिरिक्त अनौपारिक तथानिरन्तर शिक्षा, विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन रविकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पुर्वाधार, विपद व्यवस्थापन, दिवा खाजा लागायत विद्यालय स्वास्थ्य, पोषणतथा सरसफाइ स्वच्छता लगायतको खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ । साथै योजनाको अनुगमन तथामूल्याङ्कन तथा व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ ।उल्लेखित आवश्यकता समेतका आधारमा शिक्षा क्षेत्रका लागि आगामी ५ वर्षकालागि निम्नानुसारको स्रोतको आंकलन गरिएको छ

**क) संघीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त क्रियाकलाप | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/८१ | २०८१/०८२ | २०८२/०८३ | | |
| १ | सहयोगीकार्यकर्ता पारिश्रमिक | १२८६५००० | १३५०८२५० | १४१८३६६२ | १४८९२८४५ | १५६३७४८७ | ७१०८७२४४ | **१४२१७४४८८** |
| २ | प्रति विद्यार्थि लागत | ३७६८००० | ३७६८००० | ३७६८००० | ३७६८००० | ३७६८००० | १८८४०००० | **३७६८००००** |
| आधारभूत तह | | | | | | | | |
| १ | शिक्षक तलब भत्ता | ११८९८२००० | १२४९३११०० | १३११७७६५५ | १३७७३६५३८ | १४४६२३३६५ | ६५७४५०६५८ | **१३१४९०१३१६** |
| २ | छात्रवृत्ति | २१३१००० | २२००००० | २२००००० | २२००००० | २२००००० | १०९३१००० | **२१८६२०००** |
| ३ | विद्यालय संचालन तथाव्यवस्थापन | २७१०००० | २७१०००० | २७१०००० | २७१०००० | २७१०००० | १३५५०००० | **२७१०००००** |
| ४ | स्यानीटेरी प्याड | २५०५००० | २५०५००० | २५०५००० | २५०५००० | २५०५००० | १२५२५००० | **२५०५००००** |
| ५ | कोभीड-१९ बाट पुगेकोक्षतिको परिपुरण | ५००००० | | ० | ० | ० | ५००००० | **१००००००** |
| ६ | विद्यालयमा शैक्षिकगुणस्तर सु कार्यसम्पादन | ४९५४००० | ४९५४००० | ४९५४००० | ४९५४००० | ४९५४००० | २४७७०००० | **४९५४००००** |
| ७ | पाठ्यपुस्तक | ६६५७००० | ६६५७००० | ६६५७००० | ६६५७००० | ६६५७००० | ३३२८५००० | **६६५७००००** |
| ८ | संस्थागत क्षमता विकास | १४६१००० | १४६१००० | १४६१००० | १४६१००० | १४६१००० | ७३०५००० | **१४६१००००** |
| ९ | भवन निर्माण भौतिकनिर्माण | २२०००००० | २२०००००० | २२०००००० | २२०००००० | २२०००००० | ११०००००० | **१९८००००००** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | शैक्षिक पहुँचसुनिश्चितता | २४१८००० | २४१८००० | २४१८००० | २४१८००० | २४१८००० | १२०९०००० | **२४१८००००** |
| ११ | जम्मा | **१८७११२३५०** | **१९४०३४३१७** | **२०१३०२३८३** | **२०८९३३८५२** | **९७२३३३९०२** | **१८७११२३५०** | |

## ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्त क्रियाकलाप | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/८१ | २०८१/०८२ | २०८२/०८३ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन र सुधार | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| २ | भौतिक निर्माण | ० | १००००००० | १००००००० | १००००००० | १००००००० | ४००००००० | ८०००००००० |
| ३ | घेरवार | ० | ५०००० | ५०००० | ५०००० | ५०००० | २००००० | ४००००० |
| ४ | ल्याव व्यवस्थापन | ० | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | २६००००० | ५२०००००० |
| ५ | SEE परीक्षा केन्द्र व्यवस्थापन | ० | १००००० | १००००० | १००००० | १००००० | ४००००० | ८००००० |
| ६ | ICT Lab | ० | १०००००० | १०००००० | १०००००० | १०००००० | ४०००००० | ८०००००० |
| ७ | जम्मा | **१०००००** | **११९०००००** | **११९०००००** | **११९०००००** | **११९०००००** | **४७७०००००** | |

## ग) स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट

| **क्र.स.** | **अनुदान प्राप्त क्रियाकलाप** | | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०७८/०७९** | **२०७९/०८०** | **२०८०/८१** | **२०८१/०८२** | **२०८२/०८३** | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन र सुधार | ० | १००००० | १००००० | १००००० | १००००० | ४००००० | **८०००००** |
| २ | बालकक्षा तलब भत्ता | ४३६८००० | ४५८६४०० | ४८१५७२० | ५०५६५०६ | ५३०९३३१ | २४१३५९५७ | **४८२७१९१४** |
| ३ | सहजकर्ता तालिम | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | **१०००००००** |
| ४ | आधारभूत तह तलब | १९२५१००० | २०२१३५५० | २१२२४२२७ | २२२८५४३८ | २३३९९७१० | १०६३७३९२५ | **२१२७४७८५०** |
| ५ | जम्मा | **२३७१९०००** | **२४९९९९५०** | **२६२३९९४७** | **२७५४१९४४** | **२८९०९०४१** | **१३१४०९८८२** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| माध्यामिक तह | | | | | | | | |
| ५ | माध्यमिक तह तलब भत्ता | ४१४४००० | ४३५१२०० | ४५६८७६० | ४७९७१९८ | ५०३७०५७ | २२८९८२१५ | **४५७९६४३०** |
| ६ | विद्यालय कर्मचारी तलब | ४५५०००० | ४७७७५०० | ५०१६३७५ | ५२६७१९३ | ५५३०५५३ | २५१४१६२१ | **५०२८३२४२** |
| ७ | स्थानीय पाठ्यक्रम विकास | 0 | ० | ० | ० | ३००००० | ३००००० | ६००००० |
| ८ | सुशासन तथा संस्थागत विकास | 0 | ० | ० | ० | ० | ० | ० |
| ९ | अनुगमन | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | **१००००००** |
| १० | जम्मा | **८७९४०००** | **९२२८७००** | **९६८५१३५** | **१०१६४३९१** | **१०९६७६१०** | **४८८३९८३६** | |

# परिच्छेद-८अनुगमन तथा मूल्याङ्कन

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन् भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पूर्ननिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ। यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ। अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ।स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ।

भजनी नगरपालिकाको १० वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाई केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

## ८.१ वर्तमान अवस्था

अवलोकन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका प्रमुखको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसि कार्य प्रगति समीक्षा हुने गर्दछ। त्यसैगरी नगरपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिका भित्र रहेका विद्यालयहरुको अनुगमन र मूल्यांकन भइरहेको छ। अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुऱ्याउने प्रबन्धमा गरिएको छ।

हाल आएर स्रोतकेन्द्र/ स्रोत व्यक्ति नभएको र विद्यालय निरीक्षण गर्ने स्पष्ट जिम्मेवारी सहित विद्यालय निरीक्षकको व्यवस्था पनि नभएको अवस्था छ।

## ८.२ अवसर तथा चुनौतीहरु

- मापनयोग्य सूचकहरूको निर्धारण गरी सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्ने ।
- अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन पर्याप्त स्रोत साधनको प्रबन्ध गर्ने।
- अनुगमन तथा मूल्याङ्कन कार्यमा सूचना तथा प्रविधिको उपयोग गर्ने।
- क्षेत्राधिकार सहितको स्पष्ट अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने।
- पालिकाभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम अनुगमन गर्ने।

- स्थानीय स्तरमा विज्ञ समुह गठन गरी उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी गर्ने
- विद्यालय अनुगमन तथा मुल्यांकन कार्यमा शिक्षा क्षेत्रका साझेदार संघसंस्थाहरु,विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ लाई उत्प्रेरित गर्ने |

**८.३ उद्देश्यहरु**

- स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु
- योजनाको निर्माण देखि प्रयोग तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

**८.४ रणनीतिहरु**

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- यस शिक्षा क्षेत्र योजना कार्यन्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्न नगर शिक्षा समिति रहनेछ। यस समितिद्वारा आवश्यकता अनुसार विज्ञ व्यक्ति वा समूह परिचालन गरिनेछ ।
- विद्यालय अनुगमन सम्वन्धमा सरोकारवाला पक्षको क्षमता विकास गरिनेछ ।
- शिक्षा, युवा तथा खेलकुद शाखाले योजना अनुगमन मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई प्रविधिक सहयोग उपलब्ध गराइनेछ।
- प्रत्येक विद्यालयका व्यवस्थापन समितिले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा कार्यक्रम कार्यन्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न नगरपालिकामा विशेष समिति रहनेछ। उक्त समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौती मूल्याङ्कन गरी नगर शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालय शिक्षा क्षेत्र योजनामा राखिएका अपेक्षाका आधारमा योजना तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिनेछ ।
- समग्र शैक्षिक कार्यक्रमको अध्ययन विशलेषण गर्न शिक्षा अधिकृतको संयोजकत्वमा एक शिक्षा अनुसन्धान समिति गठन गरिने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिनेछ।
- प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा जिम्मेवार बनाइनेछ।
- प्रधानाध्यापकवाट कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण उपलव्ध गराउने व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।
- विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा नगरपालिका भरी एकरूपता कायम गरिनेछ। कक्षा ३ ,५ र ८ को लागि नगरपालिका भरी एउटै प्रश्नपत्रको व्यवस्था गरिनेछ । साथै परीक्षाको मर्यादा कायम राख्न अनुगमन समितिको व्यवस्था गरिनेछ ।

- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टोफोलियो, प्रतिविद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यन्वयनमा जोड दिइनेछ।
- शैक्षिक अनुसन्धान गरी अभिभावक र विद्यार्थी सन्तुष्टि मापन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- सामुदायिक विद्यालय प्रतिको अभिभावकको आम धारणा परिवर्तन गर्न गुणस्तर सुधार कार्यक्रम लागु गरिनेछ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारीताकासाथ अनिवार्य रूपमा कार्यान्वयनमा ल्याइनेछ।

## ८.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि तथा नतिजा

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।
- सूचकमा आधारित अनुगमन प्रणाली लागु हुने।
- अनुगमनका आधारमा नतिजा सुधार हुने।
- अनुगमन तथा मूल्याङ्कनकालागी संस्थागत संरचना तथा क्षमता विकास हुने।
- विद्यार्थी उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित गरी त्यसका नतिजाका आधारमा थप सुधार गर्ने प्रणाली विकास हुने।

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.स | क्रियाकलाप | एकाइ | लक्ष्य | | | | | | बाँकि ५ वर्षको लक्ष्य | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एकिकृत शैक्षिक अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | १५ | ३२ विद्यालयमा | |
| २ | अनुगमन तथा मुल्याङकन मार्गदर्शनको निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | नतिजाका आधारमा अनुगमन सूचकहरु तयारी र अद्यावधिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ३२ विद्यालयमा | |
| ४ | वार्षिक तथा चौमासिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३२ विद्यालय | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिवेदन | | | | | | | | | |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३२ वटा विद्यालय | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० पटक | |
| ७ | वडास्तरीय अनुगमन प्रणालीको विकास तथा कार्यान्वयन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३२ वटा विद्यालय | |
| ८ | विद्यालयहरुको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | नियमित रुपमा अनुगमन मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३२ वटा विद्यालय | |
| | जम्मा लाखमा रु - ५ लाख | | | | | | | | | |

**सन्दर्भ सामग्रीहरु**

*शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७०र ८१  स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०८१ ।*

*स्थीति प्रतिबेदन २०८१/८१*

*शिक्षा पास्वरचित्र २०७७*

*भजनी नगरपालिका शिक्षा  योजना (२०७७ ),*

*सुदुरपस्चिम प्रदेश शिक्षा क्षेत्र योजना सुदुरपस्चिम प्रदेश*

*भजनी नगरपालिका  बार्षिक बजेट पुस्तिका*

*भजनी नगरपालिका  स्थानीय पाठ्यक्रम*

*पाठ्यक्रम विकास केन्द्र (२०७८), राष्ट्रिय शिक्षा पाठ्यक्रम प्रारुप । भक्तपुरस् लेखक ।*

*नेपाल सरकार (२०७२), नेपालको संविधान ।*

*नेपाल सरकार शिक्षा ऐन २०२८*

*शिक्षा नियमावली संशोधन २०५७*

*नेपाल सरकार (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५*

*IEMS डाटा २०८१*

*शिक्षा तथा मानव श्रोत विकासकेन्द्र शिक्षा विकास निर्देशनालय*

*शिक्षा तथा समन्वय ईकाइ*

(आ.व.२०८१/०८२ भजनी नगर कार्यपालिकाको बैठक संख्या १३)

आज मिति २०८२ साल बैशाख ९ गते मंगलबारका दिन बिहान ११:१५ बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी शत्रुघन चौधरी | कार्यपालिका सदस्य / डा.पा. वडा अध्यक्ष | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिका सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री भन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री नीलमकुमार न्यौपाने | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

श्री चन्द्र देव भट्ट अधिकृत छैटौं

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा भजनी नगरपालिकाको १० वर्षे वृहत अध्यावधिक शैक्षिक योजना UNICEF नेपालको आर्थिक सहयोग तथा CDC डोटीको प्राविधिक सहयोगमा अध्यावधिक गरिएको शैक्षिक योजना स्विकृत गर्ने निर्णय गरियो ।